# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २६ असार २०८०
# मङ्गलवार
# बैठक सङ्ख्या- २६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय गोमा देवी तिमल्सिना ।

(११:०४ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म थोरै कुराहरू राख्न चाहन्छु । यो बाढी पहिरोको कारणले धेरै ठाउँमा धनजनको क्षति भएको छ । अहिले यो यहाँ यो हामीलाई सडक अवरूद्ध भएर धेरै मान्छेहरू अलपत्र परेका मुग्लिन नारायणगढ सडक खण्ड सबै माथिबाट पहिरो, कहिले सुखा पहिरो कहिले बाढीको पानीको पहिरो खसेर धेरै मान्छेहरूलाई अस्तव्यस्त बनाएको छ । यसको बारेमा छिटोभन्दा छिटो समयमा नै यो वर्षौंदेखि भइराखेको

कुरा भ'को हुनाले समयमै सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय तुल प्रसाद विश्वकर्मा ।

**(११:०५ बजे)** **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो केही दिनअगाडि यो जुम्लाको चाहिने मुकुन्द नेपाली र बसन्ती देवी बिचको प्रेम विवाहको सम्बन्धलाई लिएर उनको दाजुले मुकुन्द नेपालीको घरमा आगजनी गरेको कुरा चाहिने आएको छ । त्यसै गरी दाङमा, दाङ घोराहीमा दुई जना विद्यार्थीहरू, दलित विद्यार्थीहरू पढ्न बसेका उनीहरूलाई जात थाहा पाएपछि डेराबाट निकाल्ने काम भएको छ । त्यसै गरी बाँकेको बैजनाथ गाउँपालिकामा त्यहाँ चाहीँ धनकली सुनारलाई छिमेकी चाहिने भुवन बुढाले सामान्य विवादमा चाहिने अपशब्द प्रयोग गरेर उहाँलाई हातपात गर्ने काम भएको छ । र यस प्रकारका देशव्यापी रूपमा घटिरहेका दलितहरूमाथिको उत्पीडन र हिंसाका घटनाहरूप्रति सरकारको ध्यान जाओस् र पीडित पक्षले प्रत्यक्ष अनुभूत गर्ने किसिमले सरकारले चाहिने न्याय निरूपण गरोस् भन्ने कुराको चाहिने माग राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय दुर्गा गुरुङ्ग ।

**(११:०६ बजे)** **<u>माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, अहिले कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर, सुर्खेत मनसुन वर्षाले लछप्पै भिजेको छ । तर जनताको तिर्खाएको घाँटी भिज्न पाएको छैन । धारामा एक हप्ता पानी आउँदैन । सुर्खेत उपत्यका खानेपानी उपभोक्ता समिति जनतालाई पानी खुवाउने होइन आफ्नो पार्टीका कार्यकर्तालाई जागिर खुवाउन व्यस्त छन् । जनताको गुनासो छ, जनताको जीवन बचाउन अनुरोध गर्दछु ।

अर्कोतर्फ भेरी नदीको पानी लिफ्ट प्रविधिबाट ल्याई सुर्खेत उपत्यकाका जनतालाई पानी खुवाउने भनेको धेरै भइसक्यो । काँग्रेस नेतृत्वको सरकार भएको बेलामा काँग्रेसकै तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूको पहलमा अघि बढाउने भनिएको यो परियोजना निर्माण तत्काल सुरु गरी समयमै पूरा गर्न जोड्दार माग गर्दछु । हवस्त, धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र ।

(११:०७ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, शक्तिखत्रौलामा क्वारेन्टाइनको व्यवस्था नभएर जनतालाई दुःख भएको छ । अब समयमा मलको पर्याप्त व्यवस्था हुन सकेको छैन । भारतबाट एक/दुई बोरा मल लिएर आउने किसानहरूको मल पक्डिन्छ । ट्रकका ट्रक पनि पास हुन्छ भन्छन् हैं। त्यो पक्डेको मलाई थाहा छैन । साथसाथै कैलाली जिल्लाको पूर्वी भेगमा अहिले पानी पर्न सकेको छैन । कुलो नलाग्ने ठाउँमा बोरिङ्गहरू पनि सुकेका छन् । जनताहरू दुःखमा छन् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण प्रसाद दहाल ।

(११:०७ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, १५ असारपछि किसानहरूको धान रोप्ने चटारो हुन्छ, त्यो समय हो । तर विडम्बना भन्नुपर्छ २०२६ सालमा नेपालकै उत्कृष्ट भनेर चिनिएको खगेरी सिँचाइ योजना अहिले एक ढङ्गले त्यहाँ पानी नभएर किसानहरूको धान रोपाइ रोकिएको छ । त्यस्तै चितवनको नारायणी नदीको लिफ्ट सिँचाइ योजना पनि टोटल बन्द छ । अहिले श्रावणको १५ सम्म त्यो रोपिसक्नुपर्ने चितवनका खेतहरू अहिले बाँझो छ, बिउ सुकेको छ । त्यसकारण यतातिर चाहिँ सरकारको विशेष ध्यान जाओस् भन्ने म ध्यानकर्षण गराउन चाहन्छु ।

त्यस्तै सम्माननीय अध्यक्ष महोदय, यो मुग्लिन नारायणघाट सडक खण्ड हजारौं सवारी साधनहरू, हजारौं मतलब यात्रीहरूले दुःख पाएका छन् । कुन दिन, कुन बेला, कहाँ, के हुन्छ भन्ने टुङ्गो छैन । त्यस्तै केराबारी भन्ने ठाउँमा गत वर्ष पनि हप्तौ दिनसम्म चाहिँ बाटो ब्लक भा'को थियो । अहिले पनि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन वहादुर सुनार ।

(११:०९ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, आरक्षणको सम्बन्धमा समावेशी व्यवस्थाबाट निजामती कर्मचारीमा

आरक्षण कोटा राखेपछि बल्लबल्ल क्षितिजमा दलित समुदायको २ प्रतिशत सहभागी हुँदैछ निजामतीमा । यो १३ पर्सेन्ट पुग्न पर्छ । तर अहिले यो असमावेशी आयोग अनि पुरानै लोक सेवा आयोग र अदालतले अब चाहिँ यो आरक्षणको व्यवस्थालाई चाहिँ पुनर्मूल्याङ्कन गर्नुपर्छ भन्दै कुतर्कहरू गर्दै आ'को छन् । यो दलित विरोधी चाहिँ आवाज सुन्न पर्दाखेरिमा दुःख लाग्छ । अध्यक्षज्यूमार्फत सम्बन्धित निकायको दलितप्रतिको चाहिँ व्यवस्था बारेमा ध्यान जाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय मदन कुमारी शाह (गरिमा) ।

(११:१० बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी नेपालीलाई राष्ट्रियताको विषयले असाध्यै छुन्छ । कसैले हामीलाई चेपेको, हेपेको हामीलाई मन पर्दैन । केही दिन त्यसपछि हामी कराउँछौं, विरोध गर्छौं । त्यसपछि फेरि चुप लाग्छौं । छिटो बिर्सने स्वभावका हामी नेपाली जो छौं । सम्माननीय अध्यक्षज्यू, चर्को बोलेर मात्र राष्ट्रियताको रक्षा हुन सक्दैन । साँच्चै हामी नेपालको स्वाभिमान र राष्ट्रियताको रक्षा गर्न चाहन्छौं भने हामी, हाम्रो परनिर्भरतालाई हामीले अन्त्य गर्नुपर्छ । हामी आत्मनिर्भर बन्न आवश्यक छ । तसर्थ म सरकारसँग माग गर्न चाहन्छु कि आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सार्वजनिक संस्था, सेना, प्रहरीले आफ्नै देशमा उत्पादित वस्तुहरूको अनिवार्य प्रयोग गरिने निर्णय नेपाल सरकारले गरोस् । म सम्माननीय अध्यक्षज्यूमार्फत यो माग राख्न चाहन्छु । आत्मनिर्भर अर्थतन्त्र निर्माणमा हामी सबै जुटौं । मगन्ते भएर हामी बलियो राष्ट्रियता निर्माण गर्न सक्दैनौं । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आलेमगर ।

(११:११ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, पहिले राष्ट्रिय योजना आयोगको मातहतमा केन्द्रीय तथ्याङ्क विभागको रूपमा रहेको र अहिले प्रधानमन्त्री कार्यालयको मातहतमा ल्याइएको र राष्ट्रिय तथ्याङ्क कार्यालय नाम गरेको पहिले सहसचिवको नेतृत्वमा रहेको र यति बेला सचिवको नेतृत्वमा Upgrade गरिएको राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७८ सालको राष्ट्रिय जनगणनाको नतिजा

सार्वजनिक गर्दै केही जातीहरूलाई फुटाउने दुस्साहस गरेको छ । कुकृत्य गरेको छ । मगरका ८/९ ओटा थरहरूमध्ये एउटा प्रमुख थरको रूपमा रहेको पुनलाई मगरबाट, त्यसै गरी मालीलाई नेवारबाट अलग एउटा जातीको पहिचान दिने कार्य गरेको छ । यो सरासर यो असंवैधानिक र गलत कार्य हो । र यो यसले जातीलाई फुटाएको छ । यस्तो फुटाउने कार्यको म घोर विरोध गर्दछु । र त्यसलाई सच्याउन, तुरुन्त सच्याओस् भनेर माग राख्न पनि चाहन्छु । र यो सच्याइएन भने यसले ठुलो एउटा बबण्डर मच्चाउने छ । र आफ्नो प्रमुख प्रधानमन्त्रीलाई पनि उसले जानकारी नदिइकन यो राष्ट्रिय तथ्याङ्क कार्यालयले यो नतिजा प्रकाशन गरेको छ । त्यसैले ..... (समय सकिएको) ।

(११:१२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विद्युतीय व्यापार विधेयक, २०८० माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई विद्युतीय व्यापार विधेयक, २०८० सभासमक्ष पेस गर्न अनुमति दिन्छु ।

(११:१२ बजे) **<u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालमा विद्युतीय व्यापारको माध्यमबाट वस्तु तथा सेवाको खरिद बिक्री बढ्दो क्रममा रहेकोले विद्युतीय माध्यमबाट हुने कारोबारलाई नियमन एवम् सहजीकरण गर्न तथा व्यवस्थित र विश्वसनीय बनाउन विद्युतीय व्यापारसम्बन्धी ऐन आवश्यक भएको छ । विद्युतीय व्यापारको माध्यमबाट मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात प्रवर्धन तथा लघु, घरेलु साना तथा मझौला उद्योग उत्पादन अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ । कानुनी व्यवस्थाको अभावमा विद्युतीय माध्यमबाट व्यापार गर्दा आइपर्ने समस्याको निराकरण गर्न तथा उपभोक्ताको संरक्षण गर्न कठिनाइ भैरहेको अवस्था छ । तसर्थ सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गर्दै व्यवस्थित, विश्वसनीय बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले यो विधेयक तयार गरी यस सम्मानित सदनमा दर्ता गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० यस सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(११:१४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरूमाथिको छलफल जारी रहन्छ । यसअन्तर्गत आज स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, आज छलफलका लागि निर्धारित विनियोजन शीर्षकहरूमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम माननीय दिल कुमारी रावल थापा "पार्वती", माननीय रामचन्द्र राई, माननीय भैरव सुन्दर श्रेष्ठ, माननीय विमला घिमिरे, माननीय दिपा गुरुङ्ग, माननीय ईन्दु कडरिया, माननीय भगवती न्यौपाने, माननीय कुमार दसौंदी र माननीय डाक्टर विमला राई पौडयालबाट खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएका छन् ।

माननीय सदस्यहरू, अब म खर्च कटौतीका प्रस्तावकको प्रस्तावक माननीय दिल कुमारी रावल थापा "पार्वती" लाई आफ्नो खर्च कटौतीका प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(११:१६ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म यो विनियोजन विधेयकमाथि आफ्नो विचार राख्नुभन्दा अगाडि नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, नेपाल सरकारका माननीय मन्त्रीज्यूहरूलाई प्रधानमन्त्री देशको प्रधानमन्त्री हो । माननीय मन्त्रीज्यूहरू देशको मन्त्रीज्यूहरू हो । त्यसैले विनियोजन विधेयकमाथि छलफल गरिरहँदा एउटा निर्वाचन क्षेत्रको जस्तो गरेर माननीय मन्त्रीज्यूहरूको बजेट प्रस्तुत भ'को छ । त्यस्तै गरेर प्रधानमन्त्रीज्यू एउटा क्षेत्रको जस्तो गरेर प्रतिनिधित्व गरेर बजेट विनियोजन भा'को छ । म विनम्रतासाथ आग्रह गर्न

चाहन्छु । हामी निर्वाचित हुँदा एउटा क्षेत्रबाट भए तापनि एउटा सिङ्गो देशको प्रधानमन्त्री हो । सिङ्गो देशको माननीय मन्त्रीज्यूहरू भएको हुनाले क्षेत्रभन्दा माथि उठेर देशको आवश्यकता, जनताको आवश्यकता आवश्यकता र औचित्यका आधारमा बजेट विनियोजन हुने नीति कार्यक्रमअनुसार बजेट विनियोजित हुने परम्परा अगाडि बढाइयोस् । म विशेष ध्यान आकर्षण गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, संविधानको धारा ३५ मा व्यवस्था भएको स्वास्थ्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्न हुने खाने र हुँदा खाने नागरिकको विभेद हटाउन सामाजिक न्यायको आधारमा चाहिँ यो विनियोजन विधेयक प्रस्तुत नभएकोले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र गृह मन्त्रालयको विनियोजन विधेयकको रकम घटाई १ रुपियाँ कायम गरियोस् भनेर म यो प्रस्ताव प्रस्तुत गर्न चाहन्छु खर्च कटौतीको ।

सम्माननीय अध्यक्ष महोदय, पहिलो कुरो भनेको नागरिकको स्वास्थ्य हो । राष्ट्रियको सर्वाङ्गीण विकासमा नागरिकको स्वास्थ्य अवस्था निर्भर हुन्छ । स्वास्थ्य मानव विकासको पहिलो सूचक पनि हो । स्वास्थ्य क्षेत्रको लगानी खर्च प्रतिफल हुने लगानी पनि हो । हामीले त्योतर्फ ध्यान दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । हाम्रो जस्तो देशको स्वास्थ्य सरकारी लगानी प्रतिव्यक्ति ८६ डलरको आवश्यकता पर्छ भन्ने एउटा अध्ययनले देखाउँछ तर हालको अवस्थालाई हेर्दा सरकारको लगानी प्रतिव्यक्ति २० डलरको हाराहारीमा देखिन्छ । यसरी हेर्दा नागरिकको स्वास्थ्यमा हुने खर्च आँकलन र व्यवस्थापनको योजना बनाउन पनि कठिन देखिन्छ । किनकि स्वास्थ्य भनेको अप्रत्यासित र आकस्मिक हुने कुरा हो रोग भनेको बिरामी भनेको । नेपालको तथ्याङ्क हेर्दा स्वास्थ्यमा हुने प्रतिव्यक्ति खर्च ५७ दशमलव २ प्रतिशत रहेको देखिन्छ । स्वास्थ्य सेवा प्राप्त गर्दा हुने उच्च व्यक्तिगत खर्चका कारण आज वार्षिक लाखौं व्यक्तिहरू गरिबीको दुश्चक्रमा धकलिरहेको नेपालको तथ्याङ्क छ । प्रतिव्यक्ति ५ लाखभन्दा बढी नेपाली जनताहरू स्वास्थ्य उपचारको खर्च धान्न नसकेर जसका कारण गरिबीतिर उन्मुख भैरहेको देखिन्छ । यसरी हेर्दा प्रतिव्यक्ति १० दशमलव ७, करिब ३० लाख जना आफ्नो वार्षिक आम्दानीको १० प्रतिशतभन्दा बढी स्वास्थ्य उपचारको लागि खर्च गर्नुपर्ने अवस्था छ । यो दुःखद अवस्था हो । यस्तो अवस्था अन्त्य गर्न सामाजिक स्वास्थ्य सुरक्षा एउटा यसको योमार्फत व्यवस्थापन गर्न र व्यक्तिगत खर्च कम गर्नतर्फ सरकारको नीति कार्यक्रम प्रभावकारी देखिएको छैन । सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा स्वास्थ्य क्षेत्रमा लगानी सामञ्जस्यता कायम गर्नुपर्ने देखिन्छ । तर त्यसतर्फ सरकारको नीति कार्यक्रम र बजेट स्पष्ट हुन सकेको छैन । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डलाई हेर्ने हो भने पनि कुल बजेट कुनै पनि देशको कुल

बजेटको १० प्रतिशत रकम स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ तर दुःखको कुरा हामीले विगतको ५ वर्षको स्वास्थ्य क्षेत्रको लगानी हेर्‍यौं भने २०७५/०७६ मा कुल बजेटको ५ दशमलब २ प्रतिशत स्वास्थ्य क्षेत्रमा लगानी थियो । ०७६/०७७ मा ५ दशमलब ८ प्रतिशत थियो । ०७७/०७८ मा ७ दशमलब ३ प्रतिशत थियो । ०७८/०७९ मा ८ दशमलब ६ थियो । ०७९/०८० मा ५ दशमलब ७ मा र अहिले हामी ०८०/०८१ को हेर्दा ४ दशमलब ८ प्रतिशतमा गैरहेको स्थितिले हामी संविधानको मौलिक हक कार्यान्वयन, अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपाली नागरिकको स्वास्थ्य सेवाको गुणस्तरताप्रति सरकार जिम्मेवार छैन भन्ने कुरा हामी देख्न सक्छौं । त्यसैले आम नागरिकको स्वास्थ्य बिमा कार्यक्रम एउटा एकदमै महत्त्वपूर्ण कार्यक्रम हो । आवश्यक हो । तर यो व्यवस्थित हुन सकेको छैन । प्रभावकारी हुन सकेको छैन । यस्तो स्वास्थ्य संस्थाको क्यान्सर पहिचान गर्ने सवालमा हामीले यसलाई व्यवस्थित गर्न सकिरहेका छैनौं । अहिले पनि सरकारी अस्पतालहरूको पूर्वाधार, जनशक्ति, इक्युप्मेन्टविना हामी अगाडि बढ्न नसक्दा आज घण्टौं लाइनमा बस्नुपर्ने र बिमा गरेका बिरामीहरूले त्योअनुसारको बिमामा उल्लेखित भएका उपचारहरू सेवाहरू प्राप्त गर्न नसकेको अवस्था छ भने । अर्कोतिर धनी र गरिबलाई एउटै बिमा नीति छ । यसले गर्दा अहिले पनि हाम्रो देश प्रभाव, पहुँच भनसुनमा चलेको कारणले गर्दा पहुँचवाला मान्छेहरूले सहज ढङ्गले स्वास्थ्य सेवा लिने अवस्था र गरिबी पहुँच नभएका मान्छेहरूले चाहिँ पहुँच सेवा सुविधा पाउन नसक्ने अवस्था अस्पताल देख्न नपाउने अवस्था उपचार पाउनै नसक्ने अवस्था सिर्जना भ'को छ । यसतर्फ सरकार गम्भीर बन्नका लागि पनि म आग्रह गर्न चाहन्छु ।

हामीले अहिले एकातिर सर्ने रोगहरूको प्रकोप छ भने अर्कोतिर नसर्ने रोगहरू थुप्रै बढिरहेका छन् । ती रोगका सन्दर्भमा पनि सरकारले आफूलाई व्यवस्थित गर्न सकिरहेको छैन । अहिले पनि क्यान्सरजस्ता रोगको पहिचान गर्ने पहिचान गर्ने मिसिन हामीसँग छैन । सरकारले हरेक वर्ष नीति कार्यक्रम र बजेट विनियोजन गर्छ र सरकारका प्रति विशेषतः स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरू आएर समितिमा प्रतिबद्धता गरेको यो हरेक वर्ष चाहिँ त्यस्ता उपकरणहरू आवश्यक रोग पहिचान गरी उपकरणको लागि प्रतिबद्धता हुन्छ । तर त्योअनुसारको चाहिँ खरिद गर्ने काम टुङ्गोमा पुग्दैन र बजेट फ्रिज हुन्छ । किन स्वास्थ्य मन्त्रालयले अगाडि बढाएका अथवा सरकारले अगाडि बढाएका खरिद प्रक्रियाहरू सधैं विवादमा किन आउँछन्? किन हामीले जीटुजीमार्फत जान सक्दैनौं? सरकारले खरिद प्रक्रियाहरूलाई किन व्यवस्थित गर्न सक्दैन । अहिले पनि आज क्यान्सरजस्तो रोगबाट थुप्रै नागरिकहरू आक्रान्त छन् । हाम्रो देशमा बीपी कोइराला क्यान्सर अस्पताल, भरतपुरमा जो मित्र राष्ट्रले बनाइदे'को

भक्तपुरमा क्यान्सर अस्पताल छ । तर त्यहाँ चाहिँ चेक जाँच गर्ने पहिचान गर्ने मिसिन छैन । ..... त्यसको कारणले गर्दा आज थुप्रै ठुलो सङ्ख्यामा चाहिँ छिमेकी देशहरूमा जान परेको अवस्था छ । यसले गर्दा योतर्फ सरकार गम्भीर बन्नका लागि विनियोजित गरेको बजेट समयमै त्यस्ता इक्युप्मेन्टहरू खरिद गर्नको लागि पनि म आग्रह गर्न चाहन्छु ।

सँगसँगै म सरकारलाई भन्न चाहन्छु । विगतमा एक विद्यालय, एक नर्स कार्यक्रम विस्तार थियो र त्यस्तै गरेर एक औद्योगिक क्षेत्रमा एक नर्स र एक वडामा योग तथा व्यामशालाजस्ता कार्यक्रमहरू थियो र अहिले त्यो कार्यक्रमहरू देखिएको छैन । यसरी एकातिर बिरामीहरूको उपचारलाई सहज बनाउने कुरा सरकारको दायित्व हो भने अर्को रोगै लाग्न नदिन । निरोगी नागरिक उत्पादन गर्नेतर्फ पनि सरकारले ध्यान दिनको लागि म आग्रह गर्न चाहन्छु । त्यस्तै गरेर औषधि उत्पादनतर्फ हेर्दा औषधिको उत्पादन भन्डारण र गुणस्तरतर्फ चाहिँ सरकारले ध्यान दिनको लागि पनि म आग्रह गर्न चाहन्छु । सँगसँगै आज यहाँ अर्थ मन्त्रालयलगायत थुप्रै मन्त्रालयको छलफल भैराख्दा अर्थ मन्त्रालय बजेट बाँडफाँट गर्ने मन्त्रालय हो । तर आज अर्थमन्त्रालय सबैभन्दा धेरै बेरुजु ५७ प्रतिशत बेरुजु भैरहेको छ । यो के भैरहेको छ? म प्रश्न गर्न चाहन्छु । आज योजना आयोग र प्राकृतिक वित्त आयोगले गरेका सिफारिसहरू किन कार्यान्वयन हुँदैन । त्यसो भए सरकार प्रधानमन्त्रीकै अध्यक्षतामा रहेको राष्ट्रिय योजना आयोग र एउटा संवैधानिक आयोग प्राकृतिक तथा स्रोत वित्त आयोगको यो चाहिँ कार्यान्वयन भ'को छैन । यो कुराहरू राख्न चाहन्छु । हामी संघीयतामा गैरहँदा सम्माननीय अध्यक्ष महोदय, आज सङ्घ सरकारले विनियोजन गरेको चितवनको माडी नगरपालिका चाहिँ ९ ओटा छ, तर माडीको १० नम्बर वडामा सङ्घ सरकारबाट विनियोजित भएको छ । माडी नगरपालिकामा सिँचाइ मन्त्रालयअन्तर्गत सानो ट्युबवेलको लागि ५/१० लाख विनियोजन भएको छ भने भरतपुर माडी जो राष्ट्रिय निकुञ्जको ९ किलोमिटर सडक छ । त्यहाँ चाहिँ ५ लाख भौतिक मन्त्रालयबाट विनियोजित । ९ किलो सडक जो चाहिँ भरतपुर ठोरी एउटा महत्त्वपूर्ण मार्ग पनि हो । त्यसको लागि संघीय सरकारले ५ लाख, १० लाखका योजनाहरू यो विनियोजन गरिरहेको छ । यसले के हामी साँच्चै .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय रामचन्द्र राईलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिका छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ७ मिनेट ।

(११:२५ बजे) **मानननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकको छलफलको सन्दर्भमा हामी छौं तर आज केही साथीहरूसित भेटघाट भा'को थियो । वहाँहरूले भन्नुभो' आज सदन छ? भनेर सोध्नुभो' मैले छ भनेर भनें । आज विनियोजन विधेयकको सन्दर्भमा छलफल हुन्छ भनेर भनें । वहाँहरूले भन्नुभो' तपाईंहरूले यो छलफल गरेर केही नमिलेका कुराहरूलाई मिलाउन सक्नुहुन्छ? वा परिमार्जन हुन्छ? वा थप हुन्छ? वा घट्छ भनेर सोध्नुभो' । त्यस्तो त प्रचलन छैन भनेर भनें । त्यसो भए यो परम्परा चलाउनमात्रै तपाईं संसदको समय किन खर्चिरहनुभएको छ । त्योभन्दा अरू नागरिकका धेरै समस्याहरू छन् । त्यो नागरिकका समस्याहरूलाई सम्बोधन हुने गरी निर्णण गरेर चाहिँ तपाईंहरूको सदन बसोस् न भनेर सल्लाह दिनुभो' त्यसले मलाई सारै छोयो साँच्चै सारै छोयो । कि हामी लामै समयदेखि छलफल गरिरहेका छौं । छलफल बेस्करी गरिरहेका छौं । छलफल गरिसकेपछि हामीले निकालेको निष्कर्षलाई चाहिँ यसले तलमाथि गर्न मिल्दैन, यसलाई सुधार्न मिल्दैन । यसलाई संशोधन गर्न मिल्दैन भने छलफल चाहिँ केका लागि? भन्ने मलाई फेरि लाग्यो । म यो वर्षसम्म त परम्परालाई नै थेग्न पर्ने होला । आउँदो वर्षको बजेट आउँदा कम्तीमा नि सबै दलहरूले सहमति गरीकन यी प्रस्तुत भएका विनियोजन शीर्षकहरूमा राखिने खर्चहरूलाई त्यसको व्यवस्थापनलाई चाहिँ तलमाथि नै गर्न मिल्ने, संशोधन गर्न मिल्ने गरी यो विनियोजन आयो भने सार्थक हुन्छ, म अनुरोध गर्न चाहन्छु । सबै दलहरूले अर्को वर्षदेखि यो खालको प्रणाली स्थापित गरोस् । म अनुरोध गर्न चाहन्छु ।

अब मैले सबभन्दा पहिला सञ्चार सूचनाको बजेटले उसले जे उद्देश्य राखेको छ । जे दीर्घकालीन लक्ष्य राखेको छ । जे खालको योजना बना'को छ । त्यो चिज प्राप्त हुन नसक्ने गरी बजेट विनियोजन भएको हुँदा जब यसले त्यो बजेट विनियोजनले त्यो चिज प्राप्तै गर्न सक्दैन । उसको दीर्घकालीन लक्ष्यलाई उसले भेट्नै सक्दैन भने त्यो बजेट विनियोजनको अर्थ नहुने हुँदा यसको खर्च कटौती गरी १ रुपियाँ गरियोस् भनेर खर्च कटौतीको प्रस्ताव राख्न चाहन्छु । यद्यपि यो मन्त्रालयले सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम उपयोग गरी आर्थिक समृद्ध हासिल गर्ने दीर्घकालीन सोच राखेको छ । तर सोच यस्तो राखिराख्दाखेरि उसले कार्यक्रम चाहिँ त्यस्तो बनाउँदैन । गर्छ के भन्दा गर्छ चाहिँ । यसलाई अनुदान यसलाई अनुदान, त्यसलाई अनुदान, अनुदान नै अनुदान मात्रै भन्छ । यो चिज प्राप्त गर्नलाई त उसले प्रोग्राम त्यो बनाउन पर्ला नि त्यसो भएर प्रोग्राम चाहिँ कार्यक्रम चाहिँ छैन । अनुदान दिएर आफ्नो मन्त्रालयमा परेको बजेट सिध्याउने अनि उद्देश्य दीर्घकालीन

लक्ष्य चाहिँ यस्तो राख्ने भनेपछि यसको अर्थ भएन । अनुदान नै अनुदान दिएर साँच्चै नेपाली जनताको यो मन्त्रालयले कार्यक्रम नबनाउने अनुदान अनुदान दिने । लोक कल्याणकारी विज्ञापनलाई यति, अर्को के एफएम र विज्ञापनलाई यति, रेडियो र विज्ञापन बोर्ड र विज्ञापनलाई यति, फिल्म प्रोमोसनलाई यति जब कि चलचित्रलाई उद्योगको रूपमा स्थापित गराएर जनतालाई आयस्तरमै राष्ट्रको आयस्तर बढाउने भनेर यसले सोच राख्छ । तर यसले त्यो दोलखामा हुने फिल्म सिटीलाई चाहिँ २० लाख मात्रै यसले छुट्याएको छ । यद्यपि फिल्म प्रोमोसन भनेर फेरि अर्को २ करोड जति राखेको छ । त्यसो भएकोले यो जान लाग्यो एकातिर खर्च अर्कोतिर गरेपछि यसले जान लागेको ठाउँ भेट्न सक्दैन भन्ने लागेको छ । जनताको सूचनाको हक जनताले स्थापित गर्ने कुरामा सूचना मन्त्रालय यो सञ्चार सूचना मन्त्रालय चुकेको छ । यो कार्यक्रमले चुकेको देखाउँछ । मैले यस्तो नगर्न हुनको लागि आग्रह पनि गर्न चाहन्छु ।

मैले अब यति भनिसकेपछि सूचनाका सन्दर्भमा अरू धेरै कुराहरू होलान् । मैले अस्ति पनि भनेको थिएँ । सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गतै हो यो । म के भन्छु भने गोरखापत्र संस्थान सबभन्दा पुरानो संस्थान हो । छापा पेपर छापा मिडिया हो । यसमा सरकारले लगानी गर्छ । यन्त्र, उपकरण किनेको छ । त्यसमा जागिरेलाई तलब खुवाउँछ । तर यो साँच्चै जनताले कान्तिपुर चाहिँ मान्छेले बजारमा मैले हेरिरहेको, बजारमा पत्रिका किन्न जाँदाखेरि कान्तिपुर चाहिँ हातैहात बिकेको देख्छु । गोरखापत्र खोजेको देखिदनँ । गोरखापत्र अफिस अफिसमा यसो फ्याटफुट्ट जान्छ होला । जाँदैन । किन त्यसो गरेको हाम्रो सबैभन्दा जेठो पत्रिका त्यो हो । त्यो जेठो पत्रिका हो भनेदेखि कान्तिपुरभन्दा बढी बिक्री हुने बढी मान्छेको लोकप्रियता त्यो सञ्चार मिडियालाई लोकप्रिय बनाउनको लागि कार्यक्रम खै?

नेपाल टेलिभिजन अहिले पनि घाटामा छ । मैले अस्ति पनि बोलिसकेको छु । कि जग्गै नभा' ठाउँमा टेन्डर लगाउने, पैसा पठाउन अहिलेसम्म पनि बेवारिसे बनाउने, यसो भएपछि त हुँदैन । त्यसरी यस्ता कुराहरू पनि करेक्सन गर्ने कार्यक्रम आयो भने राम्रो हुन्छ । यस्तो कार्यक्रम चाहिँ आउन सकेन । मैले नेपाल टेलिभिजन, नेपाल सरकारले त्यसमा बोर्ड अध्यक्ष पनि राख्देको छ । त्यसपछि जीएम पनि हामीले बनाउछौं । यन्त्र उपकरण पनि हामीले खरिद गर्ने यो चाहिँ प्रतिस्पर्धा गर्न सक्दैन । कान्तिपुर चाहिँ प्रतिस्पर्धा गर्न सक्छ । किन यस्तो भा'को छ? यसलाई नेपाली जनताले विश्वास गर्ने खालको चाहिँ प्रोग्राम बनाउन पर्यो नि । त्यसलाई त्यो खालको कार्यक्रम आओस् भन्ने त्यो खालको अपेक्षा छ । म अनुरोध गर्न चाहन्छु । र अन्तमा जाँदाजाँदै एउटा कुरा भनेर जान्छु । काठमाडौं भ्यालीमा तीनओटा जिल्ला छन् । त्यो तीनओटा जिल्लाको फोहोरले बागमती अत्यन्त प्रदूषित भएर तलतिर हाम्रो मकवानपुरतिर भएर

बग्छ । बागमती नदीको जीवन समाप्त भएको छ । त्यो बागमती नदीको समाप्त भैसकेपछि त्यसमा आश्रित मान्छेहरू अहिले प्रताडित छन् । बागमती नदीलाई कि स्वच्छ पानी यो भ्यालीले स्वच्छ पानी बनाएर तल पठाउनुपर्यो । होइन पठाउँदैन भनेदेखि उसलाई compensation दिन पर्यो । योबारेमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । दोस्रो कुरा भन्छु, तरकारी बजार कालिमाटीमा छ । त्यो सधैंभरि कार्टेलिङमा चल्छ । यो उद्योग वाणिज्य सङ्घ र कृषि भित्र पर्छ होला । यसलाई व्यवस्थापन गरेर साँच्चै जनताको उत्पादनलाई सहज मान्छेको घरघरमा पुग्ने वातावरण बनाओस् । कार्टेलिङ नहोस् । यस्तो कुरामा पनि ध्यान जाओस् । म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्नो खर्च कटौतीका प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ११ मिनेट ।

**(११:३२ बजे) <u>पीठासीन</u>**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**(११:३२ बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो विनियोजन शीर्षकका सन्दर्भमाथि विधेयकका विभिन्न शीर्षकहरूमाथि छलफल गर्ने क्रममाथि मैले केही कुराहरू राख्न चाहन्छु । कार्यसूचीहरू समयमै सकिन्थ्यो होला तर विशेष परिस्थिति सृजना भो' जसले गर्दा हाम्रा कार्यसूचीहरूका समय जो निर्धारण गरिएको थियो । २० गते, २१ गते, २२ गते सदन चल्न सकेन । आज हामी ५ दिनपछि फेरि सदन चल्न गरइरहेका छौं । र यसले गर्दा समयको निकै चाप चाहिँ छ । र मैले आफ्ना केही कुराहरू सङ्क्षिप्तमा राख्न गइरहेको चाहिँ छु । भन्न त हामी समाजवाद उन्मुख राज्य व्यवस्थातिर गइरहेका छौं भनेर भन्छौं हामी । तर पनि यो खर्च शीर्षकहरू हेर्दाखेरि, त्यहाँ प्रस्ताव गरेका कुराहरू हेर्दाखेरि त्योतर्फ उन्मुख भएको हामी देख्दैनौं । यो दलाल पुँजीवादहरूको घेराभित्र र एकाधिकार पुँजीवादको निर्देशनभित्र ती श्रमजीवीहरू, सर्वाहाराहरूका निम्ति, नेपाली समाजका निम्ति, नेपाली जनताका निम्ति, जसरी सिद्धान्त र प्राथमिकताहरू पऱ्यो, नीति र कार्यक्रम लेराइयो, बजेट ल्याइयो र विनियोजित शीर्षक हेर्दाखेरि अहिले ती कतै पनि मेल खाएको हामी देख्दैनौं । सत्तापक्षकै माननीय सांसदज्यूहरूले प्रष्ट यही रोस्टमबाट भन्नुभएको

छ । कि यो सङ्घीयता विरोधी अहिलेको चाहिँ बजेट, बजेटभित्र भएका विनियोजन शीर्षकहरू सङ्घीयता विरोधी छन् भनेर प्रष्टै भन्नुभएको चाहिँ छ । यसले गर्दाखेरि हाम्रो वर्तमान सरकार कतातिर उन्मुख छ भन्ने कुरो सत्तापक्षकै माननीय सांसदज्यूहरूले भनेका कुराहरूबाट चाहिँ प्रष्ट हुन्छ । हामी त्यतातिर चाहिँ उन्मुख छैनौं ।

हामी दुःख व्यक्त गर्न चाहन्छौं सरकार यो रूपमा नगइदिएर । जसरी संविधान निर्माण गर्या थियौं । संविधानमा मौलिक हकहरू व्यवस्था गरिएको चाहिँ छ । राज्यका निर्देशक सिद्धान्तहरू छन् । ती सबै कुराहरूले के कुरातर्फ उन्मुख चाहिँ हुन्छ भन्ने कुरा सरकारले सोचिदिएको भए सायद चाहिँ हुन्थ्यो । त्यस्तो हुन सकेन । सरकारका प्रधानमन्त्रीहरू, मन्त्रीज्यूहरू, अर्थमन्त्रीहरू देशका चाहिँ नभइदिएर केवल निर्वाचन क्षेत्रमा भइदिएर जसरी बजेट विनियोजन गरियो । त्यो जगजाहेर नै छ । वास्तवमा त्यो रूपमा हुनुहुन्थेन ।

संविधानले भन्छ कि विकासबाट पछि परेका ती क्षेत्रहरूलाई सम्बोधन गर्नुहोस् । समन्यायिक हिसाबले बजेटको बाँडफाँड चाहिँ होस् । सन्तुलित होस् भनिन्छ, तर न यो बजेट समन्यायिक चाहिँ छ, न सन्तुलित छ, न त्यो विकास क्षेत्रलाई अथवा प्रदेशलाई सन्तुलित ढङ्गले हेर्ने गरिएको छ । त्योतर्फ उन्मुख छैन । त्यसकारणले पनि के हो भन्दा भन्नका निम्ति सङ्घीयता, भन्नाको निम्ति हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्र तर व्यवहारमा हिजो कै त्यो सामन्ती चिन्तन, शैली र व्यवहारले सिद्ध चाहिँ गरेको छ । र यो त्यसले गर्दा बजेट शीर्षकका शब्द शब्दमा जाने हो भनेपछि सङ्घीयता विरोधी टाइपका कार्यक्रमहरू यसमा लेखिएका छन् । त्यो भनेको यदि तीन तहको सरकार भन्ने हो भने सङ्घ, स्थानीय, प्रदेश र स्थानीय तह भन्ने हो भने त्यो स्थानीय तहलाई के दिने हो? १ लाखका योजनाहरू पनि यही भित्र समावेश गरिएका छन् । ५ लाख, १० लाख यस्ता कुराहरू चाहिँ छन् । तर कस्तो देखिन्छ भन्दा समानीकरण अनुदान चाहिँ अलि धेरै चाहिँ तल स्थानीय तहलाई प्रदेश तहलाई दिनुपर्ने मध्ये समानीकरण अनुदान चाहिँ घटाइ दिएको चाहिँ छ । ससर्त अनुदान चाहिँ बढाइएको छ । अर्थात् सङ्घीयता विरोधी काम चाहिँ माथिबाटै हुने गरिएको छ । सरकारले यी कुराहरू सुन्छ या सुन्दैन । या त यसलाई संशोधन गर्नका निम्ति तत्परता देखाउँछ कि देखाउँदैन, त्यो पछिका विषयहरू भए ।

मैले यी विषयसँग मैले ऊर्जासँग सम्बन्धी विषयहरू चाहिँ म राख्न चाहन्छु । ऊर्जा, जलस्रोत तथा सिँचाइसँग सम्बन्धित कुराहरू म राख्न चाहिँ चाहन्छु । किन भने त्यसमा पनि मैले खर्च कटौतीको प्रस्तावहरू राखेको छु । र भनिन्छ नेपाल एउटा विश्वमै जलस्रोतको दोस्रो चाहिँ धनी देश । जहाँ ८४ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ भन्ने कुरो विज्ञहरूले निकालेको यो निचोड । र यो जलस्रोतलाई चाहे त्यो विद्युत्को रूपमा होस्, चाहे सिँचाइको

रूपमा प्रयोग गर्न सकेको भए देशले निकै ठुलो फड्को मार्न सक्थ्यो होला । तर चाहिँ के हो भन्दाखेरि विडम्बना भन्नुपर्छ ती जलस्रोतहरू सही ढङ्गले उपयोग हुन सकेका छैनन् । र अहिले वर्षेनी खाद्यान्न नेपालबाट बाहिर निर्यात गर्थ्यौं भने आज खाद्यान्न बाहिरबाट ल्याउनुपर्ने अवस्था चाहिँ आ'को चाहिँ छ । जलस्रोतको धनी देश भन्ने, दोस्रो ठुलो धनी देश, आज चाहिने बत्ती बाल्न नपाएर विद्युत्बाट धेरै टाढा पुगेका छौं हामी । तर सरकारले यसका बारेमा चाहिँ सोच्न सक्दैन । म धेरै टाढा जान चाहन्न । हाम्रै छिमेकी देशहरूले बङ्गलादेश जस्तो देशमा जहाँ चाहिँ हाइड्रो पावर नितान्त कम चाहिँ छ । त्यस्तो देशले २६ हजार मेगावाट विद्युत् कोइलाबाट होस् अथवा सोलारबाट होस्, यी समग्रमा निकालेर उसले करिब २६ हजार मेगावाट उत्पादन गरेको चाहिँ छ । भारतले ४ लाख १७ हजार मेगावाट कुल जति चाहिने मेगावाट विद्युत् उत्पादन गरेको चाहिँ छ । चीनले २६ लाख मेगावाट जलविद्युत् आयोजना, त्यो पनि सोलार होस् या अन्य प्रयोजनबाट निकालेको चाहिँ रहेछ । तर हामी नेपालीले केवल २२ सय मेगावाट हाइड्रो पावरबाट, बाँकी ५ सय मेगावाट सोलार र अरू चाहिँ क्षेत्रबाट हामी निकालेका चाहिँ छौं । देशभित्र कोलाहल चाहिँ मच्चिएको छ कि नेपालले अब यो विद्युत् प्रयोग गर्न सक्दैन । थुप्रै ठाउँबाट माग भ'को चाहिँ छ । तर पनि हाम्रो देशको चाहिँ सरकार कति छिट्टै भारतलाई विक्री गर्ने हो? देशभित्र खपत गर्ने कुरा उसका योजनाभित्र पर्दैनन् । अनि कोलाहल मच्चाइन्छ । २७ सय मेगावाट उत्पादन भ'को बिजुली चाहिँ छ । अब नेपालमा त्यो बिजुली प्रयोग गर्नै सकिँदैन । अब हामीले नबेचिकन सुखै छैन भन्ने खालको कुराहरू सरकारका मन्त्रीहरू र सरकारले बोलिर'का चाहिँ छ । भारतले नेपालको जलस्रोतमाथि आँखा लगाउने कुरा स्वाभाविक कुरा चाहिँ हो । जहाँ राम्रो देखिन्छ त्यहाँ कसैले पनि आँखा चाहिँ लगाउँछ । त भारतले के गऱ्यो भन्दा हाम्रो छिमेकी देश भारतले कि सन् २०१६ मा चाहिँ एउटा विद्युत्-सम्बन्धी भारतको अन्तरदेशीय विद्युत् व्यापार निर्देशिका जारी गरेको चाहिँ थियो सन् २०१६ मा । त्यसपछि उसले सन् २०१८ मा संशोधन गऱ्यो । र के भन्यो भन्दाखेरि विद्युत् व्यापार नभएका मुलुकबाट उत्पादित बिजुली नकिन्ने भनेर भारतले प्रष्टसँग भनेको छ ।

हाम्रो देशमा अहिलेको सरकार, चाहे त्यो हिजोको गठबन्धन सरकार होस् । शेर बहादुर देउवाज्यूको नेतृत्वमा बनेको सरकार वा अहिलेको सरकार होस् । यो चालु आ.व.को यो किताब, चालु आ.व.को यो चाहिँ नीति तथा कार्यक्रममाथि के उल्लेख त्यसको चाहिँ ७७ नम्बर बुँदामाथि के लेख्नुहुन्छ भन्दाखेरि म यहाँहरूलाई भन्न चाहिँ चाहन्छु । सम्माननीय अध्यक्षज्यू, वास्तवमा यो ७७ नम्बर बुँदा पढ्ने हो भने हामीले देशप्रति निकै ठुला घात गरिसक्या चाहिँ छौं । ठुलो चाहिँ घात चाहिँ गरिसक्या छौं । त्यो घात यी कुराहरूमा लेखिएको चाहिँ छ ।

हामीले हाम्रो देशको सबै जलस्रोत आज भारतलाई बुझाएका छौं । म यसमा लेखेको कुरा भन्न चाहिँ चाहन्छु । नेपाल र भारतद्वारा संयुक्त रूपमा जारी गरिएको ऊर्जा विकाससम्बन्धी दीर्घकालीन अवधारणाबमोजिम विद्युत् उत्पादन प्रसारण प्रणाली विस्तार, दुइतर्फी विद्युत् व्यापार, दुवै देशका राष्ट्रिय प्रसारण लाइनको समन्वयात्मक उपयोग र संस्थागत सहयोगका क्षेत्रमा भएका अवसरको उपयोग गरिनेछ भनेर यो दुवै पक्षीय रूपमा चाहिँ जारी भएको सम्झौता पत्र संसदले थाहा पाउनुपर्ने थियो कि थिएन? हामीले अघिल्लो वर्ष यो जारी गरिरहँदा यो नीति कार्यक्रममा ल्याउँदाखेरि हामीले यसको प्रष्ट रूपमा विरोध गरेका थियौं । सरकारले यसका बारेमा माथि केही कुराहरू पनि बोल्न सकेन । र आज यही दफाले गर्दाखेरि, यही दफाले गर्दा र पछिल्लो पटक भारतमा भर्खरै चाहिँ हाम्रो देशको प्रधानमन्त्री त्यहाँ जानुभ'को छ । कि आफ्नो देशबाट लगानी नभएका आयोजनाहरू भारतले नकिन्ने भनिसकेकपछि छिमेकी मित्र राष्ट्र देश चीनले थुप्रै विद्युत्माथि लगानी गर्ने उद्देश्यले आफैले पाएका कामहरू पनि नगर्ने चाहिँ भ'को चाहिँ छ ।

मसँग समय चाहिँ छैन । यहाँहरू सबैले थाहा पाउनुभ'को चाहिँ छ । पढ्नुभ'को चाहिँ छ । यो चिनीयाँ कम्पनीहरूले निर्माण गर्ने भनेका आयोजनाहरू आज उनीहरू आफुले उत्पादन गरेको बिजुली नेपालका लागि उत्पादन गरेको बिजुलीको सुनिश्चितता नभएपछि आफ्नो जुन लगानीको सुनिश्चितता नभएपछि उहाँहरू फर्किने कुरा गरिराखुभ'को छ । कतिपय आयोजनाहरू उहाँहरूले फर्काइसक्नुभ'को छ भने कतिपय फर्किने चरणमा हुनुहुन्छ । यस्तो खालको राष्ट्रघात चाहिने अहिलेको सरकारको प्रधानमन्त्री र सिङ्गो मन्त्रिपरिषद्ले र गठबन्धन भत्किने डरले राष्ट्रघात किन चाहिँ गर्न पुग्यो? हामी चाहिँ चिन्तित चाहिँ छौं । अस्ति भारतमा ग'को बेला प्रष्टसँग कुरा उठाउनुपर्थ्यो ।

यो माथिल्लो तामाकोशी ४५६ मेगावाट उत्पादन भ'को चाहिँ छ । त्यो नेपालीको लगानीमा उत्पादन भएको विद्युत् चाहिँ हो । तर त्यो उत्पादित भएको बिजुली किन्नका निम्ति बजार हाम्रो भारतबाहेक अर्को चाहिँ छैन । त्यो किन्नका निम्ति २०७८ सालमा नेपालले एउटा पत्र पठाएको छ । त्यो आयोजनालगायत अरू पाँच ओटा पठा'को चाहिँ थियो । त्यो चारओटा आयोजनामा भारतीयहरूको लगानी रहिछ । यो आयोजनामाथि चिनियाँ चाहिने प्राविधिक जनशक्ति प्रयोग गरेर डीपीआर तयार भ'को र'छ । त्यो कारणले गर्दा चीनको लगानीमा बनेको योजना हो भन्ने भएर धेरै पटक अनुरोध गर्दा पनि भारतले किन्न सकेन । तर हाम्रो देशको चाहिने औपचारिक रूपमा गरिएको भ्रमणमा, भम्रणका बेला यस्ता कुराहरूलाई त्यहाँ उठाउनुपर्थ्यो । हाम्रो देशको प्रधानमन्त्रीले उठाउँन सक्नुभएन । कि बरू फुकोट कर्णाली र तल्लो अरूण जस्ता महत्त्वपूर्ण आयोजनाहरू फेरि पनि भारतलाई सुम्पेर आउनु चाहिँ भयो ।

अप्पर कर्णालीको विषयमा कहिले पनि कुरा उठ्दैन । र मसँग समय अत्यन्त छोटो चाहिँ भो' । म एउटा कुरा चाहिँ भन्न चाहन्छु । हाम्रो देशको अहिलेको चाहिँ ऊर्जा मन्त्री जाजरकोट जिल्लाबाट प्रतिनिधित्व गर्नुहुन्छ । जाजरकोट जिल्लामा नलगाड हाइड्रो पावर विगतको सरकार केपी ओली सरकारले सम्पूर्ण कुराहरू, सम्पूर्ण कुराहरू Complete भइसकेको छ । त्यो भनेको डीपीआरको कुरा बुझाउने कुरा चाहिँ अब यो असारसम्म भनिएको चाहिँ छ । सरकारले किन ताकेता गरेन? त्यसबाहेकका अरू पूर्वाधार विकासहरू र मुआब्जाका कुराहरू सकिएको छ र यो अहिलेको चाहिँ हाम्रो मन्त्रीले यो आयोजनामाथि चालु आ.व.मा ६० करोड विनियोजन भ'को थियो । त्यो सरकारले रोक्यो । आगामी आ.व.को निम्ति २० करोड भनेर यो राष्ट्रिय योजना आयोगले प्रस्ताव गरेको थियो त्यो पनि रोकियो । र केवल त्यो नाममा चलेको छ । ..... हाइड्रो पावर मात्र लेखिएको छ । तर त्यसमा एक रूपैयाँ पनि छुट्याउने काम भा'को छैन । म भन्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत हाम्रो जाजरकोट जिल्लाबाट प्रतिनिधित्व गर्ने मन्त्री, माननीय मन्त्रीज्यू, तपाईं यो सरकारमा तपाईंले भनेको आफ्नो कुराहरू लागु हुँदैन भनेपछि तपाईं मन्त्रीबाट ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्को प्रस्तावक माननीय विमला घिमिरेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(११:४४ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी विनियोजन विधेयक, २०८० का विभिन्न शीर्षकहरूमाथिको छलफलमा जुटेका छौं । सर्वप्रथम त म खानेपानी मन्त्रालयबाट विनियोजित रकमलाई घटाई एक रूपैयाँ कायम गरियोस् भनेर म खर्च कटौतीको प्रस्ताव राख्न चाहन्छु । त्यसपछि आजका विनियोजन विधेयकका शीर्षकहरूमा विशेष गरी खानेपानी मन्त्रालयसँग सम्बन्धित रहेर, भएर आफ्ना केही भनाइहरू राख्नेछु । त्यो भन्दा अगाडि म समग्र यो बजेटको विषयमा केही कुराहरू राख्ने अनुमति चाहन्छु । यो बजेट, विशेष गरी यो बजेट जनआकांक्षा विरोधी, सङ्घीयता विरोधी र आफैंले पेस गरेको नीति र कार्यक्रमको पनि विरोधी र सँगसँगै योजना आयोगले गरेका सिफारिसहरू समेतलाई लत्याएर बनेको यो बजेट योजना आयोगको पनि विरोधी । यस्तो खालको यसलाई पुष्टि गर्नका निम्ति थुप्रै आधारहरू छन् । म त्यतापट्टि जान चाहन्न । कतै

योजना सञ्चालन गर्ने ठाउँ नै छैन तर योजना राखियो र बजेट छुट्याइयो । कतै सत्ता गठबन्धनलाई थप मजबुत बनाउन कै लागि बजेट थुपार्ने काम भयो । मानौं बजेट पार्न कै निम्ति भए पनि मन्त्री नै हुनु पर्छ कि? भन्ने मनोविज्ञान तयार पारियो । यस्ता अनगिन्ती चिजहरू राखियो । जसले बजेटलाई न जनतासँग जोड्न सक्यो । न बजेटलाई आवश्यकतासँग जोड्न सक्यो । न बजेटलाई कर्णाली प्रदेश र मधेस प्रदेश तथा हिमाललाई जोड्न सक्यो । न त संविधानमा रहेका मौलिक हकलाई कार्यान्वयनमा जोडिन सक्यो । न त दिगो विकासका लक्ष्यहरूसँग जोडिन सक्यो । यसलाई १५ वर्षीय हाम्रो १५ औं पञ्च वर्षीय योजनाको समीक्षा गर्ने फुर्सत भएन । न त १६ औं पञ्च वर्षीय योजनाको बारेमा कुनै चिन्ता रह्यो । हाम्रो देशको दीर्घकालीन सोँचअन्तर्गत रहेको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई, यसलाई कतै उल्लेख गर्नसमेत सकेन । राष्ट्रिय आकाङ्क्षालाई उल्लेख गर्न नसक्ने यो बजेट फगत मिलिजुली बसौं, बाँडीचुँडी खाउँ र सत्ता गठबन्धनलाई बलियो बनाउँ भन्ने नारामा सीमित रह्यो । यस्तो पनि देखियो ।

म अब धेरै कुराहरू नभनिकन खानेपानी मन्त्रालयसित सम्बन्धित केही कुराहरू राख्ने अनुमति चाहन्छु । पानी जीवन हो, सरसफाइ जीवनपद्धति हो भने स्वस्थ रहनका निम्ति स्वच्छता अपरिहार्य एउटा लक्ष्य हो । खानेपानी र सरसफाइ आधारभूत मानवीय आवश्यकता हो । देशभरका नागरिकलाई स्वच्छ पानीको, स्वच्छ पानीको अवस्था हेर्ने हो भने करिब ५२ प्रतिशत घर धुरीमा मात्रै पाइप प्रणालीको पहुँच पुगेको छ भने ३४ प्रतिशत घरधुरी ट्युवेलमा आधारित छन् । अझै पनि ५ प्रतिशत घरधुरीमा खानेपानीको पहुँच पुगेको छैन । नेपालको संविधानले खानेपानी तथा सरसफाइमा पहुँचको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नेपालको संविधानले संविधानको कार्यविस्तृतीकरण प्रतिवेदनले तीनै तहका सरकारको एकल तथा साझा अधिकारको रूपमा खानेपानी तथा सरसफाइ सेवा रहनसमेत किटान गरेको छ । सोही कामलाई व्यवस्थित गर्न स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवालाई सहज रूपमा उपलब्ध गराउन ढल निकास र फोहोर पानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाइ ऐन, २०७९ समेत लागु भएको छ ।

अर्कोतर्फ दिगो विकासका लक्ष्यका बुँदा नम्बर ६ मा सबैका लागि सरसफाइ तथा स्वच्छ खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति दिने भन्ने उद्देश्य पनि किटान गरिएको छ । यसले यो दिगो विकास लक्ष्यका यो नेपाल पनि पक्ष राष्ट्र भएको हुनाले २०७६ सालमा तत्कालीन सरकारले जेठ १० गते मन्त्रिपरिषद्को निर्णयबाट सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयनमा ल्याइने योजनाहरूको वर्गीकरणसमेत गरेर त्यसमा बजेट विनियोजन गरेको

थियो । सरकारी तथ्याङ्क हेर्ने हो भने अहिले पनि हाल नेपालमा ९५ प्रतिशत जनताले आधारभूत खानेपानी सेवा प्राप्त गरेको र त्यसै गरी त्यसमा २५ प्रतिशत मात्रै जनताले उच्च तथा मध्यमस्तरको खानेपानीमा पहुँच भएको तथ्याङ्क देखिन्छ । नेपालको १५ औं पञ्च वर्षीय योजन र दीर्घकालीन सोँचअनुसार ९५ प्रतिशत जनसङ्ख्यामा उच्च तथा मध्यमस्तरको खानेपानीको पहुँच पुऱ्याउने लक्ष्य लिइएको छ भने ।

हाल अर्कोतर्फ प्रशोधन सुविधासहितको ढल प्रणालीको पहुँच हाल ३ प्रतिशत मात्रै जनतामा छ । तर दिगो विकासका लक्ष्य हेर्ने हो भने हामी सन् २०३० मा यसलाई ५० प्रतिशत पुऱ्याउने भनेर लक्ष्य किटान गरिएको छ । यही तथ्याङ्कलाई आधार मानेर विश्लेषण गर्ने हो भने पनि हाल २५ प्रतिशत मात्र पहुँच भएको उच्च तथा मध्यम खानेपानीलाई हामी ९५ प्रतिशतमा र ३ प्रतिशतमा सीमित भएको प्रशोधनसहितको ढल व्यवस्थापन प्रणालीलाई ५० प्रतिशतमा पुऱ्याउने लक्ष्य छ । यसलाई यो बजेटले कसरी सम्बोधन गर्न सक्छ? यो कुनै खालको त्यो विश्लेषण गरेर ल्याइएको बजेट छैन । म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

साथै यो बजेटले त ९५ प्रतिशत जनताको पहुँचमा रहेको आधारभूत खानेपानीलाई जम्मा ३ प्रतिशतले मात्रै वृद्धि गर्ने भनेर यसले लक्ष्य राखेको छ । ९८ पुऱ्याउने भनिएको छ । यसरी हामी सन् २०३० सम्ममा हामीले ९५ प्रतिशत उच्च तथा मध्यम खानेपानीको व्यवस्था गर्न सक्दैनौं यो गतिमा हामीअगाडि बढ्ने हो भने । त्यसैले गत वर्ष २०७९/०८० को खानेपानी मन्त्रालयको बजेट हेर्दा ३७ अर्ब ३५ करोड थियो भने यस वर्ष घटाएर २८ अर्ब १६ करोडमा सीमित गरिएछ । हामीले योजना एक घर एक धारो भनेर भन्दै हामीले योजनामा राख्ने तर हामीले बजेट चाहिँ घटाउँदै जाने । यो कतै बजेट उल्टो बाटोतिर हिँडेको हो कि भने जस्तो लाग्छ ।

योजनाहरूको वर्गीकरण गरेर देश र प्रदेश र स्थानीय तहमा ८० प्रतिशतभन्दा धेरै जिम्मेवारी दिने तर बजेट चाहिँ एक हजारसम्मका बजेट पनि यो सङ्घीय मन्त्रालयले राख्ने यस्तो विडम्बना भने यो कस्तो खालको सङ्घीय प्रणाली अपनाउन खोजिएको हो? म प्रश्न गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, तराईका अधिकांश जिल्लामा अहिले पनि आर्सेनिकयुक्त पानी खान जनता बाध्य छन् । अझै पनि कमिसनकै लागि ह्युम पाइप वितरण गर्न तीनओटै तहका सरकारहरू होडवाजी गरेको देखिन्छ । तराईका सबै जिल्लामा शुद्ध पानी पाउने, उपलब्धता गराउने बारे सरकारलाई कही कतै चासो देखिन्न । यति मात्रै होइन कुनै कुनै ठाउँमा निर्माणाधीन खानेपानीका आयोजनाहरू अस्तव्यस्त छन् । र बजेट अभावका कारणले अलपत्र छन् ।

उदाहरणका लागि म कपिलवस्तु जिल्लाका ४/५ ओटा योजनाहरू अलपत्र भएको देखिन्छ । यो उदाहरण मात्र हो । यस्ता धेरै जिल्लाहरूमा हुन सक्छन् । यस्तो किन भयो त भन्दा खानेपानी योजनाहरू सञ्चालन गर्दा हाम्रो सरकारी नीति, हाम्रो सरकारी नीतिमा श्रमदानको पनि व्यवस्था भएको हुनाले त्यो श्रमदान जनताले उपलब्ध गराउन सकेनन् । त्यसकारणले ती खानेपानी योजनाहरू अलपत्र परे भनिएको छ । त्यसैले म सरकारसँग आग्रह गर्न चाहन्छु । यही बजेटमा (एक मिनेट समय पाउँ अध्यक्षज्यू ।) यही बजेटमा त्यो श्रमदान भनेको जुन बजेट हो त्यो बजेटलाई यो सुरु भइसकेका आयोजनाहरूमा यो सरकारले छुट्टै बजेटको व्यवस्था गरेर ती आयोजनाहरू सम्पन्न गर्नुपर्छ । कि त हामी सरकारलाई तल स्थानीय तहलाई निर्देशन दिएर, स्थानीय तहले लगानी गरेर भए पनि करिब करिब सम्पन्न हुन थालेका तर सञ्चालनमा आउन नसकेका योजनाहरू बढाउनका निम्ति म यो बजेटमा आग्रह गर्न चाहन्छु ।

यदि राष्ट्रिय गौरवका आयोजनाहरू मेलम्ची खानेपानी आयोजनाको हामीले अस्ति भर्खरै एउटा मन्त्रालयको सचिवमार्फत हामीले सुन्यौं । यो वर्षातको समयमा धेरै लेदो पानी आयो भने त्यो पानी चाहिँ त्यहाँ छान्न सक्दैन, फिल्टर हुन सक्दैन र हामी बागमतीमा बगाउँदै छौं भनेपछि त्यो मेसिन हामी त्यहाँ फिट गर्ने कि नगर्ने? त्यसको निम्ति बजेट पर्याप्त छैन । त्यसैले म त्यो बजेट पर्याप्त गर्न यहीं बजेटमार्फत त्यसलाई सम्बोधन गरियोस् भनेर म आग्रह गर्न चाहन्छु । सँगै अर्कोतर्फ फोहोर व्यवस्थापन, धन्यवाद । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्को प्रस्तावक माननीय दीपा गुरुङ्गको तर्फबाट माननीय तुलसा कुमारी दाहाललाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

(११:५३ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आगामी आर्थिक वर्ष ०८०/०८१ को विनियोजित विधेयकमाथिको छलफलमा छौं हामी । म श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट विनियोजित विधेयकमा राष्ट्रिय सभा नियमावली, २०७५ नियम १३४ बमोजिम माननीय दीपा गुरुङ्गले राख्नुभएको खर्च कटौतीको प्रस्तावमा प्रस्तावका सम्बन्धमा मन्त्रालयले विनियोजन गरेको रकम घटाई १ रुपियाँ कायम गरियोस् भन्ने प्रस्ताव राख्न चाहन्छु ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित केही विषयहरू अध्यक्षको अनुमतिले अगाडि बढाउन चाहन्छु । "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने नारा आकर्षक छ । सैद्धान्तिक रूपमा राम्रो लागे पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन सक्ने देखिँदैन । चालु आर्थिक वर्षमा सबै बेरोजगार जनशक्तिको योग्यता, क्षमता, सीप पहिचान गर्ने गरी तथ्याङ्कलाई आवधिक गर्ने कुरा गरिएको थियो । खै त तथ्याङ्क आवधिक गरिएको कहाँ गरिएको छ? त्यसैले आगामी आर्थिक वर्षमा पनि मन्त्रालयले अगाडि सारेका यी नारा नारामै सीमित हुने सम्भावना देखिन्छ । र अन्तरक्रिया र कार्यशाला तालिमहरूको लागि बजेट विनियोजन गरेको देखिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनःसंरचना गर्ने भनिएको छ आगामी आर्थिक वर्षमा । चालु आर्थिक वर्षमा ढाँचा परिमार्जन गर्ने भनिएको थियो । खै कस्तो ढाँचा परिमार्जन गरियो? अघिल्लो सरकारले बेरोजगार व्यक्तिलाई कम्तीमा १ सय दिनको रोजगारी सुनिश्चितता गरेको थियो । आगामी आर्थिक वर्षमा रोजगार सेवा केन्द्रको स्तर उन्नति गर्ने भनिएको छ । सूचीकृत बेरोजगारलाई आधारभूत तालिमसहितको न्यूनतम रोजगार दिने भनिएको छ । कहाँका श्रमिकहरूको लागि भनिएको हो? कति जनाको लागि भनिएको हो? कति जनाको लागि? कति पारिश्रमिक उपलब्ध गराउने हो? भन्ने सन्दर्भमा यो बजेट मौन छ । यस अर्थ प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनः संरचना भनेको के हो त कसरी गरिन्छ?

सम्माननीय अध्यक्षमार्फत म मन्त्रीज्यूलाई प्रश्न राख्न चाहन्छु । अबको जीवन स्वदेशमा नै आहा कति राम्रो लोभ लाग्दो नारा छ, अबको जीवन स्वदेशमा नै । वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई आधार मानी उद्यमशीलता विकास गर्ने रोजगारीमा आबद्ध गर्ने उद्देश्य पनि देखिन्छ । तर सरकारसँग वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको डाटा छ? कति छ तथ्याङ्क? नेपाली श्रमिकहरू विदेशमा जाने क्रम झन् बढिरहेको छ । सीप र दक्षता नभईकन अदक्ष व्यक्तिहरू रोजगारीको लागि अर्को देशमा जाँदा धेरै दुःख कष्ट पाइरहेका छन् । सरकार यति बेला निजी र स्थानीय तहलाई समन्वय गरी सीपमुलक तालिम दिने भनिरहेको छ । कहाँ कुन व्यवसाय सञ्चालन गर्न सीपमुलक तालिम दिने हो? स्पष्ट छैन । भएका उद्योगधन्दा पनि बन्द भैसके, केही बन्द हुने क्रममा छन् ।

अध्यक्ष महोदय, आगामी आर्थिक वर्ष ०८०/०८१ सरकारको नीति र कार्यक्रममा हेटौंडा कपडा कारखाना, गोरखकाली रबर उद्योग, बुटवलको धागो कारखाना सञ्चालन गर्ने भनिएको कुरा थियो । खुसी पनि लाग्यो सुनेर । खै त? बजेटमा त आउन सकेन । त्यसैले अबको जीवन स्वदेशमा नै भन्ने नारा सफलता कसरी हुन्छ होला? के छ सरकारसँग केही योजना यो नाराको कार्यान्वयन कसरी गर्छ? म प्रश्न राख्न चाहन्छु । वैदेशिक रोजगारीबाट

फर्किएका नागरिकको अनुभव, सीप, पुँजी, व्यवसायमा लगानी गर्ने र सहुलियत कर्जा प्रवाह गरी उत्पादन बढाउने, स्वरोजगार सिर्जना गर्ने विषय भन्न र लेख्न राम्रो भए पनि व्यवहारमा कार्यान्वयन गर्न कठिन छ । सरकारको सहुलियत कर्जा प्रवाह गर्ने कुनै नीति र कार्यक्रम पनि देखिँदैन । आगामी वर्षको लागि मन्त्रालयले युवा लक्षित कार्यक्रम ल्याएको छैन । बजेट विनियोजन पनि गरेको देखिँदैन । शैक्षिक योग्यता हासिल गरेका, स्नातक तह उत्तीर्ण गरेकालाई स्वदेशमा नै रोजगारी दिन सक्ने कुनै कार्यक्रम पनि छैन । हरेक वर्ष युवा विद्यार्थीलाई विद्यार्थीहरू अध्ययन र रोजगारीको लागि विदेशिई रहेका छन् । शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न सकेको भए । के युवाहरू स्वदेशमा नै बस्ने थिए होलान् । यसतर्फ सरकारको चासो र चिन्ता देखिँदैन । कुनै योजना पनि छैन । नेपाली श्रमिकहरूलाई आफ्नो देशमा उद्योगधन्दा खोलेर रोजगारी  दिलाउने भन्दा पनि वैदेशिक रोजगारीमा पठाउनको लागि सरकार उद्यत छ । सरकार त्यसैले होला नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको खोजिमा छ । खोजी गर्दै छ । कामदारहरू पठाउने र रेमिट्यान्सबाट देश चलाउने सोच देखिन्छ । यसरी कति दिन चल्छ? के हामीले जन्माएका हाम्रा सन्तानहरू विदेश मात्रै पठाउने हो? सरकारले श्रम सम्झौताको पुनरवलोकन गर्नुपर्ने थियो । कामदारको सुरक्षा र मर्यादित रोजगारीको बिमा व्यवस्थाको लागि योजना बनाउनुपर्ने थियो । यस विषयमा मन्त्रालयको योजना र बजेट विनियोजन गरेको देखिएको छैन ।

सम्माननीय अध्यक्ष महोदय मन्त्रालयले श्रम तथा रोजगारका ११ कार्यालयहरूलाई चालु खर्च विनियोजन गरेको छ । ती कार्यालयहरूको रचनात्मक क्रियाकलाप केही पनि देखिँदैन । नयाँ रोजगारी व्यवस्थापन प्रबन्ध गर्ने जस्ता कार्यक्रमहरू पनि छैनन् । काम चलाउ परम्परावादी र यथास्थितिको चित्रण गरेको पाइन्छ । योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने, सामाजिक सुरक्षा कोषको स्थापना गर्ने भनेको छ । उक्त कोषबाट कामदारको स्वास्थ्य उपचारमा, सन्तानको शिक्षा, स्वास्थ्य तथा बिमा व्यवसाय सञ्चालनको व्यावसायिक सीपहरूको प्रयोग गर्ने पनि भनिएको छ । माननीय अर्थमन्त्रीले बजेट वक्तव्यमार्फत राख्नुभएको पनि हो । यो कार्यक्रम चालु आर्थिक वर्षमा ल्याइएको थियो । यस्तै योगदानमा आधारित नागरिक पेन्सन हटाइयो किन हटाइयो? आवश्यकता नभएर हटाइएको हो कि? औचित्य नभएर हटाइएको हो कि? नागरिक पेन्सनको विषय एक वर्ष ल्याउने अघिल्लो वर्ष पनि यही सरकार थियो । यही गठबन्धन थियो । तर अहिले यो नागरिक पेन्सन हटाइएको छ । म प्रश्न गर्न चाहन्छु । किन हटाइयो नागरिक पेन्सन?

सम्माननीय अध्यक्ष महोदय, मन्त्रालयले कार्यस्थलमा हुने हिंसा भेदभावलाई न्यून गर्ने भनेको छ । समान कामको समान ज्याला, श्रमको अडिट गर्ने, श्रमिकको हक हित व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा न्यूनतम पारिश्रमिकको उपलब्धता गराउने, कानुनको पालनाको सुनिश्चतता गर्ने भनेको छ । तर बजेट विनियोजनमा त्यसरी आएको देखिँदैन । विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकतामा औद्योगिक श्रम सम्बन्ध, कार्यशालामा आधारित प्रशिक्षण, युवाका लागि आवश्यक दक्ष सम्बन्धमा मन्त्रालयले यसतर्फ बजेट विनियोजन गरेको पनि देखिँदैन । यस अर्थ के भन्न सकिन्छ भने सिद्धान्त र प्राथमिकता, नीति र कार्यक्रम, बजेट वक्तव्य, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विनियोजन गरेको विधेयकमा कुनै तालमेल छैन । त्यही भएर पनि होला कार्यान्वयन हुने कुरामा समस्या देखेका छौं हामीले ।

सम्माननीय अध्यक्ष महोदय, म के कुरा राख्न चाहन्छु भने अलिकति तालमेल हुनुपर्थ्यो । मन्त्रालय मन्त्रालयबिचको पनि तालमेल देखिँदैन । त्यही भएर यो कार्यक्रम चाहिँ मन्त्रालयले विनियोजन गरेको कुरामा चाहिँ शङ्का लागेको छ । सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ नियम १३४ बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट विनियोजित रकम घटाई १ रुपियाँ नै कायम गरियोस् भन्ने आफ्नो भनाइ राख्न चाहन्छु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्को प्रस्तावक माननीय ईन्दु कडरियालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ७ मिनेट ।

**(१२:०२ बजे)** **<u>माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८०/०८१ माथिको दफावार छलफलको क्रममा आज मैले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत छलफल गर्न आफ्नो छलफल गर्न गइरहेको छु । र यो छलफल गर्नुभन्दा पहिले, आफ्नो विचार राख्नुभन्दा पहिले मैले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा विनियोजित रकम घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव पेस गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, मैले नीति कार्यक्रममा अडिग रहेर नीति कार्यक्रममा समावेश गरिएको छ तर बजेटमा त्यो नीति कार्यक्रमअनुसारको बजेट विनियोजन गरिएको छैन । मैले त्यही बजेट चाहिँ विनियोजन नगरेको भनेर त्यसलाई आफ्नो विषयवस्तु बनाएर आफ्नो भनाइ राख्ने अनुमति चाहन्छु ।

नीति तथा कार्यक्रमको बुँदा नम्बर १२५ मा विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, सिकाउने, टिकाउनेका लागि कार्यक्रमसहित अभियानको रूपमा सञ्चालन गर्ने भनिएको छ । तर बजेट वक्तव्यको बुँदा नम्बर २०० मा आवश्यक व्यवस्था गरिएको उल्लेख गरिएता पनि रातो किताबमा जाँदा यो शीर्षकमा बजेट छुट्याइएको भेटिएन । सायद यो नाराको लागि नारा मात्र बनाउनुभएको होला जस्तो भनेर मैले बुझेको छु । यसै गरी सोही बुँदामा पढ्दै, कमाउँदै कार्यक्रमलाई पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रमको रूपमा सञ्चालन गरिने भनिएको छ । बजेट यसमा पनि बजेटको व्यवस्था गरिएको भेटिएन । नीति तथा कार्यक्रमको बुँदा नम्बर १२६ मा आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न दलित, अल्पसङ्ख्यक, लोपन्मुख, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिने भनिएको छ । तर यसका लागि स्पष्ट रूपमा बजेटको विनियोजन गरिएको देखिएको छैन ।

नीति तथा कार्यक्रमको बुँदा नम्बर १२७ मा सङ्घीय शिक्षा ऐन संसदको यसै अधिवेशनबाट पारित गरिने उल्लेख गरिएको छ । यसको प्रगति कहाँ पुग्यो? सङ्घीय संसदमा दर्ता भएको विधेयकमा यो भेटिँदैन । यसको प्रगति के भएको छ? यसका लागि पनि मैले सम्माननीय अध्यक्षमार्फत अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहैं । नीति तथा कार्यक्रमको सोही बुँदामा हाम्रो स्कुल बनाउँ राम्रो स्कुल, अभियानअन्तर्गत सामुदायिक विद्यालयमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाई, मिलाइनेछ भनेको छ । निकै आकर्षक नारा प्रस्तुत गर्नुभएको छ अर्थमन्त्रीज्यूले । तर नीति तथा कार्यक्रममा त यसको कार्यान्वयनको लागि न बजेट वक्तव्यमा, न त रातो किताबमा नै केही बोलेको छ । यो पनि कहीं भेटिएको, यसको लागि पनि बजेट कहीं भेटिएको देखिएन ।

त्यस्तै बुँदा नम्बर १२८ मा हरेक स्थानीय तहमा कम्तिमा एक विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठनपाठन व्यवस्था मिलाइनेछ भनिएको छ । र स्मार्ट विद्यालयका इन्डिकेटरहरू के के हुन? र ती इन्डिकेटरहरू पूरा गर्न बजेट कहाँ छ? ७५३ पालिका हुन्छ । यो ७५३ पालिकाकै लागि बजेटको व्यवस्था गरिएन र पनि खोज्दा कतै पनि

बजेटको व्यवस्था गरिएको भेटिएन । म यसमा पनि अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहैं ।

नीति तथा कार्यक्रमको बुँदा नम्बर १३० मा नवप्रवर्धन अनुसन्धान, आविष्कार र विज्ञान शिक्षाको प्रोत्साहन विस्तारलाई गर्न नवप्रवर्धन तथा आविष्कार गर्न कोषको स्थापना गरिनेछ भनिएको छ । कुल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम नवप्रवर्धन, अनुसन्धान, आविष्कारमा खर्च गर्ने पनि नीति लिने पनि भनिएको छ । तर कोषमा एक अर्ब विनियोजन गरेको छ । पुँजीगत बजेट ३ खर्ब २ अर्ब ८ करोडको एक प्रतिशत ३ अर्ब २ करोड ७ लाख हुँदैन र? अनि एक अर्ब मात्रै बजेट विनियोजन गरिएको छ । सायद मलाई लाग्छ । यसमा अर्थमन्त्रीज्यू गणितमा अलि कमजोर हुनुभएछ कि जस्तो लाग्यो । सोही बुँदामा संसदको यसै अधिवेशनमा नवप्रवर्धन, अनुसन्धान र आविष्कारसम्बन्धी कोष सञ्चालन गर्ने विधेयक पेस गरिनेछ भनेको छ । यो विधेयक कहाँ पुग्यो? मैले यसमा पनि अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहैं ।

नीति तथा कार्यक्रमको बुँदा नम्बर १३१ मा चिकित्सा शिक्षालाई एकीकृत योजनाबद्ध रूपमा विस्तार गर्न चिकित्सा शिक्षासम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत छाता ऐनअन्तर्गत सञ्चालन गरिने भनिएको छ । यससम्बन्धी विधेयक संसदको यसै अधिवेशनमा पेस गरिने भनिएको छ । तर यो ऐन पनि कहाँ छ? यो कहाँ पुग्यो? यसको लागि पनि मैले अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहैं । नीति तथा कार्यक्रमको सोही बुँदामा एकीकृत प्रतिष्ठानअन्तर्गत सबै प्रदेशमा मेडिकल कलेज स्थापना गर्ने भनिएको छ । अनि गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने भनिएको पनि छ । र गेटा अस्पताललाई १०० शैयाको अस्पतालको रूपमा विकास गर्न पूर्वाधार निर्माण, उपकरण खरिद र जनशक्ति व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु भनेर अर्थमन्त्रीज्यूले भन्नुभएको छ । तर सबै ठाउँमा बजेट खोजियो । रातो किताबको पाना, पाना पल्टाएर हेरियो । सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठान, न शिक्षा मन्त्रालयमा भेटियो, न त स्वास्थ्य मन्त्रालय मै भेटियो । बजेट विनियोजनको कहानी अर्थमन्त्रीज्यूको भाषणमा मात्र सीमित भएको देखिन्छ । अरबौंको संरचना बनेको गेटा मेडिकल कलेज सरकारले नयाँ नामाकरण गरेर सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा नल्याएर डडेलधुरामा मेडिकल कलेज खोल्दै कुरा गर्दै हुनुहुन्छ । सायद कैलालीका जनताले माननीय आरजु राणालाई स्वीकार नगरेकोले अर्थमन्त्रीज्यूले कैलालीका जनतालाई उपेक्षा गर्दै अर्बौंको संरचना बनेको गेटा मेडिकल कलेजलाई बजेट विनियोजन गरी सञ्चालनमा ल्याउनुपर्नेमा त्यसो नगरिकन उहाँले आफ्नो त्यो कलेजलाई डडेलधुरा पुऱ्याउनुभएको छ । यो किन यस्तो भयो? कैलालीका जनतालाई किन

उपेक्षा गरियो? अर्बौंको संरचना बनेको गेटा मेडिकल कलेजलाई सञ्चालनमा नल्याइकन डडेलधुरा किन पुऱ्याइयो? यसमा पनि प्रष्ट जवाफ माग्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यस वर्ष उच्च शिक्षामा सरकारले ल्याएको बजेट अपूर्ण र फितलो देखिन्छ । उच्च शिक्षामा आमूल परिवर्तन गरिएन भने अहिले बाह्र कक्षा पास गरेपछि विदेशिने विद्यार्थीको सङ्ख्यामा कमी ल्याउन सकिँदैन । नेपाल सरकारको यही असार १३ गतेको तथ्याङ्कअनुसार विभिन्न ७१ मुलुकमा अध्ययनका लागि १ लाख ५ हजार ९२ विद्यार्थीले अनुमति लिइसकेका छन् । अहिले पनि दैनिक सरदर ५ सय विद्यार्थीले NOC को लागि वैदेशिक अध्ययन अनुमति पत्र शाखा धाइरहेका छन् । यसका पछाडि नेपालमा उच्च शिक्षा गुणस्तरीय नभएको र भन्ने कुरामा हामी सहमत छौं जस्तो लाग्छ । तर यसमा हामी गम्भीर भएनौं भने गम्भीर भएका छैनौं । सोहीअनुसार बजेट र कार्यक्रम पनि ल्याएका छैनौं । हामीले पाठ्यक्रम र पठनपाठनमा आमूल परिवर्तन गरी शिक्षालाई जीवनोपयोगी बनाउन सकेनौं भने विद्यार्थी पलायनको श्रृङ्खलालाई रोक्न सक्दैनौं । दुःखका साथ भन्नुपर्छ । नेपाल सरकारको यस वर्षको नीति तथा कार्यक्रम अनि बजेट विनियोजनमा जनतालाई आशा जगाउने खालको देखिँदैन ।

सम्माननीय अध्यक्ष महोदय, अब सरकारले विद्यार्थीहरूलाई रोजगारीको ग्यारेन्टीसहित प्राविधिक शिक्षा ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्का प्रस्तावक माननीय भगवती न्यौपानेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

**(१२:१० बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, वास्तवमा हामी विनियोजन विधेयकमाथि छलफल गरिरहेका छौं । तर दुर्भाग्य सत्तापक्षका माननीयज्यूहरूले पनि धेरै विषयमा यो विनियोजन विधेयकमा धेरै कमजोरीहरू छन् भनेर औंल्याउनुभो' । तर जति कमजोरी भए पनि जबरजस्त रूपमा लादिन्छ । यसलाई सच्याइँदैन । यो मुलुकको निम्ति दुर्भाग्य हो । यो विडम्बना हो । र मेरो खर्च कटौतीको प्रस्ताव राखुभन्दा अगाडि एउटा प्रश्न सोध्न चाहन्छु, सरकारलाई । विविध शीर्षक राखेर ७६ अर्ब विनियोजन गरिएको छ । त्यो ७६ अर्ब रकम, त्यति ठुलो रकम विविध शीर्षकमा किन

राखिएको हो? बाँडिचुँडी खानको निम्ति हो? कि के का निम्ति राखिएको हो? म प्रश्न गर्न चाहन्छु ।

अब कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयअन्तर्गत विनियोजित शीर्षकमा आफ्ना केही धारणाहरू राख्न चाहन्छु । यो शीर्षकमा जनतालाई न्याय दिने गरी सरकारले त्योअनुसार तत्परता देखाएको छैन । सरकारले जनतालाई, देशलाई न्याय दिन सरकार तत्पर छैन । कानुन त्यहीअनुसार निर्माण गर्न तत्पर छैन । परिवर्तित समयअनुसार कानुन बनाउने कुरा विधेयकहरू ल्याउने कुराहरू, संसदमा विधेयकहरू ल्याउने कुरामा सरकार तत्पर छैन । त्यसकारण म कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयअन्तर्गतको विनियोजित बजेट, रकम घटाएर एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव राख्न चाहन्छु ।

मैले सुनें, मैले पढें, हेरें । सर्वोच्च अदालतमा आज पनि पाँच वर्षदेखिको तीस हजारभन्दा बढी मुद्दाहरू छन् । यी मुद्दाहरू फैसला भएका छैनन् । पाँच वर्षअगाडि देखि जनताहरू कहिले मुद्दा फैसला हुन्छ भनेर, कहिले न्याय पाइन्छ भनेर पीडितहरू धाइरहेका छन् । तर फैसला हुँदैन । अहिले आमरूपमा बुझाइ के छ भने यो देशले समयमा न्याय दिँदैन । पीडितहरूलाई न्याय दिँदैन भनेर पीडितहरू सडकमा भौतारिरहेका छन् । यो देशमा कानुन पहुँच हुनेलाई मात्र छ । पीडितले न्याय पाउँदैनन् । पहुँच हुनेले मात्रै न्याय पाउँछन् भन्ने खालको आमरूपमा बुझाइ छ । त्यो बारेमा सरकार र कानुन मन्त्रालय संवेदनशील भएको पाइँदैन । अहिले सुनिँदैछ । सर्वोच्चमा न्यायाधीशहरू नियुक्ति गर्ने सन्दर्भमा कानुन मन्त्रालय नै उदासीन छ । कानुन मन्त्रालयले नै तत्परता देखाएको छैन । र कानुन मन्त्रीज्यूको Interest को कारणले गर्दा नियुक्ति, न्यायाधीशहरू नियुक्ति हुन सकिराख्नुभएको छैन । जब सर्वोच्च अदालतमै न्यायाधीशहरू नियुक्ति हुँदैन । अनि कानुन, समयमै मुद्दाहरू फैसला हुन्छ र जनताले न्याय पाउँछन् भनेर कसरी विश्वास गर्न सकिन्छ? म कानुन मन्त्रीज्यूलाई सोध्न चाहन्छु ।

हामीले धेरै पटक भन्यौं । कतिपय विधेयकहरू आज पञ्चायतकालमा लागु भएका विधेयकहरूले अहिले पनि कार्यन्वयनमा छन् । पञ्चायत ढल्यो । बहुदल आयो । नयाँ लोकतान्त्रिक गणतन्त्र, गणतान्त्रिक व्यवस्था आयो । नयाँ संविधान जारी भयो । तर आज पनि हिजो पञ्चायतकालदेखिका कतिपय कानुनहरू छन् । ऐनहरू छन् । कतिपय कानुनहरूलाई समयअनुसार, समय सन्दर्भअनुसार समयको गतिसँगै परिवर्तन गर्नुपर्ने छ । संशोधन गर्नुपर्ने छ । कतिपय नयाँ कानुनहरू ल्याउनुपर्ने छ । कति कानुनहरू निर्माण गर्नुपर्ने छ । हामीले त्यससम्बन्धमा विधायन समितिमा धेरै छलफल गर्यौं । धेरै होमवर्क गर्यौं । हामीले संविधानअनुसार बन्न बाँकी रहेका धेरै कानुनहरू रहेछन् । १८१ ओटा कानुन संविधानअनुसार

बन्न बाँकी रहेको निष्कर्ष हामीले विधायन समितिमा निकाल्यौं । यसमध्ये २५ ओटा प्रदेशले र ६ ओटा स्थानीय तहले बनाउनुपर्ने भन्ने हामीले निष्कर्ष निकाल्यौं । त्यसैले समयमा विधेयकहरू ल्याउने विषयमा कतिपय अधिवेशनहरू यतिकै खेर गइरहेको हुन्छ । भाषण गरेर अधिवेशनहरू खेर गइरहेको हुन्छ । हामीले पहिला पनि भन्यौं । विगतमा पनि भन्यौं । सङ्घीय निजामती ऐन, सेवा ऐन जो अति अहिले सङ्घीयताको मर्मअनुसार कर्मचारीहरूको व्यवस्थापन गर्नको निम्ति यो अति आवश्यक छ भनेर हामीले हिजो पनि भन्यौं । हामीले सङ्घीय शिक्षा ऐनको विषयमा हामीले धेरै पटक भन्यौं । प्रहरी ऐन, सङ्घीय शिक्षा ऐन, जो २०२८ सालमा चाहिँ जारी भएको ऐन जो आज पनि छ । प्रहरी ऐन, २०१२ सालमा जारी भएको प्रहरी ऐन जो आजसम्म त्यही प्रहरी ऐन छ । त्यसैले आज सङ्घीयताअनुसारको सङ्घीयताको मर्मअनुसारको ऐनहरू, सङ्घीयताको मर्मअनुसारको कानुन निर्माण हुन सकिरहेको छैन । यो विषयमा धेरै पटकसम्म छलफल गरियो । आज ३ सय ४८ ओटा कानुन, सङ्घीय कानुनहरू सक्रिय छन् । र कतिपय कानुनहरू हामीले यसमा अलिकति छलफल गर्नुपर्ने छ । बहस गर्नुपर्ने छ ।

कानुन वास्तवमा कर्तव्य पालना गर्नका निम्ति, नैतिकतामा बाँध्नका निम्ति, अराजक अवस्थाहरूबाट सृजना हुन नदिनका निम्ति कानुनको आवश्यकता छ । हामी सांसदहरू त्यही कानुन बनाउने महत्त्वपूर्ण भूमिकामा छौं । हामीले गर्न पर्ने दायित्व, हामीले खेल्नुपर्ने भूमिका कानुन निर्माण नै हो । यो विषयमा वास्तवमा सरकारले हामीलाई विजनेश दिने सन्दर्भमा सरकारको इच्छाशक्ति भएको पाइँदैन । कानुन मन्त्रालयको त्यही ढङ्गले कानुन मन्त्रालयको इच्छाशक्ति भएको पनि हामीले पाउँदैनौं । कतिपय कानुनहरू सञ्चारको हकसम्बन्धी कानुनहरू पनि आज निर्माण गर्नुपर्ने छ । यससम्बन्धी कानुनका सन्दर्भमा हामीलाई थाहा छ । अहिलेको समयअनुसार कतिपय कानुनहरू प्रेससम्बन्धी अथवा कति कानुनहरू निर्माण गर्दै गर्दा प्रेसको हकसम्बन्धी चाहिँ एउटा यो समाजलाई अराजकता हुन नदिनको निम्ति हामी गम्भीर बन्नुपर्छ कि पर्दैन? छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८, राष्ट्रिय प्रसारणसम्बन्धी ऐन, २०४८, गोरखा पत्र संस्थानसम्बन्धी ऐन, २०१९, प्रेस काउन्सिलसम्बन्धी ऐन, २०४८, रेडियोसम्बन्धी ऐन, २०१४, अहिले पनि यो यही कार्यान्वयनमा छ । यसलाई संशोधन गर्न जरूरी छ । सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई नियमन गर्ने, नियन्त्रण गर्ने, त्यस्तै यूटुबरहरूलाई नियमन गर्ने, नियन्त्रण गर्ने, यी सबै जरूरी छ । यो विषयमा सरकार संवेदनशील छैन । मैले यो विषयमा सरकारको संवेनदशीलता भएको पाइँदैन ।

त्यस्तै गरेर अन्नपूर्ण, गौरीशंकर र कञ्चनजङ्घा संरक्षित क्षेत्रको विषयमा स्थानीय क्षेत्रहरूको एउटा गुनासो छ । यी संरक्षित क्षेत्रहरू स्थानीय तहको मातहतमा आउनुपर्छ

भनेर । अन्नपूर्ण संरक्षित क्षेत्रमा त्यहाँ दिनको तीन सयदेखि चार सयसम्म पर्यटकहरू आउने गर्दा रहेछन् । र त्यहाँ पैतिस सयदेखि चार हजारसम्म शुल्क लिने गरिदो रहेछ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्को प्रस्तावक माननीय कुमार दसौदीलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय ८ मिनेट ।

**(१२:१९ बजे) <u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८० माथिको छलफलमा भाग लिने सन्दर्भमा सर्वप्रथम म राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको मन्त्रालयलाई विनियोजित रकममध्ये घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने खर्च कटौतीको प्रस्ताव राख्न चाहन्छु ।

अब यो किन राख्नुपर्ने भो' भनी कृषि मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालयको यसो किताब हेरियो । दश ओटा शीर्षकमा शून्य बजेट रहेछ । दश ओटा शीर्षकमा शून्य बजेटै मन्त्रालयले राख्छ भने किन बजेट राख्न पर्‍यो । यहाँको सबै हटाएर एक रुपैयाँ राख्दिऔं, सकिहाल्यो । मैले खर्च कटौतीको प्रस्ताव राखेको हुँ । अब त्यो दश ओटा शीर्षकमा के के रहेछ भनेर हेर्दै हेर्दै आउँदाखेरि मन्त्रालयकै राम्रो सल्लाहकारको रूपमा काम गरेको किसान आयोग त्यसमा पनि जीरो । त्यो पनि हटाउनुभा'रहेछ । त्यसले त मन्त्रालयलाई अगाडि बढ्न निश्चय नै अलि कोअप्रेट गरेकै हुँदो । बजेट छैन । सक्नुहुन्छ भने बजेट व्यवस्था गर्नुहोस् भन्ने प्रस्ताव हो ।

त्यसको साथ साथमा अर्को चाहिँ राष्ट्रिय दुध विकास बोर्ड भन्ने खरेजीको चाहिँ प्रस्ताव राख्नुभा' रहेछ । झन्डै झन्डै ३० लाख मान्छे, ३० लाख घर परिवार दुग्ध उत्पादनको व्यवसायमा मान्छेहरू संलग्न छन् प्रत्यक्ष र अप्रत्यक्ष रूपमा । आजभन्दा ८/१० वर्ष के सुनिथ्यो भने इन्डियाको बरौनीदेखि ..... कहाँ कहाँबाट २/३ दिन लगाएर चाहिँ दुध ल्याउथे ट्यान्करहरूले । दुध चाहिँ नेपालीहरूले खान पाउने व्यवस्था थियो । अहिले कम्तिमा पनि एउटा दुधमा चाहिँ आत्मनिर्भर करिब करिब नेपाल बन्न थाल्या छ । दुग्ध विकास बोर्डले राम्रो काम गरेको छ र यसमा झन्डै १८ लाख मान्छेहरू श्रमको रूपमा काम गर्छन् । ५ हजार

जति, ५ लाख जति साना उद्योगको रूपमा काम गरेका छन् भने ४ हजार जति त एउटा दुग्ध विकासमा राम्रो उद्योगहरूमा काम गरिराखेका छन् । अब यसरी चाहिँ राम्रो ढङ्गले काम गरिरहेको र देशलाई आत्मनिर्भर बनाइरहेको, देशको आर्थिक GDP मा पनि यसले चाहिँ प्लस पोइन्ट दिइरहेको, बुढापाकादेखि लिएर बालबच्चा, तपाईं, हामी सबैलाई विहान उठ्दा बित्तिकै चाहिने दुध हामी सबैले खान्छौं । त्यसकै व्यवस्थापन राम्रो ढङ्गले सञ्चालन गरे वापत त्यसको सजाय वापत दुग्ध विकास बोर्ड हटाउने निर्णय गर्नुभा' हो? म कृषि मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । राम्रो ढङ्गले चलेको छ । खर्च कटौती गर्ने, प्रशासनिक खर्च हटाउने भनेर अर्थममन्त्रीज्यूले भनेर भन्नुहुन्थ्यो । खर्च कटौती गर्ने, प्रशासनिक खर्च हटाउने राम्रो कुरा हो । त्यस्तो आर्थिक अनुशासन कायम राख्ने हो भने तपाईंले ७६ अर्बको विविध शीर्षकमा किन राख्नुभो' बजेट? त्यो आर्थिक सुशासनका निम्ति हो कि आर्थिक अराजकताको निम्ति हो? ७६/७६ अर्ब रुपैयाँ चाहिँ विविधमा राख्दाखेरि त्यसले मुलुकमा अनुशासन कायम गर्छ? गर्न सक्दैन भने मान्छेले प्रत्यक्ष रोजगारी पाएका छन्, आफ्नो शरीरलाई स्वस्थ, पुष्ट राख्न पाएका छन्, त्यस्तो चिजलाई व्यवस्थापन गर्ने जम्मा ६ करोड बजेटमा प्रशासनिक खर्च कटाएर मोटामोटी १ करोडको आसपासमा मात्रै उसले चाहिँ अरू खर्चहरू गर्छ । यति सानो खर्च, यति सानो बजेटबाट राम्रो व्यवस्थापन गरेर चलाएको संस्थालाई खारेजीमा राख्नुभएको छ । यो गलत कुरा हो । खारेज नगरियोस् । यसलाई पुनर्स्थापित गरियोस् । यसको ठिक ढङ्गले अगाडि बढाउने काम होस् । यो म माग गर्न चाहन्छु ।

र त्यसको साथ साथै अर्को चाहिँ यहाँ कपास विकास समिति पनि खारेज गर्ने भनेर राख्नुभा' रहेछ । अस्ति प्रधानमन्त्रीज्यूले नङ्ग्रा पिटेर ..... हामी चाहिँ बुटवल । उद्योग कारखाना चलाउछौं, धागो कारखानाहरू चलाउछौं, उद्योग स्थापित गर्छौं भनेर भन्नुभो' । उद्योग चलाउछौं भनेर भन्ने अनि कपास खेती गर्या किसान, त्यसको व्यवस्थापन गर्ने त्यो विकास समिति खारेज गर्देपछि त्यो उद्योग चल्छ? त्यो उद्योगलाई धागो, कच्चा पदार्थ कहाँबाट आउँछ? त्यसकारण प्रधानमन्त्रीले उद्योग चलाउछु भन्ने अर्थमन्त्री बजेट काटेर ल्याउने । यो एकआपसमा बाझ्ने गरेर किन ल्याउने? कि त छुट्टा छुट्टै पार्टी, छुट्टा छुट्टै चाहिँ मन्त्री भा' हुनाले भा'को भन्नुपर्‍यो । होइन भने सरकार त एउटै होला नि? त्यसले जनता र किसानको हितमा काम गर्ने कुरा त त्यसको लागि के गर्न पर्छ कमजोरी छन् भने त्यसलाई हटाउनुपर्‍यो । त्यसलाई पुष्टि गरेर व्यवस्थित गरेर अझ अगाडि पो बढाउनुपर्‍यो । तर एउटा उद्योग खोल्ने भन्ने अर्कोले चाहिँ त्यसलाई कटौती गर्ने । त्यो बेठिक कुरा छ । त्यसकारण यस्तो कुरामा सरकारको एक मत कायम होस् भन्न चाहन्छु । र खारेज गर्ने कुरा बेठिक छ ।

त्यसको साथ साथमा अर्थमन्त्रीज्यूले कृषि मन्त्रालयअन्तर्गतको झन्डै झन्डै ७ ओटा नारा राख्नुभा' छ । ७ ओटा नारामध्ये पोषणयुक्त घाँसे बालीको विकास गरौं भन्नुभा'रहेछ । मैले किन चाहिँ एउटा मात्रै नारा कोट गरेको भने पोषणयुक्त बालीको घाँस उत्पादन गर्ने कुरा राम्रो । तर गाईवस्तु रहे न तपाईंले घाँस दिनुहुन्छ पशुलाई । गाई वस्तु सबै लम्पि स्किन उसले चाहिँ २५ हजार मरिसके । ५/६ लाख बिरामी भएर उहाँ चाहिँ ढल्याछन् । अझ कति जाने हो? सरकारले एउटा भ्याक्सिन ती गाईवस्तुलाई खर्चिन्न । तर गाईवस्तुले दुध पनि द्याछ, मल पनि द्याछ, बाली उत्पादनमा सहयोग पनि गर्या छ । त्यसमा चाहिँ सरकार उदासीन छ । केही मतलबै छैन । नारा नाराको लागि होइन । नारा भनेको त्यो जीवन पद्दतिमा चाहिँ मान्छेलाई चाहिँ त्यसमा सहभागी गराउने र उसको जीवन परिवर्तन ल्याउने र आर्थिक उत्पादनमा जोड्ने कुरा होला नि नारा भनेको । तर नारा यस्ता छन् कि हेर्दा असाध्यै मिठो मैले खुब जनताको लागि काम गर्या छु भन्ने पार्ने तर जनताको हितमा नहुने । झन हेर्दा हेर्दा अहिले त कस्तो देख्या छ भने मैले अस्ति पनि भने देशभरि र'का जनताले कर तिर्छन् । तर त्यो कर तिरेको जम्मा जम्मी चाहिँ कि त्यो डडेलधुरा, गोर्खा र त्यसपछि गएर नुवाकोटका जनता, त्यो पनि एउटा निर्वाचन क्षेत्रका जनताले मात्रै तिर्या हुन् कि जस्तो गरेर उहाँहरूले विनियोजन गर्नुभो' । यस्तो खालको असमानता कम्तिमा पनि लोकतन्त्र आ'को छ, लोकतन्त्रमा अलिकति लाज त लाग्नुपर्‍यो नि? समानतामा जानुपर्छ भन्ने कुरा त्यसकारण यस्तो कुरा गरिरहनुहुँदैन भन्ने मेरो माग हो ।

अर्को कुरा मैले यही सुन्ने गर्छु । यो चाहिँ रेल, पानी जहाज, सुरुङ मार्ग उडन्ते कुरा हुन भनेर । अब यसो चलेको रेल मार्गमा मैले चाहिँ अलिकति अध्ययन गरेँ । ३५ किलोमिटर चल्ने रहेछ । त्यो ३५ किलोमिटरमा एक वर्षमा १० लाख मान्छे ओसारपसार गर्दो रहेछ । १० लाख मान्छे ओसारपसार गर्दाखेरि साढे तीन करोड रुपैयाँ रेल्वेले आम्दानी गर्दो रे'छ । तर ती दश लाख मान्छे त्यो ३५ किलोमिटरमा एक वर्ष आवतजावत गर्दाखेरि साढे २३ करोड रुपैयाँ खर्च हुँदो रे'छ । जब कि त्यो २० करोड रुपैयाँ बचत भएर जनताको बिचमा अहिले बचत छ । त्यो चिजलाई हामी के भन्छौं भन्दा उडन्ते योजना भनेर भन्छौं । अझ सुरुङ्गमार्ग र जलमार्ग चलेपछि त त्यसको आउने फिडब्याक त पछि हेरौंला नै । तर आयोगको सन्दर्भमा मैले हेर्दाखेरि मोटामोटी हिसाब गर्दाखेरि पनि त्यस्तो देखिँदो रे'छ । अनि हामी त्यसलाई के भन्छौं भन्दा उडन्ते योजना भन्छौं । उहाँ २५ हजार मरिसके एउटा भ्याक्सिन किन्दैन सरकार, त्यसलाई चाहिँ राम्रो भन्छौं । यस्तो आग्रहबाट हामी चाहिँ नबसौं । आग्रहबाट माथि उठौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको अर्को प्रस्तावक माननीय डक्टर विमला राई पौडयाललाई आफ्नो खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजका लागि निर्धारित निकायका विनियोजित शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १२ मिनेट ।

(१२:२८ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, हुन त यो जति भनरे पनि  चाहिँ परिवर्तन हुँदैन भन्ने कुरा हामीले बुझेका छौं । कोही गठबन्धनका विरोधी, कोही गठबन्धनका सिपाही । गठबन्धनका विरोधीले कमी कमजोरी औँल्याउने, गठबन्धनका सिपाहीले टेबुल ठटाएर पास गर्ने, अनि मन्त्रीज्यूहरूले यसो जवाफ दिए जस्तो गर्ने यो कर्मकाण्डमै छौं हामी अहिले पनि त्यो हुन त कहिले काही लाज पनि लाग्छ वास्तवमा । हामी Independent सार्वभौम सांसद हौ कि? टाउको गन्ने चाहिँ भेडा, बाख्रा हौं जस्ता पनि लाग्छ बेला बेलामा । तर पनि यो खर्च कटौतीको प्रस्ताव राख्दा यहाँ आएर बोल्न पाइने रे'छ । आफ्ना सुझाव राख्न पाइने रे'छ । त्यो भएर केही जमर्को गर्दैछु ।

मैले २५ ओटा मन्त्रालयमा जम्मा तीनटा मन्त्रालयलाई अलि गहिरोसँग हेर्ने प्रयत्न गरेको छु । सबैभन्दा पहिला ४२ दिन मन्त्री भएर बसेको परराष्ट्र मन्त्रालयबाट सुरू गर्छु । परराष्ट्र मन्त्रालयको मैले बुझेको काम भनेको नेपालको असंलग्न परराष्ट्र नीति बारे प्रष्टता ल्याउने र त्यहीअनुसार व्यवहारमा काम गर्ने, राष्ट्रिय अखण्डता, सार्वभौमिकताको रक्षा गर्नको लागि संसारसँग त्यहीअनुसारको Communicate गर्ने, विभिन्न मन्त्रालयहरूमा विदेशबाट आउने सहयोगको लागि सहजीकरण गर्ने, समन्वय गर्ने, संसारमा नेपालको प्रतिनिधित्व गर्ने र अन्तर्राष्ट्रिय सङ्घ,संस्थाहरू संयुक्त राष्ट्र सङ्घमा नेपाललाई प्रतिनिधित्व गर्ने यस्ता केही महत्त्वपूर्ण जिम्मेवारीहरू छन् परराष्ट्र मन्त्रालयका । व्यवहारमा के भइरहेको छ? व्यवहारमा हेर्दाखेरि हामीले असंलग्न परराष्ट्र नीति छोड्या हो कि जस्तो लाग्छ । परराष्ट्र नीति बन्यो । परराष्ट्र नीतिको परिमार्जन गरौं अथवा Stakeholder हरूसँग बसेर छलफल गरौं भनेर त्यो काम पनि गरियो । तर त्यो अहिलेसम्म Published भा'को छैन । परिमार्जन कहिले हुन्छ? Published कहिले हुन्छ? त्यो अहिले मलाई थाहा छैन । तर हाम्रो व्यवहारले के देखाइरहेको छ भने हामी छिमेकीहरूसँग र संसारका अरू देशहरूसँग पनि असंलग्न होइन, असमान व्यवहारतिर गइरहेका छौं । अहिलेको बजेटले पनि त्यही देखाउँछ । माफ गर्नुहोला । किन त्यस्तो देखाउँछ? म एउटा मात्रै उदाहरण दिन्छु । थुप्रै उदाहरण छन् । एउटा मात्रै उदाहरण दिन्छु । छिमेकी चीन देशका राष्ट्रपति सि जिन पिङ भ्रमणमा आउनुभयो । त्यति बेला सहमति भयो । BRI सँग सम्बन्धित धेरै

योजनाहरूका कुरा भयो । त्यो कुनै पनि सहमतिअनुसार कामहरू अगाडि बढेको छैन । त्यसमा परराष्ट्रले कुनै पनि किसिमको सहजीकरण गरेको देखिँदैन । अनि बजेटमा कार्यक्रममा BRI को नामसमेत छैन । भेटिँदै भेटिँदैन । हामीले छोडचा हो? अनि प्रधानमन्त्रीले अस्ति त मौखिकै रूपमा भनी नै हाल्नुभयो । प्रधानमन्त्री बन्नको लागि व्यापारीहरू दिल्ली दौडमा गएका कुराहरू आए पनि । कि बजेट कार्यक्रम पनि हामी त्यतैबाट पास गर्दैछौं कि क्या'हो? परराष्ट्रले सहजीकरण गरिरा'को छ? नत्र भने किन एकतर्फी हुन्छ बजेट? हाम्रो छिमेकीसँगको सम्बन्ध असमान हुँदैछ, एकातिर ढल्किँदैछ विचार गर्नुहोला । र यो असंलग्न परराष्ट्र नीति हामीले छोडचा हो कि अझै समातिराखेका छौं? व्यवहारमा के छ? त्यो विषयमा जवाफ दिनुहोला भनेर मैले अनुरोध गरें । मन्त्रीज्यूलाई पनि देखेर अनुरोध गर्दछु ।

त्यस्तै गरिकन संयुक्त राष्ट्र सङ्घमा मैले थुप्रै देशको प्रतिनिधिहरूसँग कुरा गरें । उहाँहरू Absentee बस्नुहुन्छ । कुनै कुनै प्रस्ताव आउँदाखेरि आफ्नो देशलाई प्रत्यक्ष रूपमा घातक हुँदैन भने उहाँहरू Absent बस्नुहुन्छ । तर हाम्रो देश परको देशले जे भन्छ हामी त्यसैमा थप्पा हान्छौं, हेर्नुहोस् । इजरायलको सम्बन्धमा हामीले गरेका, संयुक्त राष्ट्र सङ्घमा छाप्पा हानेका कुराहरू हेर्नुहोस्, त्यस्तै देखिन्छ । हामी असंलग्न परराष्ट्र नीति छ हाम्रो? यो विषयमा जवाफ दिनुपर्छ जस्तो मलाई लाग्छ ।

अर्को काम समन्वय र सहजीकरणको काम हो । समन्वय र सहजीकरणको काम हेर्दाखेरि यस्ता थुप्रै उदाहरणहरू छन् । जसमा परराष्ट्रले कतै राम्रो काम गरेको छ । कतै चुकेको छ । चुकेका केही उदाहरणहरू मैले यहाँ दिँदै छु । रसियाको निमन्त्रणामा सम्माननीयज्यू हाम्रो आफैं सम्माननीयज्यू नै आफैं नेपाली टोलीको प्रतिनिधित्व गर्दै भ्रमणमा जानुभयो । अस्ति भर्खरको कुरा हो । त्यसपछि त्यहाँको सदनको डचूमाको अध्यक्षलाई हाम्रो सभामुखले निमन्त्रणा गर्नुभयो । त्यो निमन्त्रणा पत्रअनुसार त्यो निमन्त्रणा गर्ने सहमति भएअनुसार उताबाट अध्यक्ष चाहिँ अक्टोबर १७ र १८ मा नेपाल आउनका लागि काम गरेर बस्नुभा'को छ । सहमति त्यहाँ भ'कोअनुसार तर परराष्ट्रले त्यो चिठ्ठी थन्काइदि'राख्या छ भन्ने सुन्नमा आएको छ । किन थन्काको? त्यो सहजीकरण गर्ने जिम्मेवारी परराष्ट्रको हो कि होइन? अनि कुनै देशबाट एकोहोरो रूपबाट ठुला नेतृत्वहरू आइरहन्छन् । Uninvited Guest भनेर मैले यही मञ्चबाट भनेको छु । Uninvited Guest आइरहन्छन् । कुनै देशबाट invite गर्दाखेरि invite गरेको Letter परराष्ट्रमा थन्किन्छ । हामी परराष्ट्रमा असंलग्न नीति नै भन्दै छौं अझै? कहाँ छौं हामी? यसको पुनरावलोकन गर्न जरूरी छ जस्तो मलाई लाग्छ । अध्यक्षको भ्रमणको क्रममा शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारमा सहयोग गर्ने भनेर त्यहाँ कुराकानी भएको थियो ।

त्योअनुसार सम्बन्धित मन्त्रालयहरूले परराष्ट्रलाई चिठ्ठी पठाउनुभा'को छ? सहजीकरणको लागि परराष्ट्रले थन्काएर राखेको छ । किन? त्यो सम्बन्धित मन्त्रालयले माग गरेर आइसकेको चिठ्ठी परराष्ट्रले अगाडि बढाउनुपर्छ कि पर्दैन? समन्वयमा हामी किन चुकिरहेका छौँ? यसको पनि यदि चुकेरै राख्ने हो भनेदेखि त किन बजेट चाहियो त परराष्ट्रलाई भन्ने मेरो कुरा हो । कामै नगर्ने हो भने बजेट किन दिनुपऱ्यो?

अर्को देशमा हाम्रो प्रतिनिधित्व गर्ने पनि एकदमै महत्त्वपूर्ण कुरा हो तर म हुँदैखेरि एक महिना पछि खाली हुने भनेर होमवर्क गरेर Career Diplomat हरू खाली हुँदै थिए । त्यो ठाउँमा Career Diplomat नै राख्ने गरिकन मैले नै प्रस्ताव अगाडि बढाएको सात ओटा नियोग अहिले खाली छ । अन्तर्राष्ट्रियस्तरमा हाम्रा सात ओटा नियोगहरू खाली छन् । परराष्ट्र के गर्दै बसेको छ? त्यति बेला प्रधानमन्त्रीले मैले लगेको प्रस्ताव गठबन्धन परिवर्तन हुने सुइँको पाएर होला । उहाँले अगाडि बढाउनुभएन । अहिले पनि गठबन्धन परिवर्तन हुँदैछ? किन त्यो नियुक्ति नगरेको? त्यो विषयमा पनि परराष्ट्र बोल्छ कि बोल्दैन? परराष्ट्र मन्त्रीज्यूलाई नै मेरो प्रश्न यो । विदेशमा रहेका हाम्रा दूतावासको प्रभावकारीता हेर्ने हो भने दिनदिनै अझै पनि साथीहरूले खोइ कसरी कसरी मलाई नै मन्त्री ठान्नुहुन्छ, फोन गर्नुहुन्छ, म्यासेन्जरमा खबर गर्नुहुन्छ । दूतावासमा अफिस आवरमा, अफिस डेमा फोन उठ्दैन । हाम्रा दूतावासहरूमा त्यसको प्रभावकारीता पनि छैन । परराष्ट्रमा कसरी खर्च राख्ने त? किन बजेट राख्ने? यो पनि एउटा भयङ्कर ठुलो प्रश्न देखेको छु मैले । यसै कारण यदि समन्वय गर्न पनि नसक्ने, नीतिगत स्पष्टता हाम्रो असंलग्न परराष्ट्र नीति हो भनेर प्रष्ट रूपमा भन्न नसक्ने, त्योअनुसार व्यवहार गर्न नसक्ने, नियोग अन्तरर्राष्ट्रियस्तरमा खाली राख्ने, हाम्रा भएका नियोगहरूको प्रभावकारीता ल्याउन नसक्ने हो भने परराष्ट्रलाई किन बजेट चाहियो? मेरो प्रश्न त्यही हो ।

अब एकछिन म अर्थमन्त्रालयमा जान्छु । मेरो समय फेरि घर्कँदै छ । अर्थमन्त्रालयमा थुप्रै मेरा नीतिगत असहमति छन् । अर्थमन्त्री मैले देखिराखेको छैन । अन्य मन्त्रीहरू हुनुहुन्छ । थुप्रै असहमतिहरू छन् । त्यसमा केही मात्रै मैले यहाँ छुन्छु । नीतिगत कार्यक्रम र बजेटमा तादात्म्यता छैन । नीति कार्यक्रम एकातिर छ, बजेट एकातिर छ । हेर्नुहोला गएर । त्यसपछि सङ्घीयतामा देश गएको छ । तर बजेट विनियोजन त्यस्तो देखिँदैन । अहिले पनि सङ्घबाट १/१ लाखका कार्यक्रमहरू हामीले त्यो बजेटको किताबमा ल्या'का छौँ । यही टेबलबाट पास गरेर पठाउँछौँ । नीतिगत सङ्घीयतामा हामी गए पनि त्यो काम चाहिँ भा'को छैन ।

अनि त्यसपछि योजना आयोग र वित्तीय आयोगले सिलिङ्ग दिएका छन् । तर त्यो सिलिङ्गअनुसार बजेट आएको छैन । अर्थमन्त्रालयले आफ्नै खुसीले सिलिङ्ग राखेको छ । आफ्नै खुसीले बजेट विनियोजन गरेको छ । त्यसो भए यी महङ्गा आयोगहरू किन राख्ने? त्यो आयोगहरू खारेज गर्दिए हुन्छ । उहाँहरूले दे'को सिलिङ्ग यदि काम लाग्दैन भनेदेखि त्यो आयोग खारेज गरौं भन्ने मेरो प्रस्ताव हो ।

त्यसपछि बजेट Allocation न्यायिक हुनुपर्छ भन्छौं हामी । तर शक्तिशाली व्यक्तिको जिल्लामा उहाँहरूले भनेका योजनामा स्रोत विनियोजन भा'को प्रशस्तै देखिन्छ । एउटा ठुलो परियोजनामा त ७७ जिल्लामा कार्यान्वयन हुनुपर्ने परियोजना तीन जनाको निर्वाचन क्षेत्रमा आधाभन्दा बढी ग'को छ रे । नाम पनि भन्दिहालौं । नुवाकोट, गोरखा र डडेलधुरामा आधाभन्दा बढी गा'छ रे । न्यायिक हो? त्यसैलाई न्यायिक भन्छन्? अनि हामी त्यो पास गर्ने? त्यो बजेट? अब गठबन्धनको नाममा हामी पास त गर्छौं तर समानताको विरूद्धमा हुन्छौं । न्यायको विरूद्धमा हुन्छ । यो हामी सांसदहरूले पनि बुझ्नुपर्छ जस्तो मलाई लाग्छ सम्माननीयज्यू ।

सुशासनमा अर्थमन्त्रालयको सबैभन्दा ठुलो हात हुन्छ । किन भने अर्थ हो नि त । सुशासन हो त्यही भएर चाहिँ त्यहाँ कन्ट्रोल गर्नुपर्छ भन्ने हुन्छ । तर महालेखापरीक्षकले सबैभन्दा धेरै बेरूजु अर्थमन्त्रालयमा देखाउँछ, ५७ प्रतिशत । आफ्नै मन्त्रालय सुधार गर्न सक्दैन । अरू के मन्त्रालय सुधार गर्ला अर्थमन्त्रालयले? त्यो भएर पनि अर्थमन्त्रालयमा भौगोलिक असमानता बढाउने, पक्षपातपूर्ण व्यवहार गर्ने, सुशासन कायम गर्न नसक्ने, सङ्घीयताको विपरीत बजेट Allocation गर्ने, अनि यो मन्त्रालयलाई जनताको करबाट पाल्ने कि नपाल्ने? त्यही भनेर खर्च कटौतीको प्रस्ताव मैले राखेको ।

अब रक्षा मन्त्रालयमा एकदमै थोरै मात्रै भन्छु । मसँग समय घर्किंदै छ । रक्षा मन्त्रालय सीमा सुरक्षाको लागि सबैभन्दा महत्त्वपूर्ण मन्त्रालय हो । सीमा सुरक्षा भा'छ? अतिक्रमणका सूचनाहरू दिनदिनै आ'का छन् । के गरेका छौं हामीले? सीमा सुरक्षा हामीले गर्न सकेका छैनौं । सीमा सुरक्षामा परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयको ठुलो हात हुन्छ । दुई बिचको समन्वय नभएर हो कि के हो? हामीले राम्रोसँग हाम्रा Concern हरू Express पनि गर्न सकेका छैनौं । Express गर्न पनि डराउछौं हामी । अनि विदेशी सहयोग लिएर तालिम भ्रमण प्रशस्तै हुन्छ, रक्षा मन्त्रालयमा । प्रशस्तै हुन्छ, विदेशको सहयोगबाट । विदेशीको कति धेरै त्यसमा चाहिँ त्यहाँभित्र पसेको छ Interest भन्ने कुरा त अलि अलि मैले ४२ दिन त्यहाँ मन्त्री हुँदैखेरि थाहा पाए । अहिलेको मन्त्रीले कति थाहा पाउनुभा'छ? थाहा छैन । असाध्यै धेरै

चलखेल हुन्छ । विदेशबाट आउने सहयोगको नाममा रक्षा मन्त्रालयमा त्यो चाहिँ एकदम धेरै मैले अनुभूत गरेको छु । अनि हाम्रो देशको स्वार्थ रक्षा गर्न नसक्ने रक्षा मन्त्रालयलाई यति धेरै ८० हजार कि ९० हजार कति सेना चाहिन्छ कि चाहिँदैन? पुनरावलोकन गरौं । हाम्रो देशभित्र लडाइँ छैन । अनि छिमेकीबाट लडाइँ हुने सम्भावना देखिँदैन । भइहाल्यो भने पनि हामी टिक्न सक्ने अवस्था देखिँदैन । सीमा सुरक्षा गर्नको लागि राम्रोसँग यसले Communicate पनि गर्न सक्दैन, सुरक्षा गर्ने त परै जाओस् । भनेदेखि यस्तो मन्त्रालयलाई पाल्ने कि नपाल्ने? ८०/९० हजार सेना हामीलाई चाहिन्छ कि चाहिँदैन? यही प्रश्नसहित मैले आफ्नो खर्च कटौतीको प्रस्ताव राखेको हुँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब आजका लागि निर्धारित निकायहरूसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । माननीय तारामान स्वांर । समय ११ मिनेट । त्यसपछि माननीय दुर्गा गुरुङ्ग ।

**(१२:४० बजे) <u>माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी विनियोजन विधेयक, २०८० को विभिन्न मन्त्रालयगत विनियोजनमाथि छलफल गरिरहेका छौं । पूर्ववक्ता माननीयज्यूहरूले राख्नुभएका रचनात्मक टिप्पणीहरूप्रति समर्थन गर्दै म आफ्नो धारणा व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, बजेटका सिद्धान्त र प्राथमिकता तथा नीति र कार्यक्रमका बिच राम्रै तालमेल रहेको थियो । तर बजेट आउँदा नीति र कार्यक्रममा कैयौं विषयहरू समेटिएनन् । र तालमेल बिग्रियो । मन्त्रालयगत विनियोजनसम्म आउँदा त तालमेल कति पनि मिलेको देखिएन । यस्तो किन भयो? सबैले जवाफ चाहन्छन् । बजेटका सिद्धान्त र प्राथमिकतादेखि लिएर अहिले मन्त्रालयगत विनियोजनसम्म हामीले निरन्तर छलफल र सुझावहरू दिइरहेका छौं । तर त्यसलाई सुन्ने र ग्रहण गर्ने गरिएको छैन । तसर्थ धेरैको संसदमा बजेटमाथि छलफलको कुनै औचित्य छैन भन्ने धारणा रहेको छ । यस्तो हुनुको कारण हाम्रो आर्थिक प्रणाली नवउद्धारवादी वित्तीय पुँजीवाद जसले केहीको मात्र हित गर्दछ । हुनु र बजेट प्रणालीमा रहेको त्रुटि नै हो । हाम्रो आर्थिक प्रणाली र बजेट प्रणालीमा परिवर्तन नहुँदासम्म जतिसुकै समाजवाद उन्मुख अर्थतन्त्र र सामाजिक न्यायका कुरा गरे पनि ती पूरा हुन सक्दैनन् । असन्तुलन र असमानता भै नै रहन्छ । बजेट देशको आयव्ययमा आधारित अर्थ

राजनीतिसम्बन्धी महत्त्वपूर्ण विधेयक हो । यसले नागरिकको चुलो चौकादेखि लिएर हरेक क्षेत्र असर पार्छ । यस्तो महत्त्वपूर्ण विधेयक निर्माण गर्दा सरोकारवाला विज्ञहरू र जनप्रतिनिधिहरूका सुझावहरूलाई व्यवस्था गर्ने प्रणाली राम्रो होइन । अन्य विधेयक जस्तैः यो अर्थ विधेयकमा पनि खर्च कटौती होइन । यहाँ धेरै माननीयज्यूहरूले खर्च कटौतीको प्रस्तावहरू राख्नुभो' खर्च कटौती होइन । संशोधनसहित परिमार्जन गर्ने प्रणालीको निर्माण गर्नुपर्दछ । तसर्थ सत्तापक्ष र प्रतिपक्ष सबै राजनीतिक दलहरू मिलेर आर्थिक प्रणाली र बजेट प्रणाली परिवर्तन गर्न प्रयास गरौं भन्ने आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, मन्त्रालयगत विनियोजनसम्म आउँदा प्रतिपक्षका मात्रै होइन । हामी सत्तापक्षका माननीयहरूसमेत सन्तुष्ट छैनौं । केही नेता र मन्त्री र बिचौलियाहरूबाहेक सबै असन्तुष्ट छन् । प्रतिनिधि सभामा यो पारित भैसकेको छ । राष्ट्रिय सभामा पनि हामी सत्तापक्षका माननीयहरूले यसलाई पारित त गरौंला । तर सन्तुष्टिका साथ होइन । यहाँ मन्त्रीज्यूहरू पनि हुनुहुन्छ । म वहाँहरूसँग जान्न चाहन्छु । के तपाईंहरूले यसलाई राम्ररी हेर्नु र अध्ययन गर्नुभएको छ? वा स्वकिय र कर्मचारी वा पहुँचवाला र कमिसन खोर बिचौलियाहरूले जे जे भने त्यसैलाई तथास्तु गर्नुभएको छ? के यो सन्तुलित र संघीयताको मर्मअनुरूप छ? होइन भने एउटै शीर्षकमा २/३ ठाउँमा बजेट विनियोजन कसरी भयो? २ लाख, ५ लाखका बजेट सङ्बाटै कसरी र किन विनियोजन गरिए?

सम्माननीय अध्यक्ष महोदय, तुलनात्मक रूपले विकास भैरहेका क्षेत्रमा बढी बजेट विनियोजन गरिएको छ भने विकास नभएका पिछडिएका क्षेत्रमा निकै कम बजेट विनियोजन गरिएको छ । सुदूरपश्चिमलाई प्राथमिकतामा राख्ने भनिए तापनि बजेट विनियोजनतर्फ विभिन्न मन्त्रालयका पाना पल्टाउँदै जाँदा अन्तिममा सुदूरपश्चिम आउने त्यो पनि निकै खुम्चिएर अत्यन्तै कम बजेट विनियोजन गरिएको पाइयो । यो कस्तो खालको प्राथमिकता हो । बुझ्न सकिनँ । अर्थतन्त्रको निर्माणमा महत्त्वपूर्ण भूमिका भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई गरिएको बजेट विनियोजन आवश्यकताभन्दा निकै कम रहेको छ । विगतका बाढीपहिरोबाट क्षतिग्रस्त क्षेत्रहरूमा थप क्षति हुन नदिन विशेष कार्यक्रमसहित आवश्यक तटबन्ध निर्माण गर्न बजेट विनियोजन गरिएको छैन । सिँचाइको अभावले बाँझो रहेका र खेतीयोग्य जमिनका लागि आवश्यक क्षेत्रमा सिँचाइका योजनामा बजेट विनियोजन गरिएको छैन । एउटै नामका योजनाहरूमा दोहोराएर बजेट विनियोजन गरिएको छ । सुदूरपश्चिममा सहरी ऊर्जाको ठुलो आयोजना सम्बन्धमा कुनै चासो राखिएको छैन । राष्ट्रिय सभाका माननीयहरूले सिफारिस गरेका कुनै पनि योजना नपर्नुले राष्ट्रिय सभाप्रतिको दृष्टिकोण के हो? भन्ने आशङ्का पैदा गरेको छ ।

नागरिकको जीवनसँग सम्बन्धित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेट पनि घटाइएको छ । पुराना असफल कतिपय कार्यक्रमहरू समीक्षाविना पुनः दोहोरिएका छन् । बजेटको आवश्यक विनियोजनविना १ स्वास्थ्य संस्था, १ चिकित्सकको कार्यक्रम कसरी सफल हुनुसक्छ? स्वास्थ्य बिमा कर्यक्रमलाई थप प्रभावकारी बनाइने त भनियो । तर कसरी? भन्ने विषयमा स्पष्टताको अभाव छ । स्वास्थ्यमा विनियोजित बजेट उपचारात्मक पक्षमा मात्र केन्द्रित रहेको छ । रोकथाम निदानात्मक, प्रवर्धनात्मक पक्षमा खासै छैन । बजेटले भवन र उपकरणलाई मात्र प्राथमिकता दिएको छ । दक्ष जनशक्तिका विषयमा केही पनि उल्लेख गरिएको छैन । पछिल्लो तथ्याङ्कअनुसार १६ हजार नेपाली बराबर १ जना चिकित्सक सरकारी क्षेत्रमा कार्यरत रहेका छन् । २०४६ सालकै दरबन्दी हालसम्म कायम रहेको छ । यस्तो स्थितिले स्वास्थ्य सेवाको गुणस्तरीयता कसरी कायम हुन सक्छ? जबसम्म दक्ष जनशक्तिका लागि बजेट विनियोजन गरिँदैन । तबसम्म न त स्वास्थ्य सेवा गुणस्तरीय हुन्छ । न स्वास्थ्यका कुनै पनि कार्यक्रमहरू सफल नै हुन सक्छन् । हाम्रो संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा मानेको छ । तर यो मौलिक हकअन्तर्गत के के सेवा दिनुपर्ने हो? स्थानीय, प्रदेश र सङ्घले के गर्ने? भन्ने स्पष्टता छैन । तीन तहका सरकारले गर्ने कामका बारेमा स्पष्टताको आवश्यकता छ । प्रदेश र पालिकास्तरमा कुन कुन सेवा दिने हो भन्नेबारे स्पष्ट खाकासहितको योजना बनाउनुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहका चिकित्सक र स्वास्थ्यकर्मीहरूका बारेमा बजेटमा कुनै व्यवस्था गरिएको छैन । सङ्घ, प्रदेश र स्थानीय तहका अस्पतालको क्षमता र बेड सङ्ख्याका आधारमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको दरबन्दी थप गरिनुपर्दछ । निजी क्षेत्रका स्वास्थ्य संस्थामा जाने नागरिकहरूले किन महङ्गो शुल्क तिर्न परिरहेको छ भन्ने बारे सरकारले गम्भीर भएर सोच्न आवश्यक छ । सञ्चार तथा सूचना प्रविधि, खानेपानी र परराष्ट्र मन्त्रालयका विनियोजित बजेट हेर्दा परम्परा निभाएकोभन्दा अन्य केही देखिँदैन । निरन्तरतामा निरन्तरता मात्र दिएकोजस्तो छ । त्यसले न त ती मन्त्रालयहरूका चुनौतीहरूलाई सामना गर्न सकिन्छ । न त ती मन्त्रालयहरूले गुणात्मक र परिणाममुखी काम नै गर्न सक्दछन् ।

सम्माननीय अध्यक्ष महोदय, हरेक सरकारले हरेक बजेटमा कृषिलाई पहिलो प्राथमिकतामा राख्ने क्रमको निरन्तरतामा यसपालि पनि राखेको छ । तर कृषिको सरोकारवाला कृषि तथा पशुपन्छी मन्त्रालय यस्तो मन्त्रालय हो । जसको अधिकारमा कृषिलाई चाहिने न भूमि छ । न सिँचाइ छ । न त पशुपन्छीलाई चाहिने वन नै छ । तसर्थ कृषिको प्राथमिकतालाई न्याय गर्न सबै स्रोत साधनको व्यवस्था गर्नुका साथै भूमि, सिँचाइ र वन मन्त्रालयलाई कृषि मन्त्रालयमा गाभ्नुपर्दछ भनेर सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।

अन्त्यमा कृषि  उद्योगलगायत हर क्षेत्रमा आत्मनिर्भर हुनु र देशको विकासका साथ सार्वभौमिक अखण्डताको रक्षाका लागि हाम्रा सबै सीमाहरू बन्द गरिनुपर्दछ भन्ने विषय पुनः दोहोऱ्याउँदै आफ्नो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय दुर्गा गुरुङ्ग । समय ११ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

**(१२:५० बजे)** **पीठासीन**ः- माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" ।

**(१२:५० बजे)** **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ को बजेटमाथि मन्त्रालय छलफलमा सहभागी हुन म यहाँ उभिएकी छु । तोकिएको समयलाई ख्याल गर्दै म स्वास्थ्य मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा केन्द्रित रहेर केही धारणा राख्न चाहन्छु । हामी सबैलाई थाहा छ । हाम्रो संविधानले शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभूलाई जनताको मौलिक हक भनेर व्यवस्था गरेको छ । मौलिक हकको रूपमा व्यवस्था गरिएका विषयहरूको प्रत्याभूतिको ग्यारेन्टी गर्नु सरकारको दायित्व हो ।

सम्माननीय अध्यक्षज्यू, बजेट वक्तव्यमार्फत माननीय अर्थमन्त्रीज्यूले गुणस्तरीय स्वास्थ्य उपचार जनताको अधिकार भन्ने नाराका साथ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउने स्वास्थ्य शिक्षा र जनसेवाको माध्यमबाट स्वास्थ्य जीवन शैली प्रबन्धन गर्ने लक्ष्य आगामी बजेटले लिएको कुरा स्पष्ट पार्नुभएको छ । सम्माननीय अध्यक्षज्यू, बजेटमा ८३ अरब, ७९ करोड रकम स्वास्थ्य मन्त्रालयको लागि छुट्याएको छ । स्वास्थ्य मन्त्रालयअन्तर्गत बजेटले अघि सारेका योजनाहरू प्रायः चालु आर्थिक वर्षकै देखिन्छ । ती कार्यक्रमहरूको प्रभावकारी कार्यभन्दा अगाडिदेखि सुरु गरेका योजनाहरूलाई सम्पन्न गर्ने कुरामा बजेटले ध्यान दिएको छ । कतिपय अस्पतालहरूको क्षमता वृद्धि गरी आवश्यकतालाई पूरा गर्ने लक्ष्य पनि बजेटले लिएको छ ।

सम्माननीय अध्यक्षज्यू, बजेटमा धेरै कुरा आउँछन् तर ती कुराहरूको जानकारी राम्रोसँग जनताले पाउँदैनन् । त्यसैले आफूले पाउने सेवा सुविधा तथा अवसरबाट पनि उनीहरू वञ्चित भैरहेका हुन्छन् । जस्तो कि सरकारले जनतालाई ६ हजार ७ सय ४३ वडाका स्वास्थ्य

केन्द्रहरूबाट ९८ प्रकारका औषधि र इन्जेक्सनहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ । तर ती के के हुन् भन्ने कुरा जानकारी नहुँदा कतिपय औषधि उनीहरूले किनिरहेको छन् । स्वास्थ्यकर्मीहरूले औषधि लेखिदिन्छन् के निःशुल्क पाउने हो भनी औषधि अहिले नभएको जवाफ दिएर औषधि पसलबाट किन्न सुझाव दिन्छन् । त्यसैले नियमित रूपमा आवश्यक औषधि स्वास्थ्य केन्द्रहरूमा पुऱ्याउने र बिरामीहरूले निःशुल्क पाउने औषधिको बारेमा जानकारी गराउने व्यवस्था गरिनुपर्ने आवश्यकता मैले महसुस गरेकी छु ।

सम्माननीय अध्यक्षज्यू, सरकारी अस्पतालहरूको राम्रो अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था पनि भएको देखिँदैन । सरकारी अस्पतालमा भएका बिरामी जाँच गर्ने मेसिनहरू प्रायः सबै बिग्रिएका हुन्छन् । र बिरामीलाई बाहिर पठाउने र कमिसन लिने काम गरिन्छ भन्ने सुनिन्छ । सरकारी कार्यालयमा भएका मेसिन प्रायः बिग्रनै पर्ने या सरकारी अस्पतालमा मेसिन नहुने किन यस्तो हुन्छ? नियमित रूपमा सरकारी अस्पतालको अनुगमन र निरीक्षणको राम्रो व्यवस्था गरिनुपर्दछ भन्ने पनि मलाई लागेको छ । सम्माननीय अध्यक्षज्यू, सरकारी अस्पतालहरूको वातावरण पनि राम्रो देखिँदैन । अस्पतालको वरिपरि फोहोरको दुर्गन्ध फैलिरहेको देखिन्छ । शौचालय पस्न लायक हुँदैन । निजी अस्तपाल गए छुट्टै वातावरण छ । सरकारले सरकारी स्वास्थ्य केन्द्र तथा अस्पतालहरूबाट निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कुरा त गऱ्यो तर सरकारी भन्नेबित्तिकै त्यहाँको वातावरण सम्झेर पनि जनता ऋण काट्दै निजी अस्पताल गैरहेका देखिन्छन् । त्यसैले सरकारी स्वास्थ्य केन्द्र तथा अस्पतालहरूको वातावरण स्वच्छ बनाउन विशेष कार्यक्रम नै सञ्चालन गर्नुपर्ने आवश्यकता मैले देखेकी छु । यो विषयमा पनि गम्भीर रूपमा सरकारको ध्यान जाओस् ।

सम्माननीय अध्यक्षज्यू, अर्को कुरा बिमा सरकारले व्यवस्था त गऱ्यो तर यसको प्रयोग ठिक भैरहेको छ कि छैन । राम्रोसँग यसको अनुगमन गरिनुपर्दछ । यदा कदा चर्चा चलेको सुनिन्छ । बिमा त राम्रो कमाइ खाने भाडो पो बनायो रे त । कतिपय अस्पतालले नक्कली बिरामी खडा गऱ्यो या अहिले तत्काललाई बिमाको कुरा बन्द भयो । कागज पत्र चाहिँ पेस गरिराखुस् भन्ने उता बिरामीलाई पैसा तिरायो यता सरकारसँगबाट भुक्तानी लियो यी कुराहरू कति सत्य हुन्? जे भए पनि बिरामीको प्रभावकारी कार्यान्वयनमा सरकारको ध्यान गम्भीर रूपमा जानै पर्दछ भन्ने मलाई लाग्छ । आएका योजना तथा कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन हुने छन् भन्ने विश्वास व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्षज्यू, अब म जलस्रोत, ऊर्जा तथा सिँचाइ मन्त्रालयको विषयमा केही कुरा राख्न चाहन्छु । जलस्रोत हाम्रो महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । जलस्रोत हाम्रो देश

नेपाल विश्वकै दोस्रो धनी देशको रूपमा पनि मानिन्छ । २०६२/०६३ को संयुक्त आदोलन र त्यसैले ल्याएको परिवर्तनपछि जलस्रोतको उपयोगमा देशले गुणात्मक फड्को पनि मार्दै आएको छ । जलस्रोत सदुपयोगबाट नै हामी समृद्धि हासिल गर्न सक्छौं । माननीय अर्थमन्त्रीज्यूको बजेट मन्तव्यमा विद्युतीय उत्पादन ठुल्ठुला योजनाहरू र वैकल्पिक ऊर्जा प्रबन्ध गर्ने योजना पनि आएका छन् । अन्तरदेशीय प्रसारण लाइन विस्तारको लागि पनि ३८ अरब, ३२ करोड रकम विनियोजन गरिएको छ । समयमा नै यी योजनाहरू सम्पन्न गर्न सकिए देशको अर्थतन्त्र सुदृढ गर्ने यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने मलाई लाग्दछ । त्यसैले बनेका योजनाहरू तीव्र गतिमा सम्पन्न गर्न सकिने वातावरण बनोस् म यो अपेक्षा पनि व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, "सिँचाइमा लगानी खेतबारीमा पानी भन्ने" नारा दिएर १८ हजार ४ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य आर्थिक वर्ष २०८०/०८१ को लक्ष्य बजेटले लिएको छ । विक्रम संवत् १८८५ देखि चन्द्र नहर बनाएर आधुनिक सिँचाइ प्रणाली सुरु गरेको समयलाई हेर्दा १९५ वर्ष बितिसक्यो । यति लामो समय बित्दा पनि अझै किन खेतीयोग्य जमिनमा पूरै सिँचाइ सुविधा पुराउन सकिएन भन्ने प्रश्नतर्फ भने सरकारको ध्यान जानुपर्दछ । कृषि क्षेत्रको प्रबन्धन गरी आत्मनिर्भर बन्न वर्षौंभरि सिँचाइ सुविधाको सहज पहुँच अनिवार्य सर्त हो । पानी निरन्तर बगेर खेर जाने नदी किनारका जमिनहरू आकाशे खेतीको भर पर्नुपर्ने विडम्बनाबाट हामी मुक्त हुन सकेका छैनौं । त्यसैले बनेका योजनाहरू कार्यान्वयन गर्ने कुरामा सम्बन्धित पक्षको गम्भीर ध्यान जाओस् भन्ने अनुरोध गर्दछु । हस् त, धन्यवाद । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय जयन्ती देवी राई । समय १० मिनेट । त्यसपछि माननीय श्री शेखर कुमार सिंह ।

(१२:५८ बजे) <u>**माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी ०८०/०८१ को बजेट विनियोजनको सन्दर्भमा हामी छलफलमा छौं । यति बेला मलाई यो छलफल भाग त्यति धेरै जाँगर पनि चल्या छैन र त्यति धेरै म उत्साहित पनि छैन । किनभने हामीले संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको १० वर्ष भैसकेको छ र दुईओटा निर्वाचन हामीले स्थानीयमा पनि बिताइसकेका छौं र हामी सङ्घ, प्रदेशमा पनि बिताइसकेका छौं । र यहाँ हरेक राजनीतिक पार्टीहरूले नेतृत्व गरिसकेको छ सरकारको । आजको सरकारको बजेट विनियोजनको कुरा मात्रै होइन । जुन

हाम्रो ट्रेन्ड छ । हाम्रो त्यो जुन परम्परावादी शैली, विचार, चिन्तन वास्तवमा त्यसले गुज्रिरहेको जुन त्यो चिन्तनले गर्दाखेरि आज हामी यहाँ त्यति धेरै छलफलको औचित्य पनि हुन्छ जस्तो लाग्या छैन । किनभने हामीले छलफल गरेर हामीले सुझाव दिएर यो बजेट परिमार्जन हुने पनि होइन । र यो हाम्रो सुझावहरू त्यहाँ जान्छ भन्ने कुरा पनि हामी विश्वास छैनौं । त्यसकारणले म आज एकदमै विनम्रतासाथ आग्रह गर्न चाहन्छु कि आउँदा दिनहरूमा यो ट्रेन्डलाई हटाउनै पर्छ होइन भने आज हामी क्रान्तिकारी र प्रगतिशील सोचले जुन यो व्यवस्था हामीले निर्माण गरेका यसको अपमान हुने छ । र अहिले पनि यहाँ हरेक बजेटहरूलाई हेर्दाखेरि नीतिगत रूपमा एकदमै राम्रो र नीतिगत रूपमा बजेट त्यसको चाहिँ कार्यक्रम र सैद्धान्तिक बजेट हेर्दाखेरि हामीले एकदमै राम्रो ठानेका थियौं । र यो प्रगतिशील पनि थियो र यसले यो एउटा नयाँ ढङ्गले आ'को छ भनेर बडो विश्वास र आसावादी पनि थियौं । तर अहिले यसो हेर्दाखेरि विनियोजनको सन्दर्भमा अहिले हामीले बजेट हेर्यौं भने अहिले हामीले आशावादी बन्न सक्ने अवस्था छैन ।
किनभने यो अहिले पनि यो बजेट सन्तुलित छैन । र अहिले पनि यो बजेट व्यावहारिक छैन । अहिले पनि यो बजेट केन्द्रीकृत छ र अहिले पनि यो बजेट आत्मकेन्द्रित छ । अहिले पनि यो बजेट क्षेत्र निर्वाचन क्षेत्रलाई जोगाउने खालको मात्रै र हामी फेरि पनि जोगाएर हामी फेरि पनि त्यही सपना बोकेका छौं कि फेरि पनि यहाँ मन्त्री हुने, सांसद हुने खालका जनताको लागि भन्दा पनि आफू आत्मकेन्द्रित हुने नै बजेट देखिन्छ ।

माननीयज्यूहरूले उठाइसक्नुभएको छ । किन हामीले सन्तुलित छैन भने हामीले पटक पटक यहाँ भनेका छौं कि । पहुँचको आधारमा बजेट विनियोजन नहोस् आवश्यकताका आधारमा जहाँ विपन्न वर्ग छ । जहाँ अविकसित क्षेत्र छ । जहाँ बजेट लानु जरुरी छ । जहाँ यो देशलाई समग्र रूपमा चाहिँ विकास गर्नु छ । त्यो खालको बजेट आओस् भनेर हामीले अनुरोध गयौं । अनुनय गयौं विनय गयौं । तीनओटा जिल्लाको के भो'? त्यो सच्चिएर आयो कि आएन? हामी त्यो पनि प्रश्न गर्न चाहन्छौं । र तीन जना हाम्रा अहिलेको तत्कालीन प्रधानमन्त्रीज्यू निवर्तमान प्रधानमन्त्रीज्यू, अर्थमन्त्रीज्यूको जिल्लामा गएको बजेट सच्चिएर आयो कि आएन? त्यसकारणले अहिले पनि त्यो असन्तुलित छैन । यो बजेटले आजको मागको सम्बोधन गर्दैन । र यो बजेटले संविधानले दिएको जुन निर्दिष्ट गरेको विषयलाई पनि यसले समात्न सक्दैन भन्ने कुरा म राख्न चाहन्छु ।

र अर्को कुराः भनेको यहाँ हामी सबैले हामीले पनि बोल्छौं । र हरेक पार्टीको नेताहरूले पटक पटक भन्नुहुन्छ कि हामीले व्यवस्था फेर्‍यौं । अब अवस्था फेर्ने सकेनौं भन्नुहुन्छ । र म तपाईंहरूलाई नै कोइसचन गर्न चाहन्छु । त्यो अवस्था कसले फेर्ने? किसानहरूले हो कि?

नागरिकहरूले हो कि? विदेशीहरूले हो त्यो अवस्था फेर्ने? हामीहरूले होइन र? आज हरेक राजनीतिक पार्टीका यो त होइन । हामी आफू सत्तामा पुग्दा गरेका कामहरू सबै ठिक हुने र हामी आफू नपुगेको बेलामा सबै बेठिक हुने? आज गम्भीर ढङ्गले आज जिम्मेवार राजनीतिक दलहरूले यो कुरामा मात्रै सोचेर यो मुलुकको आर्थिक सङ्कट टर्छ? यो मुलुक यति धेरै समस्या छ । जनता थाकका थाक समस्या छ । हरेक क्षेत्र समस्या छ । टर्छ? जिम्मेवार भएर सोच्ने कि नसोच्ने आज जिम्मेवार पार्टीहरूले यो देशको स्थापित पार्टीहरूले? हाम्रो अवस्था त दिनदिनै जनताबाट त बिस्थापित हुँदै गैरहेको स्थिति छ । हामीले भोगी पनि मागेका छौं नि देखी पनि रहेका छौं । अहिले पनि हामी त्यो मानसिकबाट पनि पछि हट्न सकेका छैनौं । त्यसकारणले आज सबै राजनीतिक दल म एउटा आजको कुरा हैन । आज गठबन्धनको कुरा होइन । हिजोदेखि नै यो सत्तामा सबै पार्टीहरू लोकतन्त्र, गणतन्त्र स्थापना भैसकेपछि हामी त्यो स्थितिमा पुगेका छौं । आज संविधान फेरेका छौं । संविधान परिवर्तन गरेका छौं । धेरै राम्रा राम्रा कुरा ल्याएका छौं । तर हाम्रो विचारमा त परिवर्तन भएन । आज बाधक को हुँदै छौं? भन्ने कुरा विश्लेषण गर्नुपर्छ कि पर्दैन हामीले? र त्यसकारणले हाम्रो यो जुन ट्रेन्ड परम्परावादी सोच वास्तवमा त्यो संविधानभन्दा पनि अकाट्या बन्यो । ढुङ्गाकै अक्षरले लेखेकोजस्तो बन्यो । त्यसकारणले त्योबाट हामी परिवर्तन आफूले चिन्तन फेर्नै पर्छ । र आज हामी त्यो सोचबाट पर हटेर आज हाम्रै जिम्मा है । हामी सबैको जिम्मा है यो जनताको अवस्था फेर्ने जनताको भविष्य बनाउने । आज हाम्रो सबैको जिम्मा हो भन्ने ढङ्गले गैदिन हुनको निम्ति म सम्पूर्ण राजनीतिक पार्टीका दलहरू सरकारलाई यो आग्रह गर्न चाहन्छु ।

र मुख्य रूपमा धेरै मन्त्रालयहरूको सन्दर्भमा आज छलफल छ । तर मूलतः जहाँ जति छलफल गरे पनि ठोकिने भनेको वास्तवमा अर्थमन्त्रालयसँगै हो र अर्थमन्त्रालयले नै यसलाई अलिकति जिम्मेवारी ढङ्गले विनियोजन गर्नुपर्छ भन्ने मलाई लाग्छ र अर्थतन्त्रले नै वास्तवमा मुलुकको अवस्था सुधार्ने हो र आर्थिकले नै हो सुधार्ने । जुन त्यो नीति तथा कार्यक्रमलाई आज सफल पार्ने खालको आर्थिक विनियोजित भएको छैन । अहिले यो देशमा हेर्ने हो भने युवाहरूविहीनको देश बन्दै छ । हामी आत्मनिर्भर अर्थतन्त्रको कुरा गरिरहेको छौं । आज उत्पादनमा भाग लिने हजारौंहजार युवाहरू चाहिँ दिनदिनै पलायन भैरहेको छ । आज युवा मात्रै होइन यो देशका बौद्धिक शक्तिहरू, यो देशका विज्ञहरू हामीले अडाउन सकेका छैनौं । अनि हामीले आत्मनिर्भर अर्थतन्त्रको व्याख्या मात्रै गरेर हुन्छ? त्यसकारणले आज हामीले यी युवा शक्तिलाई कसरी रोक्ने? र आज विदेशमा घाम कहिले नडुब्ने देश बनाउने त्यो श्रमहरूलाई

कसरी यो देशमा लगाउने भन्नेबारेमा यो सरकारले सबैभन्दा बढी त्यहाँ चिन्तित हुनुपर्छ भन्ने मलाई लाग्छ ।

र अहिले सबैभन्दा जरुरी स्वास्थ्य, शिक्षा, आधारभूत जनताको आवश्यक विषय यसलाई नै हामीले अलिकति सुलभ ढङ्गले हामीले लैजान सकियो भने पनि धेरै अर्थमा जनताको मागहरू पूरा हुन्छ । र यति बेला स्वास्थ्यको कुरा गर्दाखेरि हामीले हरेक गाउँपालिकाहरूमा एउटा हस्पिटल । सामान्य हस्पिटल पन्ध्र बेडको हस्पिटल जुन गाउँपालिकामा हामीले त्यो एउटा ल्याएका छौं अवधारणा त्यो राम्रो कुरा छ । तर त्यो बनेको हस्पिटलमा अहिले विज्ञहरू छन् कि छैनन् । दरबन्दीअनुसारको चाहिँ वहाँहरूको उपस्थिति छ कि छैन? त्यो पठाउन जिम्मा लिएको छ कि छैन? छैन । त्यसकारणले आज दुर्गम क्षेत्रबाट उपचार गर्नको लागि महङ्गो ठाउँमा आउनै पर्ने बाध्यता छ । र ठिक छ । आज किन त्यहाँ जान मान्दैन । उनीहरूको पनि ती कर्मचारीहरूको पनि हामीले समस्या बुझ्नुपर्छ । किन आज प्राइभेट क्लिनिकमा बढी मात्रमा ध्यान दिन्छन्? त्यहाँबाट कसरी मुक्त बनाउने भन्नेबारेमा त्यो ठाउँमा दुर्गम क्षेत्रमा जाने डाक्टरहरू, स्वास्थ्यकर्मीहरूलाई हामीले त्यो अवसरको व्यवस्था गर्ने खालको रकम विनियोजन गर्नुपर्दछ भन्ने म माग गर्न चाहन्छु ।

र सुरक्षित मातृत्व जहाँ सुरक्षित सुत्केरी हुने अवस्था अहिले पनि छैन । महिलाहरू सुत्केरी अधिकांश महिलाको मृत्यु हुन्छ भने बालबच्चा र सुत्केरीमा नै हुने गर्दछ । र आज उनीहरूलाई सुरक्षित सुत्केरी हुने अवस्था अहिले पनि छैन । त्यसकारण त्योतर्फ पनि हामीले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । यो देशमा सबैभन्दा विश्वकै मलाई लाग्छ । यो मौलिक हकहरू भएको देश हो । तर आज एउटै पनि मौलिक हकको सुरक्षित नभएको देशको रूपमा पनि हामीले चिन्छौं । कुन चाहिँ अधिकारलाई सुरक्षित हामीले गर्न सकेका छौं । र आज त्योतर्फ हामीले चाहिँ ध्यान दिनुपर्छ कि पर्दैन? यो बजेटले त्यसलाई चाहिँ सम्बोधन गर्नुपर्छ कि पर्दैन? त्यतातिर ध्यान जानुपर्दछ भन्ने मलाई लाग्छ । र अधिकांश मानवीय विकासमा बजेट गैरहेको छैन । मानवीय विकास जबसम्म हुँदैन भने हामीले वास्तवमा दिगो विकासलाई त्यसलाई हामीले छुन सक्दैनौं र दिगो विकासको अवधारणालाई हामीले मिट गर्न सक्दैनौं । त्यसकारणले मानवीय विकासतर्फ हामी जानुपर्छ र त्यसरी नै त्यसभित्र थुप्रै पर्छ अहिले व्याख्या गर्ने समय छैन । त्यसभित्र विभेदका कुराहरू यो अघि पनि माननीय एउटा यति बेला पनि आज दलित भ'को नाउमा बाँच्न नपाउने, प्रेम गर्न नपाउने, विवाह गर्न नपाउने, कोठामा बस्न नपाउने, सँगै बसेर खाने खान नपाउने हँ? यस्तो सहन सकिन्छ? आजको युगमा पनि त्यो हामीले सहनुपर्ने आज पनि महिलाहरू जही त्यही बलात्कारको सिकार हुने, जही त्यही

हिंसा अपमान भर्खरको घटना अस्ति १३ गते प्रेमिका तामाङ त्यो कार्यस्थलमा काम गरेको बेलामा अमर लामिछानेले कुटेर कपडा च्यात्दिएर दाँत भत्काइदिया छ । आज को बोल्यो? त्यो पनि अधिवक्ता जहाँ यो देशको न्याय दिने । न्यायको संरक्षकहरू संसारलाई न्याय दिन्छु भनेर लाग्ने व्यक्तिबाट त्यस्तो हुन्छ भने हामीले के परिकल्पना गर्छौं? खै आज बोलेको कोही? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय श्री शेखर कुमार सिंह । समय ९ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१३:०९ बजे) माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, निश्चित रूपमा आज हामी के भनौं बजेटकै सेरोफेरोमा उपस्थित भया छौं । हामीले अगाडि पनि भनेकै थियौं । यसै मुलुकभित्र सायद मधेश प्रदेश पनि छ क्यारे ..... । बजेट व्यवस्थापनको समयमा वहाँले किन आफ्नो मुलुकको नठान्या होला अर्थमन्त्रीज्यू? विनम्र आग्रहका साथ यस्तो नठानियोस् हामी तपाईंकै छु । र मधेस प्रदेशमा तपाईंले के गर्नुभा'? तपाईंले एकपल्ट निहालेर हेर्दिंदाखेरि हुँदो रहेछ । हामी राष्ट्रिय सभामा आएका सम्पूर्ण प्रतिनिधिहरू वहाँहरूकै प्रतिनिधि हुँ । त्यसपछि राष्ट्रको छु । हामीले दिनहुँ त्यहाँका स्थानीय तह, त्यहाँका प्रदेश सभा घच्घचाइराख्या छ । तपाईंहरू के बसेर गरिराखुभा' छ? यसमा निश्चित ध्यान पुग्छ । किन यो सरकारमाथि हामी धेरै विश्वास राख्या छु । सर्वसम्मतको सरकार हो । यस्तो बेलामा पनि न्याय पाइएन भने कुन बेलामा हामी न्याय पाउछौं? यही बजेटकै सिलसिलामा शिक्षामन्त्रीजी आफू त आउनुभए छैन तर प्रतिनिधि पठाउनुभा' छ । मैले सप्तरी जिल्लाकै शम्भुनाथ नगरपालिकाअन्तर्गत म धन्यवाद दिन चाहन्छु । ..... संस्थालाई जो एउटा विद्यालय त्यहाँ सञ्चालन गर्या छ । दाताको सहयोगमा त्यहाँ मात्रै डेढ करोड रुपियाँको एउटा भवनको खाचो थियो । त्यहाँ डेढ करोड रुपियाँ त्यहाँ राखेर त्यहाँ भवन बनाइदिएर त्यहाँ उच्च शिक्षासम्म जाने एउटा मधेसमा पनि वातावरण बन्छ भनेर हामी मागे गर्या थियौं । तर पनि बजेटमा देखिएन ।

तेस्रो कुरो छ माननीय अध्यक्षज्यू, सबभन्दा घत लाग्दो विषय के रैछ भने । २१ औं शताब्दीमा पनि हामी आफ्नो बालबच्चालाई नेपालमा उच्च शिक्षा दिन सकिराख्या छैन । जसको प्रमाण १ लाख विद्यार्थी अझ पनि बाहिरिँदै छ । किन हो? हामी गराउन सक्दैनौं नेपालामा? हामी आफ्नो बालबच्चाको पढाइ यहाँ सुनिश्चितता गर्न सक्दैनौं? त्यतातिर हामी किन ध्यान

नदिएको होला? यसलाई यथाशीघ्र ध्यान दिएर यो जनशक्तिलाई कुनै पनि अवस्थामा बाहिर जान दिनलाई देशमै शिक्षाको सुव्यवस्था कायम गर्नुपर्छ भन्ने मेरो माग पनि छ । हाम्रो माझमा स्वास्थ्य मन्त्रीजी पनि हुनुहुन्छ । वहाँले ध्यान पनि दिनुभा' छ । यसको लागि धन्यवाद पनि दिन्छु । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि सप्तरीमा विगतका सरकारदेखि नाम त सुनिराख्या छु । जग्गा प्लट भैसक्या छ । घेरबार भैसक्या छ । यसमा पनि अब सञ्चालनतर्फ अब ध्यान जान्छ कि भन्ने उम्मिद राख्या छु । हाम्रो माझमा सिँचाइ मन्त्रीज्यू पनि हुनुहुन्छ । सिँचाइ मन्त्रीज्यूलाई मैले धन्यवाद पनि दिन चाहन्छु । यो मुलुककै सबभन्दा पुरानो सिँचाइ प्रणालीमा तपाईंहरूले यो एउटा जापान सरकारबाट अनुदान लिएर जो जसलाई पुनर्जिवित गरिराखुभा' छ । त्यो चाहिँ निश्चित रूपमा हामी सप्तरीका कृषिवर्ग, कृषिकर्मीहरूलाई ठुलो योगदान पुऱ्याउँछ । तसर्थ हाम्रै माझमा माननीय कृषि मन्त्रीज्यू पनि हुनुहुन्छ । कृषि क्षेत्रमा श्रमिक अभावको कारणले गर्दा जसमा हामी आत्मनिर्भर थियौं । आज हामी जहाँ निर्यातित थियौं । हामी आफ्नै जमानामा बङ्गलादेश, श्रीलङ्का चामल पठाएकै हो । तर आज हामी आयातित चामल खानुपर्या छ । माननीय मन्त्रीज्यूसँग मेरो एउटै आग्रह छ के । अब प्रविधि युग आइसक्या छ । अब ७५३ गाउँपालिका र नगरपालिकामा यो उपयुक्त हुँदैन । तापनि समतल भागमा धान रोपाइ मेसिनमा हजुरहरूले अहिले बेला पनि हो । 50 पर्सेन्ट अनुदानसम्म किसानलाई राहत गर्दिनुभो' भने धेरै राहत हुन्छ । र यसले उत्पादन वृद्धिमा ठुलो योगदान पुऱ्याउँछ र हामी कृषि मन्त्रीज्यूबाट उम्मिद पनि गर्या छु । वहाँले पक्कै गर्नुहुन्छ भन्ने आश पनि राख्या छु ।

त्यस्तै अब अन्तिममा आएर त अर्थमै ठोकिन्छ । हामी सप्तरीका पूर्वी भेगका बासिन्दाहरू कोशी पीडित पनि छु । र यी कोशीको बेलामा आजभन्दा ५५/६० वर्ष अगाडि आईसीएम प्रोजेक्टबाट निर्यातित निर्माणधीन सडक जो ..... फत्तेपुर सडकको नाउमा चिनिन्थ्यो । त्यो पछाडि आएर हाइवेहरूमा परिणत भो' । त्यसको १४ किलोमिटर मात्रै खण्ड जो कि हाम्रैबाट चाहिँ एउटा भारत राज्यको बिहार राज्यको बोर्डरदेखि ..... सीमादेखि इनरुवा जाने सडक हो । त्यो १४ किलोमिटरमा निश्चित तपाईंहरूले ध्यान दिनुहोला भनेर मैले आग्रह पनि गर्या थिएँ । मन्त्रालयमा गएर मैले लेखेर पनि दिया थिएँ । या रणनीतिक सडक होस् । या जो सडक होस् । हामी कोशी पीडित जनताले राहत पाउछौं । त्यो पनि हामीले उम्मिद गर्या छौं ।

साथै सम्माननीय अध्यक्ष महोदय, हाम्रो निजामती कर्मचारीहरूले पनि यस सरकारबाट धेरै आशा राख्या छ । आज पनि उनीहरूले यो आशा गरिराख्या छ । जुन निजामती ऐन यसैपालि

आउँला कि । शिक्षा ऐन यसैपालि आउँला कि । प्रहरी ऐनमा पनि यसैपालि आउने हामी उम्मिद राख्या छु । गर्दिंदाखेरि तपाईं हामी जसका भागी हुनुहुन्छ । र सम्पूर्ण जगत नै किनकि त्यो त तपाईंलाई बोनसमा खट्ने संस्था हो निजामती सेवा । जसलाई तपाईं ५८ मा घर पठाइराख्नुभा' छ । ६० गर्दिनुभो' भने त बोनसमै खट्छ । हाराहारीमा ५/६ हजार रुपियाँको फरकमा त्यो स्ट्रेन्थ हामीले काम लगाउन पाउँछु । यसमा सरकारलाई मैले पटक पटक भन्दै आ' छु । निश्चित रूपमा गम्भीर भएर ध्यान दिनुहोला ।

सम्माननीय अध्यक्षज्यू, मैले एउटो कुरो बुझ्न सकिएन । न त हाम्रो संविधानमा यो व्यवस्था छ । न चलन चल्तीमा छ । जो बजेट संशोधन हुनबित्तिकै सरकार गिर्छ भन्ने कुन ठाउँमा लेख्या छ? त्यसै कारणले अब यो जो भैसक्यो भैसक्यो प्रिबजेटमा विस्तृत छलफल गराएर यो बजेटमा आएदेखि यसरी नै हामीलाई २२/२४ दिनसम्म सदन पनि चलाउन पर्दैन । हामी एक ढिक्का भएर सबै साथ दिएर पास नै गर्छु भनेर छुँदै छ र हामी नेपाल र नेपालीकै लागि गर्या हुन्छौं जहिले पनि । त्यो विश्वास राख्दै म आफ्नो दुई शब्द यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुल प्रसाद विश्वकर्मा । समय ९ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

**(१३:१८ बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा</u>)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयकमाथि छलफल गर्दै छौं । पूर्ववक्ता माननीयहरूले बोलिसक्नुभएको छ र समग्रमा बजेट सन्तुलित छैन । निराशाजनक छ । स्वयम् सत्तापक्षका माननीयज्यूहरूबाट पनि यसका कमी कमजोरीहरू यहाँ चाहिँ व्यक्त भएका छन् । अझ खास गरेर यो बजेटले सबै विभाग, क्षेत्र, समुदाय र देशको तात्कालिक वर्तमान आवश्यकतालाई ध्यानमा राखेर आउनुपर्थ्यो । त्यो हुनुसकेको छैन । खास गरेर यो देशलाई आत्मनिर्भर अर्थतन्त्रको रूपमा विकास गर्ने हिसाबले जुन बजेट आउनुपर्थ्यो । त्यो आउन सकेको छैन । विशेष गरेर आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि आधारभूत कुरा कृषि र उद्योग नै हो भन्ने लाग्छ मलाई । कृषि र उद्योगमा हामी जब त्यसलाई सबलीकरण गर्न सक्दैनौं । त्यसलाई वैज्ञानीकरण गर्न सक्दैनौं । त्यति बेलासम्म देश आत्मनिर्भर हुन सक्दैन । र समाज अगाडि बढ्न सक्दैन । यो देश अघि जान सक्दैन । विशेष गरेर उद्योगमा यो वैदेशिक पुँजीको जुन चाहिँ प्रभुत्व छ । त्यसलाई कम गर्ने खालको योजना आएको छैन । त्यस खालको चाहिँ ।

बजेट ल्याइएको छैन । जबसम्म देशको उद्योगधन्दामा वैदेशिक पुँजीको प्रभुत्व हुन्छ । त्यसले राष्ट्रिय पुँजीलाई विस्थापित गर्छ । जबसम्म राष्ट्रिय पुँजीलाई हामीले संरक्षण गरेर त्यसलाई सुनिश्चित गरेर अघि बढाउने चाहिँ उ गर्दैनौं । त्यति बेलासम्म हाम्रो उद्योगधन्दाको विकास हुने र त्यसको उन्नति प्रगति हुने कुरा कल्पना मात्र हुन जान्छ । त्यसैले अहिलेको बजेटले यस विषयमा ध्यान दिएको छैन । नेपालको उद्योगधन्दालाई आत्मनिर्भर बनाउनको लागि राष्ट्रिय पुँजीपतिहरूलाई संरक्षण गरेर राष्ट्रिय पुँजीलाई वृद्धि र यसको चाहिँ स्केललाई बढाउनको लागि त्यस किसिमले बजेट आउनुपर्थ्यो त्यो आएको छैन ।

त अर्को मुख्य क्षेत्र हो कृषि । कृषिको क्षेत्रमा पनि त्यस किसिमको अवस्था छ । कृषिलाई प्रोत्साहन गर्नको लागि किसानहरूलाई सब्सिडी दिने कुरा, यहाँका उत्पादनलाई प्रमुखता दिने कुरा र सरकारले विशेष संरक्षण नीति बनाएर कृषिलाई अघि बढाउनको लागि त्यस खालको बजेटिङ हुनुपर्थ्यो भन्ने लाग्छ । तर त्यो भैरहेको छैन । हामीले देखिरहेका छौं । बजारमा नेपाली तरकारीले भाउ पाएका छैनन् । सडकमा गोलभेडा फालिएका छन् । खेतहरूमा काउली र बन्दागोभीहरू फाँडिएका छन् । तर इन्डियाको बजारबाट आउने सब्जीहरू निर्वाद रूपमा बेचिरहेको छ । यो किन यस्तो भैरहन्छ? नेपाली किसानले किन मूल्य पाउँदैन? यसलाई रोक्न सरकारले मेकानिजम अपनाउनुपर्छ । के सरकारले त्यतातिर ध्यान दिन जरुरी छैन । त्यसैले यो कृषिलाई आधुनिकीकरण गरेर नेपाली कृषकलाई प्रोत्साहन दिएर उनीहरूलाई अगाडि लैजाने एउटा नेपालको चाहिँ उत्पादनलाई बढी प्रमुकता दिने । किसिमले बजेटिङ हुनुपर्थ्यो । त्यो भैरहेको छैन । त्यसैले यस्तो किसिमको स्थिति रह्यो भने यो देश अझै पछाडि पर्छ । र देशमा सामन्ती प्रकारकै जुन कृषि प्रणाली छ । सामन्ती प्रथा प्रचलनहरू छ । त्यही नै छन् अहिले यसलाई नयाँ किसिमले सोचिएको छैन ।

अर्को त्यस्तै किसिमले चाहिँ । जग्गा वितरणको कुराहरू भूमि सुधारको कुराहरू ती पनि त्यस्तै रहेका छन् । अर्को भूमि आयोगका कुराहरू छन् । भूमि आयोगमा भूमि आयोगले चाहिँ केही सुकुम्वासीहरूलाई जग्गा नापी गरेर जग्गा दिने कुरो थियो । त्यसमा यति राजस्व यति अत्यधिक राखिएको छ । कि त्यो किसानले जो भूमिहीनले Afford गर्नै सक्दैन । कैयौं ठाउँमा लालपुर्जा बनिरहेको ठाउँमा किसानहरू लालपुर्जा लिन आउभन्दा पनि जान सकिरहेका छैनन् । र उनीहरूको चाहिँ मुख्य समस्या के हो भन्दाखेरि राजस्व बढी छ । यो राजस्व उनीहरूले बहन गर्न सक्ने किसानले सुकुम्वासीले बहन गर्न सक्ने हिसाबले घटाउनुपर्ने हो । यसखालको नीतिहरू लिनुपर्छ ।

त्यस्तै पर्यटन, उद्योगको कुरा पनि त्यस्तै छ । पर्यटनको क्षेत्रमा पनि सरकारले बजेटिङ गर्दाखेरि एउटा परम्परागत पर्यटनलाई मात्रै ध्यान दिएको छ । उही सगरमाथा चढ्ने, अन्नपूर्ण चढ्ने, धौलागिरी चढ्ने त्यो मात्रै । त्यति मात्रै पर्यटन होइन । ग्रामीण पर्यटनका कुराहरू छन् । गाउँ गाउँमा ग्रामीण पर्यटनलाई प्रोत्साहन दिएर त्यहाँ चाहिँ गाउँलाई आधुनिकीकरण गर्नेतिर, सुविधा सम्पन्न गर्नेतिर सरकारले बजेटिङ गर्नुपर्थ्यो । त्यतातिर चाहिँ सरकारको ध्यान जान सकिरहेको छैन ।

त्यसैले यो अहिले बजेट जनतालाई निराशाजनक छ । र त्यस्तै प्रकारले यो नीति र सिद्धान्त आउँदाखेरि त्यसमा सन्तुलित, समावेशी बजेट आउने छ भनेर वहाँ अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको थियो । हामी त्यसमा आशावादी थियौं । तर दुःखको कुरा देशको सबैभन्दा पछाडि परेको वर्ग दलित वर्गको हकमा कहीं कतै बजेटले छोएको देखिन्न । यस किसिमको अवस्था छ । महिलाको हकमा त्यही किसिमको छ, जनजातिहरूको उत्थान र प्रगतिको हकमा त्यही किसिमको छ । कहीं पनि बजेटले सन्तुष्ट हुने किसिमले छुनै सकेको छैन । दलितको हकमा त बजेटिङ नै भएको छैन । त त्यसकारणले यो पछाडि परेका वर्गहरू, पछाडि परेका क्षेत्रहरू, पछाडि परहेका समुदायहरूलाई अप्लिफ्ट गर्नको लागि । उनीहरूलाई अगाडि बढाउनको लागि सरकारले विशेष ध्यान दिएर बजेटिङ ल्याउनुपर्थ्यो त्यो हुन सकेन । यहाँ चाहिँ मैले धेरै मन्त्रालयका मन्त्रीजीहरूलाई देखिरहेको छु । आगामी दिनमा त्यही आसा राखौं । आगामी बजेटमा हामीले फेरि यहाँ निरासाको कुराहरू बोल्न पर्ने अवस्था नआओस् । र यी सरकारको यस प्रकारको जुन बजेटिङ सिस्टम आयो । त्यो सिस्टमको मैले आलोचना गर्न चाहन्छु । र त्यसका साथसाथै जुन परिवेश र जुन राजनीतिक सन्दर्भमा हाम्रो पार्टीले यो सरकारलाई गठबन्धन सरकारलाई समर्थन गरेको छ । यो बजेट यदि पास नहुने हो भने यो सरकार गिर्ने र देश फेरि आर्को दुर्घटनातिर जाने अवस्था सिर्जना हुन सक्ने भएको हुनाले यो बजेटलाई मैले समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय नारायण प्रसाद दाहाल । समय १५ मिनेट । त्यसपछि माननीय गोपी बहादुर सार्की आछामी ।

**(१३:२६ बजे) <u>माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो रोस्ट्रममा उभिएर बोल्ने कि नबोल्नेतिर जस्तो पो हुन थाल्यो । अब थोरै चाहिँ आलोचना गरौं, प्रतिपक्षका माननीयज्यूहरू बुरुक्क उफ्रिदिने । ह्या सत्तापक्षकाले पनि विरोध

गरे । यो कामै छैन भनेजस्तो उता गर्दिने । अब यता माननीय मन्त्रीज्यूहरू हुनुहुन्छ । ल्याएको बजेट उहाँहरूको किन विरोध गर्या होलान् सत्तापक्षकाले भनेर भन्नुहोला भन्ने डर पनि अलि अलि लाग्ने । मैले अस्ति पनि भन्या थिएँ । हामी एक थरी चाहिँ यो बजेट कामै लाग्दैन । बेकम्मा बजेट हो भनेर मच्चिराख्या छौं । धेरै नै मच्चिन्छौं । अब अर्को थरी हामी जसरी हुन्छ समर्थन गर्ने । समर्थनतिर मच्चिन्छौं । तर लास्टमा मान्त्रीज्यूहरूले अलि अलि त्यहाँ जवाफ दिनुहुन्छ । अनि हामी सबै थेच्चिन्छौं । अब यो ग'को हस्रा हामी धेरै ढङ्गले मच्चियौं नि धेरैतिर मच्चियौं नि । त्यो मच्चिएको के हो त त्यसो भए रिजल्ट के आयो त? थेच्चिनेबाहेक त अरू केही नि आएन जस्तो लाग्छ मलाई । त्यसकारण अलिकति सोचौं भन्ने लाग्छ । मेरो एकदम आग्रह के हो भने यो राष्ट्रिय सभालाई राष्ट्रिय सभाको गरिमामा लैजाऊँ । यहाँ कम से कम अन्त जे भए पनि हामीले यसलाई एउटा नीति, निर्माण, योजना निर्माणतिर अलिकति ओरिएन्टेसन गरौं । सहीलाई सही भनौं । गलतलाई गलत भनौं । प्रतिपक्षले यो बजेटको थोरै पनि राम्रो कुरा गरे जातै जानेजस्तो गर्दिने । मैले सुनेन एक शब्द पनि अहिलेसम्म सुन्या छैन । प्रतिपक्षबाट यी चाहिँ यति त राम्रा छन् है भन्ने एक शब्द सुन्या छैन । त्यसले गर्दा अलिअलि इगो जाग्न थाल्यो हामीलाई पनि । त्यसकारण एक थोपो पनि गलत छैन । यो बजेट एकदम सही छ भन्नै पर्ने जस्तो स्थिति सिर्जना हुन थाल्यो । यसले राम्रो दिशातिर लाँदैन । हामी कसैलाई पनि लाँदैन । देशलाई नै लाँदैन । सरकारलाई पनि ठिक दिशातिर लाँदैन । विरोध गर्नेको पनि तुकै छैन । समर्थन गर्नको पनि तुकै छैन जस्तो देख्छु म यो हिसाबले हामी गयौं भने । अलिकति म यतातिर यो राखौं भन्न कोसिस गर्न खोजेको ।

अब यो बजेटलाई मैले यसो हेर्दा दुई ढङ्गले हेर्छु । बजेट जुन आइराख्या छ नि । एउटा असाध्यै धेरै प्रचारमुखी बजेट छ यो हुने हामीले । जुन योजनाहरू आ'का छन् रकम छुट्टिएको छ । त्यसमा एक थरी हामीहरू प्रचारमा ल यो बजेट पर्यो । यति रकम पाइयो । यस्तो भयो । फलानो माननीयको सक्रियता पहलमा फलानो मन्त्रीको एउटा विश्वासमा यति पर्यो भनेर एउटा असाध्यै प्रचारमुखी ढङ्गको हाम्रो एउटा तरिका भयो । मैले हेर्छु त्यो धेरै ढङ्गले प्रचार आइराख्या छ । तर त्यतिमै त्यो प्रचार भैसकेपछि त्यसको कार्यान्वयनमा जाँदा हाम्रो ध्यान पुग्दैन । कार्यान्वयन भैराख्या हुँदैन । किन हुँदैन किन पुगिराख्या हुँदैन भन्दाखेरि लास्टमा रिजल्ट हेर्दा अहिले तपाईं चाहिँ असारको महिनाभरि कुनै बाटो हिँडिसक्नु छैन । खन्या छ । त्यो कालोमाथि के पहिलो कालो थाल्दिएपछि ८/१० दिन छोड्दिया छ । त्यो बाटो हिँड्न सक्ने पनि छैन । त्यो कार्यान्वयनको पक्षमा हाम्रो ध्यानै जाँदैन । प्रचारमा ध्यान जान्छ । कार्यान्वयन र त्यसको गुणात्मकतातिर हाम्रो ध्यान जाँदैन । त्यतातिर चाहिँ पनि हामीले

सोच्ने । सबै मिलेर सोच्नी हो कि त्यो भयो भने मात्र हुन्छ । त्यसकारण हामीले बजेट निर्माण गर्ने योजना कार्यान्वयन गर्ने भनेको त जनताको जीवनस्तरमा प्रभाव पार्यो कि पारेन? जनताको जीवनस्तर ती योजनाले यी बजेटले अहिलेको सालको बजेटले चाहिँ जनताको जीवनस्तरमा आए । उसमा कति प्रभाव पार्न सक्यो भन्ने कुरा हुन पर्ने हो बजेटमा । त्यसकारण अलि प्रचारमुखी बढी हाम्रो तर जनताको रूपान्तरणतिर ध्यान दिने कुरामा हाम्रो अलि कम भ'को हुनाले पनि हामी यसमा अलि विशेष ढङ्गले सोचौं भन्ने मलाई लाग्छ । जे जे भए पनि अलिकति हेर्दाखेरि कस्तो देखिन्छ भने योजना विगतका वर्षहरूको भन्दा हुनत अघि मैले अघिल्लोपटक यसो अलिकति के छो थिएँ । अघि यहाँ केही माननीयज्यूहरूले राखुभो' विगतका बजेटहरूभन्दा यो बजेट अहिलेको बजेट योजना, कार्यक्रमहरू सापेक्षित रूपमा यथार्थ वस्तुपरक छ भन्ने नै मेरो बुझाइ हो । कम से कम जनतालाई हँसाउने र उडाउनेबाट अलिकति बच्न खोज्या छ भन्ने लाग्छ मलाई यो बजेट । त्यस हिसाबले यो बजेट यथार्थपरक, वस्तुपरक दिशातिर ओरिएन्टेसन छ । त्यस मानेमा यो स्थितिलाई हामीले अगाडि बढाउन जरुरी छ भन्ने मलाई लाग्छ । अब फेरि कस्तो भो' भने । आज तीन दिन चार दिन देखुन त कुन विषयमा कुन मन्त्रालय पर्ने हो के हो भन्ने पनि भएन । अलि एउटा खालको थियो । अब गर्दै जाँदा अहिले १२/१४ ओटा मन्त्रालयको बारेमा बोल्नुपर्ने जस्तो स्थिति पनि देखा पर्ने ।

मैले थोरै शिक्षा मन्त्रालयअन्तर्गत हेर्दाखेरि अब हामीले शिक्षा भनेको सचेत, अनुशासित नागरिक र सभ्य नागरिक उत्पादन गर्ने हो । त्यो दिशातिर सरकार कति गम्भीर छ भन्ने कुराको हेक्का अथवा त्यसको ठम्म्याइ चाहिँ त्यो बजेट र योजनाले र निर्माण गर्छ भन्ने लाग्छ शिक्षाको बारेमा हामीले कस्तो शिक्षा दिन खोज्दै छौं? बजेट कुन दिशातिर ओरिएन्टेसन छ भन्ने कुराले निर्धारण गर्छ । त्यसकारण चाहिँ कम से कम हामीले खोजमूलक, अनुसन्धानमूलक योजनाहरू निर्माण जबसम्म विज्ञान र टेक्नोलोजीमा हामीले विकास गर्दैनौं । परम्परागत शिक्षामा हाम्रो जोड हुन्छ । र चाहिँ विश्वविद्यालयहरू र गाउँ, स्थानीय तहमा स्कुलहरू खोल्ने कम्पिटिसन हुन्छ । केन्द्रमा प्रदेशमा विश्वविद्यालयमात्रै खोल्ने कम्पिटिसन हुन्छ । तर शिक्षाको गुणस्तरतिर चाहिँ धेरै ध्यान जाँदैन । खोजमूलक, अनुसन्धानमूलक विज्ञान टेक्नोलोजीलाई आत्मसात् गरेर अगाडि बढ्ने खालको शिक्षाको प्रादुर्भाव अथवा त्यसको विकास हामी गर्दैनौं । मलाई लाग्छ हामीले धेरै तरक्की गर्न सक्दैनौं । हामीले देखेका छौं । विज्ञान र टेक्नोलोजीमा अगाडि बढेका देशहरू जुन सुकै हालतका भए पनि पछाडि उनीहरूले एउटा खालको विकासको गति तीव्रतामा लिएर ग'को हामीले अरू अरू । विश्वका देशहरू हेर्दा देख्छौं । त्यसकारण यो सबै चिजलाई हेर्दाखेरि अहिले एउटा सकारात्मक पक्ष बजेटमा सबै मन्त्रालयको प्रायः सबै

मन्त्रालयको के देख्छु भने मन्त्रीज्यूहरूसँग कुरा गर्दा, कर्मचारीहरूसँग कुरा गर्दा कम से कम पुँजीगत खर्च बढाउनको निम्ति साधारण खर्चलाई न्यूनीकरण गर्नको निम्ति अलि बढी गम्भीर बनेको देखिन्छ । अलि गम्भीरताका साथ त्यता ला'को देखिन्छ । त्यो नै यो बजेटको एउटा सकारात्मक पक्ष हो । तर गर्दै जाँदा कतिपय ठाउँमा यस्तो छ । कि अलि धेरै खर्च हुने । साधारण खर्च हुने त्यस्ता ठाउँहरू पनि छ । जसमा अझ सरकारको ध्यान पुगेन कि भन्ने मलाई लाग्छ । तर पनि यो दिशा जो समातेको छ । त्यो सही छ भन्ने नै मलाई लाग्छ । त्यसकारण अहिले यो मैले शिक्षा मन्त्रालयकै कुरा गर्दाखेरि अहिले प्रायः दिन माइतीघर मण्डलामा जुलुस, आमसभा, धर्ना भ'का छन् शिक्षकहरूका । त्यो विभिन्न शीर्षक कर्मचारी, शिक्षक कर्मचारी, प्लस टुका शिक्षकहरू, विकास समितिका शिक्षकहरू, यो यसलाई चाहिँ अलिकति बढी ध्यान दिन जरुरी हो कि शिक्षा मन्त्रालयअन्तर्गत जस्तोः कर्मचारीहरूको, शिक्षकहरूको यी खालका आन्दोलन जुलुसले चाहिँ राम्रो गरिराख्या छैन । यसको मुख्य कारण कहाँनेर हो भन्ने अघि केही महिना एक डेढ महिना अगाडि शिक्षक महासङ्घ र शिक्षा मन्त्रालय नेपाल सरकारको बिचमा भएको सहमतिलाई कार्यान्वयन गर्ने विषयमा हामी कहीँ न कहीँ चुकेका छौँ । त्यो नहुँदासम्म ती ९१ बुँदे सहमति जो भ'को छ । कार्यान्वयन र त्यसलाई कार्यान्वयन गर्नको निम्ति अति जरुरी भनेको शिक्षा ऐन यो चिजमा हाम्रो सरकारको तर्फबाट कहीँ ढिला भ'को छ । त्यो दिशातिर जान जरुरी छ भन्ने लाग्छ । त्यो भनेको मैले यो कहाँ जोड्न खोजेको हो भने यी दिशातिर ध्यान नदिईकन ती छुट्याइएका बजेटहरू, योजनाहरू कार्यक्रमहरू कार्यान्वयन हुनै गाह्रो देख्छु मैले । त्यसकारण यो दिशातिर सोच्न जरुरी छ भन्ने लाग्छ । त्यस्तै गरी यो सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा सुविधालगायतका विषयहरूमा सरकार गम्भीर बन्न अनुरोध छ भन्न त उसमा आयो । सिद्धान्त र प्राथमिकतामा गम्भीरताका साथ आ'को थियो । नीति कार्यक्रममा पनि आ'को थियो । तर बजेटमा यो विषयमा ठ्याक्क बोल्दै बोलिएन । ध्यानै दिइएन गएर अनौपचारिक रूपमा कुरा गर्दाखेरि पैसा छैन भन्ने खालको कुरा आउँछ । यो विषयमा अलिकति गम्भीरताका साथ सोच्न जरुरी छ । साथै विद्यालयमा कार्यरत बाल विकासका शिक्षकहरूलाई तलब बढाउने र निरन्तर पाउन बजेटमा नै ग्यारेन्टी गर्नुपर्ने कुरामा गम्भीर बन्न म सरकारसँग अनुरोध गर्दछु । त्यस्तै अहिले यो साल त एउटा खालको ढुक्क अथवा एउटा खालको चाहिँ गर्व अनुभूति पनि हामी सबैले गर्यौं । के विद्यालयहरूमा पाठ्यपुस्तकहरू पुगे समयमा । तर यो अहिले बजेट अथवा कार्यक्रममा हेर्दाखेरि अब यसलाई चाहिँ अझ व्यवस्थित र ठोस रूपमा त पुऱ्याउनुको निम्ति अझै योजनामा कमी छ भन्ने मलाई लाग्छ । त्यसलाई चाहिँ अब भोलिको वर्षहरूमा पनि यो चाहिँ अझ व्यवस्थित ढङ्गले अगाडि जाओस् भन्नेतिर नै ध्यान दिन जरुरी छ । त्यस्तै शिक्षामा मैले

अघि नै पनि भनें । स्थापित भएका सञ्चालनमा रहेका विश्वविद्यालयहरूलाई व्यवस्थित गर्न सकेका छैनौं अझै पनि भने नयाँ खोल्ने विषयतिर धेरै उद्यत नबन्न नगर्न म सरकारलाई विशेष आग्रह गर्न चाहन्छु । अहिले यो ऊ विश्वविद्यालयभन्दा पनि अलिकति यता ध्यान दिन जरुरी छ ।

त्यस्तै सम्माननीय अध्यक्ष महोदय, अब यता कृषितिरको कुरा गर्दा कृषि मन्त्रालयअन्तर्गत ल्याइएका कुराहरू सबै राम्रा छन् । छुटेका विषय त छुटेकै छन् । ल्याइएका विषय राम्रा छन् । तिनलाई कार्यान्वयन गर्ने कुरा मुख्य कुरा हो । अब ल्याइएका पनि राम्रा छन् । तिनलाई कार्यान्वयन गर्ने कुरा मुख्य कुरा हो । ल्याइएका पनि राम्रा छैनन् । छँदै छैन भन्न त अब त्यो नैतिकताले अलि दिँदैन । मिल्दा नि मिल्दैन भन ठान्छु । त्यसले गर्दा यी ल्याइएका विषय सबै छन् । अब ती नारासहित कृषि अनुदान किसानको हातमा पुऱ्याउने, रैथाने बालीको संरक्षण गर्ने, रासायनिक मल, दोब्बर अनुदान, मल कारखाना स्थापना गर्ने, उत्पादन साथमा अनुदान हातमा, बिउबिजनमा अनुदान किसानलाई खेतबारीमा प्रविधि आदि कुरा यी बजेटका सकारात्मक पक्ष हुन् । राम्रा हुन् । हामी  ले आत्मनिर्भर कृषि उत्पादनमा ध्यान दिने भनेका छौं । तर अहिले यहाँ पनि उठेको छ । किसानले उत्पादन गरेका कृषिउपजहरूको बजार भने असाध्यै धेरै लथालिङ्ग छ । लथालिङ्गै छ । दुध उत्पादनमा करिब करिब आत्मनिर्भर दिशातिर गएको हाम्रो देश अहिले सरकारको कतिपय नीति निर्णय बेलामा गर्न नसकेको कारणले किसानहरूका जो चौपायाहरू दुध उत्पादनका निम्ति ल्याएका उनीहरूको चाहिँ ठिक ढङ्गको संरक्षण गर्ने खालको व्यवस्थापन नभ'को कारणले गर्दा फेरि क्रमशः घट्दै ग'को हो कि भनेजस्तो देखिने । र उत्पादनको चाहिँ त्यो जुन खालको एउटा जनताले पाउनपर्ने चाहिँ स्थिति हो त्यो चाहिँ छैन । बिचौलियाहरूको बिगबिगी छ । त्यहीँ कालिमाटी गएर हेर्ने हो भने छर्लङ्ग देखिन्छ । हामी कुन ठाउँमा छौं । कृषिमा आत्मनिर्भर बन्ने हामी नारा दिन पछि नपर्ने हामी । यो अहिलेको सरकारलाई मात्र भन्नु त केही पनि छैन । विगतमा मै हुँ भन्ने सरकारको पनि ताल त्यही हो । अहिले यो सरकारलाई भन्दाखेरि अब फेरि कता कता अप्ठ्यारो पर्ने मैले अघि नै भनिहालें । तर पनि के हो भने सुझाव दिने कुरा आफ्नो ठाउँमा सही छ । यसमा चाहिँ गम्भीरताका साथ सोचोस् भन्ने मलाई लाग्छ । त्यस्तै अब यो विशेष गरेर यहाँ केही विषयहरू छन् । अब आपूर्तिसँग सम्बन्धित विषय तर एउटा कुरो चाहिँ सरकारको धेरै माननीय मन्त्रीज्यूहरू हुनुहुन्छ यहाँ । हामी अहिले पनि २०१४ देखि अगाडि बनेका त्यो बेलादेखि यता बनेका ऐन कानुनको भरमा बाँच्या छौं । सञ्चार ऐन, २०१४ कै छ । शिक्षा ऐन, २०२८ को छ । वनको त्यो राष्ट्रिय निकुञ्जको २०२९ को जसले गर्दा मैले अस्ति पनि राखें । त्यो.....

लाई चाहिँ सधैं एउटा कालापानीको रूपमा प्रयोग गर्नपरिराख्या छ । जो सम्भावना प्रचुर छ त्यहाँ त्यो छ । त्यसलाई विशेष गरेर ध्यान दिन जरुरी छ ।

अर्को कुरा यहाँ सिँचाइ मन्त्री यही हुनुहुन्छ । मैले बिहान शून्य समयमा राखेको थिएँ । चितवनको खगेरी सिँचाइ २०२६/०२७ सालमा सञ्चालन भ'को नेपालको एक नम्बर सिँचाइ आयोजना हो । एक नम्बर हो । तपाईँ अहिले त्यहाँ जाने हो भने त्यो नहरमा कमिला हिँड्या छन् । किसानले रोपिसक्नुपर्ने अवस्था छ । कमिला हिँड्या छन् । त्यतातिर बजेट अथवा ती दिशातिर बनेकोलाई संरक्षण गर्ने त्यसलाई विकास गर्नेतिर अलि ध्यान नपुग्या हो कि? एउटा अर्को बनाउँदाबनाउँदै हाम्रा पुराना योजना हुने भए । मेलम्ची मलाई अब पुरानो योजना जस्तो लाग्छ त्यहाँ गएर हेर्ने हो भने चलेकै छैन । पुरानो भैसक्यो । त्यो बर्खामा अलिकति पानी पर्यो भने बन्द गर्नुपर्ने भन्या त अलिकति थेग्न नसकेर हैन? त्यसको क्यापासिटी कम भएर बिस्तारै कमजोर बनेर योजना बनाउँदाबनाउँदै पुराना हुने स्थितिको अन्त कसरी गर्ने? यो सोच्न पर्यो । नारायणी लिफ्ट सिँचाइ योजना अहिलेसम्म त्यो मिसिन फेर्ने भनेर ला'को अहिलेसम्म फेरिया छैन । किसानको बिउ डडिसक्यो त्यहाँ चाहिँ सिँचाइ छैन । यो त थाहा छ ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपी बहादुर सार्की आछामी । समय १३ मिनेट । त्यसपछि माननीय गोपाल कुमार बस्नेत ।

**(१३:४२ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी नेपाल सरकारको तर्फबाट ल्याएको विनियोजन शीर्षकमा छलफल गरिराखेका छौं । नेपाल सरकारको तर्फबाट सिद्धान्त, प्राथमिकता, नीति, कार्यक्रम बजेट र अहिले हामी मन्त्रालयगत विनियोजन शीर्षकमा छलफल गरिराखेका छौं । र फेरि हामी पक्ष र प्रतिपक्ष भएर पनि बहस, छलफलमा भाग लिइराखेका छौं । सत्तापक्षले आलोचनात्मक समर्थन जस्तो, प्रतिपक्षले पूरा आलोचना । यसरी चाहिँ हामी बजेट बारेमा, विनियोजन शीर्षकमा छलफल गरिराखेका छौं । र यो सुरुवातको दिनदेखि नै यो सिलसिला क्रमशः चलिराखेकै छ । र बिचमा फेरि अलिकति विषयान्तर पनि भयो । हामी यो विनियोजन शीर्षकमा छलफलकै क्रममा एउटा विषय उठिसकेपछि सदन अवरुद्ध हुने र विषयान्तर हुने । प्रतिनिधि सभामा बजेटको बेलामा विषयान्तर भयो । त्यहाँ धेरै चर्चा पायो मुर्रा भैसीले । राँगो कि भैसी भनेर चाहिँ त्यहाँ व्यापक छलफल भयो । र यहाँ प्रतिनिधि सभा, यहाँ अहिले राष्ट्रिय सभामा झैं सदन

अवरुद्ध भएदेखि नै प्रीतम सिंहको विषयले व्यापक चर्चा पयो । सायद अब प्रीतम सिंहको चाहिँ छोरीले लेखेको पुस्तकको राम्रो विज्ञापन पनि भयो होला जस्तो लाग्छ । र अब ठुलो व्यापार त्यहाँ होला ।

अब माननीयजीहरूले जसरी बजेटको बारेमा विनियोजन शीर्षकमा आफ्नो सकारात्मक धारणाहरू राख्नुभएको छ । सबै माननीयजीले राखेका सकारात्मक विचार, भावना र धारणाप्रति म हार्दिक समर्थन गर्दछु । र यो बजेटलाई पनि म आफ्नोतर्फबाट र पार्टीको तर्फबाट पनि हार्दिक समर्थन गर्न चाहन्छु । मलाई एक/दुइटा विषय राख्न मन लागिराखेको छ । त्यो विषय भनेको चाहिँ अहिले अर्थतन्त्रको स्थिति । मलाई त के लाग्छ भने अहिले हामी सबै पार्टीका सहमतिमा राष्ट्रिय सरकार बने पनि या प्रतिपक्ष साथीहरू अहिले सरकारको नेतृत्व भए पनि, जो अर्थमन्त्री भए पनि, यो बजेट यही हिसाबको चाहिँ आउथ्यो होला जस्तो मलाई लाग्छ । किन भने अर्थतन्त्रको स्थिति हेर्दा अहिले राष्ट्र ऋण २१ खर्ब ७३ अर्ब छ । राजस्व लक्ष्य पूरा हुन सकिरा'छैन । जम्मा ६३ प्रतिशत मात्रै आजसम्मको चाहिँ हिसाब गर्दाखेरि राजस्व ६३ प्रतिशत मात्रै उठेको छ । अनि ऋण तिर्नुपरिराखेको छ । त्यो चाहिँ विकास खर्चभन्दा धेरै ऋण ३ खर्ब ७ अर्ब कति, अनि विकास खर्च ३ खर्ब २ अर्ब कति । यस्तो गर्दाखेरि चाहिँ अहिले राष्ट्रको चाहिँ स्थिति हेर्दाखेरि अर्थतन्त्रको स्थिति हेर्दाखेरि यो बजेट घाटामा छ । घाटा बजेटबाट चाहिँ देश चल्नुपर्ने स्थिति एक । अर्को कुरा राजनीतिक परिवर्तनसँगसँगै जनअपेक्षा पनि चुलिएको छ । जनचेतना पनि यस्तो अभिवृद्धि भएको छ । जनअपेक्षा जनताको चाहिँ माग राष्ट्रको आवश्यकता यो स्थितिलाई हेर्ने हो भने मलाई त लाग्छ यो असाध्यै हामी चुनौतीको बिचबाट हामीअगाडि बढिराखेका छौं, एक ।

अर्को कुरा हाम्रो बहस कहाँ केन्द्रित छ भने यो राजनीतिक परिवर्तनपछि अब विकासमा, आर्थिक समृद्धिमा, रोजगारीको क्षेत्रमा जनतालाई हामी के राहत दिन सक्छौं? देश हामी कसरी समृद्ध बनाउन सक्छौं? भन्ने विषयमा ध्यान केन्द्रित गर्न हाम्रो छलफल छैन । छलफल चाहिँ कुर्सीकै लडाई, सत्ताकै लडाई, यो एउटा राजनीतिक अस्थिरता । यो बिचको जो एउटा स्थिति हामीले देखिराखेका छौं । यो स्थिति हेर्दाखेरि चाहिँ मलाई लाग्छ यो राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै नयाँ बनेको संविधानलाई कार्यान्वयन र जनअपेक्षाअनुसार चाहिँ देशको विकास, समग्र विकास हामीले भनेका छौं दिगो विकास, फराकिलो र समावेशी विकासको चाहिँ कुरा गरिराखेका छौं एक । अर्कोतिर हामीले उत्पादकत्व बढाउने र रोजगारी सृष्टि गर्ने सृर्जना गर्ने भनेर भनिराखेका छौं । यो अनुसार हामीअगाडि बढ्न सक्छौं त? यो मलाई लाग्छ, सक्ने स्थिति छैन । हामी एकदम चाहिँ बहस अर्कोतिर लगिराखेका छौं । अब राजनीतिक परिवर्तन

भइसकेपछि राजनीतिक हिसाबले अरू गर्नुपर्ने काम के बाँकी छ? हाम्रा आफ्ना, आफ्ना चाहिँ सिद्धान्तहरू छन् । हाम्रा आफ्ना आफ्ना दर्शनहरू छन् । र हाम्रा आफ्आफ्ना चाहिँ लक्ष्यहरू छन् । त्यो लक्ष्यअनुसार जाने कुरा एउटा हो । तर राजा फालिसकेपछि त अब सङ्घीय लोकतान्त्रिक गणतन्त्र जनताबाट निर्वाचित राष्ट्रपति, शासन प्रणाली अरू सबै यो एउटा जे उपलब्धी हासिल गरिराखेका छौं । त्यसलाई अब हामीले संस्थागत गर्ने र चाहिँ अब आर्थिक विकास । अब रेमिट्यान्सले देश चलिराखेको छ । साउदी र मलेशियाले मात्रै अब श्रमिकहरू कटौती गर्दियो भनेदेखि हाम्रो देशको अर्थतन्त्रको स्थिती के हुन्छ? सरकारले एउटा राम्रो कुरा के गरिराखेको छ भनदेखि खर्च कटौती । मलाई के लाग्छ भनदेखि खर्च कटौतीलाई सरकारले दृढतापूर्वक चाहिँ लागु गरोस्, म यो निवेदन गर्न चाहन्छु ।

बजेट अलिकति छरिएको छ । हामी सङ्घीयतालाई प्रवर्धन गर्ने भनेका छौं । अनि एक लाखका योजना पनि यहीबाट दिने भनिसकेपछि त्यसले सङ्घीयता प्रवर्धन हुँदैन । अर्को कुरा के छ भने यो बजेटमा मैले के देखिरा'को छु भने पहुँचको आधारमा, आवश्यकताको आधारमा भन्दा पनि पहुँचको आधारमा, जो पहुँचमा छ त्यसले बजेट पाउने, लाने, डाडुपन्यु जस्को हातमा छ उसले चाहिँ आफ्नो क्षेत्रमा, आफ्नो जिल्लामा, आफ्नो नजिकको साथीहरूको माननीयजीहरूको मागमा अलिकति बढी चाहिँ बजेट दिने गर्दाखेरि हामीले प्रतिफल हासिल गर्यौं कि गरेनौं त? हामीलाई त प्रतिफल चाहिएको छ । लगानी बढिराखेको छ, लगानी प्रवर्धन भइरहेको छ । तर रिजल्टमा आउँदाखेरि चाहिँ त्यो सकारात्मक रिजल्ट हामीले चाहिँ पाउन सकिराखेका छैनौं, नागरिकले पाउन सकिराखेको छैन । यो एउटा दुरदर्शा जस्तो मैले महसुस गरिराखेको छु । यो एउटा कुरामा हामीले असाध्यै ध्यान केन्द्रित गर्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

अब हाम्रा केही चुनौतीहरू छ । न्यून उत्पादकत्व छ, हामीले उत्पादनलाई वृद्धि गर्न सकिराखेको छैनौं । कृषिको क्षेत्रमा, रोजगारीको क्षेत्रमा, उद्योग क्षेत्रमा, अरू आदि इत्यादि । यस्तै हामीले रोजगारी प्रवर्धन गर्न सकिराखेका छैनौं । पूँजीगत खर्च बढाउन सकिराखेका छैनौं । राष्ट्र ऋणमा चलिराखेको छ । अनि वित्तीय सङ्घीयताको अवस्था चाहिँ असाध्यै भद्रगोल जस्तो जुन देखिएको छ । यसलाई हामीले लयमा नल्याउने हो भनदेखि, यसलाई हामीले नियन्त्रण नगर्ने हो भनदेखि, यसलाई सबै राजनीतिक पार्टीले एउटा इच्छा शक्तिका साथ राजनीतिक हिसाबले आफ्ना आफ्ना खालका चाहिँ एजेन्डाहरू छन्, पार्टी छ । त्यो चुनावको बेला एउटा बहस गर्ने कुरा हो । जनताको बिचमा जाँदाखेरि हामीले आफ्नो कुराहरू राख्ने कुरा हो । तर निर्वाचनपछि जुन परिस्थिति सृर्जना भ'को छ र निर्वाचनको रिजल्टको स्थिती पनि यो सुखद् होइन । कुनै पनि पार्टीले चाहिँ मेजुरिटी नल्याउने भन्ने कुरा चाहिँ यो सुखद् होइन ।

हामी मिलेर जानुपर्ने । अहिले लिडरसिप पनि चाहिँ हाम्रो अलिकति समय समन्वयात्मक खालको चाहिँ भूमिका खेल्ने ढङ्गले चाहिँ जानुपर्ने यो स्थिति छ । समग्र अर्थतन्त्रको स्थिति, जनअपेक्षाको स्थिति अहिलेको स्थितिलाई हेर्दाखेरि चाहिँ यो एउटा चुनौती छ । यो चुनौतीलाई सामना गर्नको निम्ति हामी सबै पार्टीहरू चाहिँ मिलेरअगाडि बढ्नु नै पर्छ यदि अगाडि बढ्न सकिएन भनेदेखि यो स्थिती आएन भने मलाई लाग्छ लोकतन्त्र कमजोर हुन्छ । यो जनताको चाहिँ बलिदानपूर्ण संघर्षबाट प्राप्त उपलब्धि असाध्यै कमजोर हुन्छ भन्ने मैले महसुस गरेको छु ।

र म मैले फेरि यो चोटी अलिकति तयारी चाहिँ प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, राष्ट्रिय योजना आयोग, रक्षा र चाहिँ गृह मन्त्रालयसँग सम्बन्धित विषयमा केही बोल्नुपर्छ भनेर चाहिँ तयारी गरेको थिएँ । परिस्थिति बदलिसकेपछि यी किताबहरू थन्काएर राखेर आफ्नो कुरा मात्रै सरसर्ती राख्ने हिसाबले आएको कारणले गर्दाखेरि म यो बजेट सापेक्षित रूपमा सन्तुलित छ । अहिलेको वस्तुगत अवस्थालाई नै आधार मानेर आएकोछ । यो पास हुनुपर्छ, यो कार्यान्यवनको दिशातर्फ अगाडि बढ्नुपर्छ । केही कमिहरू छन् । यसलाई सच्याउँदै क्रमशः जानुपर्दछ भन्ने निवेदनसहित म यसलाई समर्थन गर्छु र मेरो भनाइ पनि अन्त्य गर्न चाहन्छु । हवस्त, अभिवादन, नमस्ते ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपाल कुमार बस्नेत । समय १३ मिनेट । त्यसपछि माननीय सिंग बहादुर विश्वकर्मा ।

**(१३:५३ बजे)** **<u>माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू, हामी १९८१, ०८०/०८१ को वार्षिक आय व्ययको अवस्था व्यवस्थापनको लागि केही दिनदेखि छलफलमा जुटेका छौं । माननीय अर्थमन्त्रीज्यूले पेस गर्नुभएको राष्ट्रको वर्षभरिको आय व्यय विषयमा छलफलमा जुटेका हौं । मेरो यो बजेटमा पूर्ण समर्थन भएको औपचारिक जानकारी गराउँदछु ।

र भोलीको कृषिको लागि कृषि क्षेत्रमा अझ बढी प्रभावकारी बनाउनलाई केही सुझावहरू पेस गरेको छु । कृषिको उत्पादन बढाउन कृषकलाई प्रत्यक्ष सहयोग आवश्यकता पुऱ्याउन मानव श्रमको उपयोग हुन सक्ने आवस्था नरहेकोले जोतखन, गोडमेल, बोटबाली विरुवा रोप्न औषधिउपचार गर्न, बाली काट्न, थन्काउन आदि कार्यमा सहयोग पुऱ्याउँदै सुरक्षित गोदाम तथा उचित भण्डारण गरी अधिराज्यमा क्रमशः प्रत्येक इकाईमा सहयोग पुऱ्याउन आवश्यक भएकोले

पालिकाहरूको सहयोगमा कृसानहरूको उपस्थितिमा अधिराज्यको सबै वडामा कृषि सेवा केन्द्रको स्थापना गरी उत्पादन बढाई मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने, सकिन्छ । र यसमा किसानलाई प्रोत्साहन गर्न निम्नअनुसारको सहयोग पुऱ्याउन सकिनेछ । यो कुरा म हार्दिक आग्रह गर्न चाहन्छु ।

यसका लागि प्रत्येक पालिकामा, वडामा एक/एक कृषि सेवा केन्द्रको स्थापना गरौं । र यसको मुख्य कार्य वडामा पायक परेको ठाउँमा राखौं । पालिकाले पालिकाको कार्यालयको लागि घेराबारा भएको सुरक्षित स्थानको तयार गरी घटिमा पनि ५/७ कठ्ठा भएको जग्गा ..... भण्डार गर्ने ठाउँसमेत भएको घर उपलब्ध गराउनेछ ।अहिले परिक्षणकालको लागि केही पालिकामा यसले तोकेको कार्य गर्ने छ । र पाँच वर्षभित्रमा तराईका सबै जिल्लामा रहेका पालिकामा यसले सेवा पुर्याउने छ । र ..... यस्तै कार्यक्रम पहाडमा पनि विस्तारित गरिनेछ । प्रत्येक पालिकामा सात जनाको समिति गठन गरिनेछ । एक जना प्रमुख/उपप्रमुख रहनेछन् । र कार्यविधि तयार गर्ने छन् । पालिकाले आवश्यक कर्मचारीको गाउँपालिकाले, नगरपालिकाले आवश्यक कर्मचारीको व्यवस्थापन पनि गर्ने छ । सेवा विस्तारको लागि पालिकामा जसले रितपूर्वक निवेदन दिई सेवा माग गरेमा सोअनुसार आवश्यक औजार, सुविधा दिई पूरा गरिनेछ । निवेदनको आधारमा समय तोकी सेवा प्रदान गरिनेछ । र त्यसको लागि कृषकको सेवाको लागि उपलब्ध हुनुपर्ने साधनहरू निम्नलिखित छन् ।

ट्याक्टर ५/७ थान, पम्विक सेट १/२ थान, सबै प्रकारका हलो, लेवलर, जमिन सम्याउने, बाली काट्ने मेसिन, गहुँ, धान, दाही गर्ने, काट्ने थ्रेसर मेसिन, बाली रोप्ने मेसिन, बाली गोडमेल गर्ने, दबाइ छर्ने मेसिन, स्प्रे, कोदालो, बन्चरो, दाउँलगायत अन्य आवश्यक सामग्रीहरू उपलब्ध गराइनेछ किसानलाई । विश्वमा अविस्कार भएका नयाँ नयाँ साधनहरू पनि उपलब्ध गराउन पालिकाले उपलब्ध गराउने, पालिका तथा सरकारले उपलब्ध गराउनेछ । र आफ्नो भएको साधन, सामनहरूको रेकर्ड बनाएर एक जना इन्चार्जलाई सुविधा दिई सञ्चालन गरिनेछ । यसको अर्थ के हो भने यसको Background अहिलेको किसान, अहिलेको कृषक सेवा गर्न असमर्थ छ । खेतीपाती गर्नको लागि असमर्थ छ । उसलाई सहयोगको आवश्यकता परेको छ । उसको छोरा पनि काम नभएर, घरमा काम नभएर विदेशमा गइसक्यो । ऊ आफु बुढो भइसक्यो । पहिले पहिले जस्तो धेरै जग्गा पनि छैन आजको किसानसँग । Maximum २/३ विगाह पनि जग्गा छैन । १ विगाह डेढ विगाह, आदि विगाह जग्गामा उसले निर्भर गर्नुपरेको छ । त्यसकारण किसानका यस्ता समस्याहरूलाई जहिलेसम्म हामीले बुझ्न सक्दैनौं । किसानको आवश्यकता जहिलेसम्म बुझ्न सक्दैन हाम्रो नारा फिक्का हुन्छ । यसले कुनै उपलब्ध

दिँदैन । र त्यसमा पनि Traditional रूपमा पोहोर जुनखालको बजेट थियो । परार जुन खालको बजेट थियो । त्योभन्दा अगाडि जुन खालको बजेट थियो । त्यस्तै प्रकारको बजेटलाई सधैं निरन्तरता दिने हो भने किसानहरूको हक, किसानको अवस्था अझै बिग्रेर जानेछ । यस विषयमा सचेत रहनका लागि म माननीय मन्त्रीज्यूहरू हुनुहुन्छ, माननीय सदस्यहरू हुनुहुन्छ सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

त्यसैले हामी आफुसँग भएका सेवाका उपलब्ध हुन सक्नेहरूको स्रोत ठुलो सूची बनाई सूचना पाटीमा टाँस गरौं । कृषिको लागि चाहिने दक्ष उम्मेदवार, कर्मचारीको नगरपालिकाबाट सहयोग लिऊँ । आम्दानी, खर्चको कामको दैनिक रूपमा नगरपालिकामा बैङ्कमार्फत पेस गरौं । स्रोत साधन Maintaince खर्चको अवस्था पालिकाहरूबाट नेपाल सरकारमा, नेपाल सरकारको सहयोगबाट हुने छ । आज कृषकलाई सघाउने कोही पनि छैन । न कृषकलाई कुनै एउटा जेटीए, विज्ञहरू कोही गएर भट्ने गरेको छैन । आजका किसानहरूलाई ठुला ठुला चाहिँ अब धेरै अनुभव भएका विशेषज्ञहरू छन् । ती विशेषज्ञहरूले गाउँ देखेको छैन । त्यसैले हामी निवेदन के गर्न चाहन्छौं भने प्रत्येक गाउँमा जेटीएलाई चाहिँ गाउँ केन्द्रित गरौं । गाउँमा प्रत्येक विषयका जेटीएहरूको सकेसम्म केन्द्रित गर्दै लैजाउ । त्यो केन्द्रित गरेको जेटीएमार्फत गाउँमा सेवा उपलब्ध गराउँ र सेवा सुचारू । अगाडि बढौं, कृषकहरूलाई हौसला दिऊँ । र कुन रोगमा कुन बिउ हाल्ने, कुन मल हाल्ने कुन केही कुरा पनि आजको किसानलाई थाहा छैन । त्यसैले यो कुरालाई व्यवस्था मिलाइ दिने काम आजको सरकारको हो । आजका गाउँपालिका, नगरपालिकाहरूको आजका हामी जनप्रतिनिधिहरूको पनि हो । उपभोक्तासँग जोतखन गर्न लागेको खर्च, चालकको शुल्क, तेल आदिको खर्च उठ्ने गरी पैसा जम्मा गराई मात्र सम्बन्धित काम साधन पठाऊँ । तोकिएको समयभन्दा बढी लागेमा त्यहीअनुसारको शुल्क असुल गरौं । सेवा केन्द्र एक वा दुई वार्डमा संयुक्त रूपमा पनि व्यवस्था गरौं । नेपाल सरकारले जेटीए प्राविधिक, विशेषज्ञको अनिवार्य रूपमा सेवा केन्द्रमा उपस्थित रहनेछ । जेटीएहरू हप्तामा एक पटक अनिवार्य रूपमा घर घरमा पुगेर बाली, तरकारी बाली, फलफूल, गमला खेती, च्याउ खेती, मत्स्य पालन, कुखुरा पालन, मल बनाउने, प्रयोग गर्ने तरिका, रूख बिरूवा आदि लगाउने सल्लाह दिनेछन् । र आमा बाबुको नाममा सम्बोधन गर्दै अर्को हप्ता भेट्ने बाचा गर्ने छन् । उनीहरूले त्यही घरको भित्तामा दिएको रजिष्टरमा सही गरेर फेरि अर्को घरमा जाने छन् ।

सरकारले सबै प्रकारको प्राविधिक तयारी गरी कृषि सेवा केन्द्रमा दरबन्दी तोकी पठाउन सक्ने छ । यो सेवा केन्द्रले दैनिक हाजिरा सबै घर घरमा राखी हाजिरा लिन सक्ने छ । विशेषज्ञहरूले हप्तामा एक महिना अथवा महिनामा एक पटक गाउँमा भ्रमण गर्नै पर्ने छ ।

किसानहरूले एक्लै वा सामूहिक प्राविधिक जेटीए र विशेषज्ञहरूसँग बसेर छलफल गर्ने मौका पाउने छ । कृषि सेवा केन्द्र राम्रो बिउ बिजन, मल, कीट्नाशक दबाइहरूको सल्लाह दिने साथै वितरण गर्ने व्यवस्था गरिनेछ । नेपाल सरकारले महिनामा दुई पटक, महिनामा प्रत्येक महिनामा शुभकामनाका साथ विभिन्न गाउँहरूमा, विभिन्न गाउँपालिकाहरूमा, कृषि सेवा केन्द्रमा बुलेटिनहरू प्रकाशित गरी उहाँ पठाउनेछ र र यसबाट कृषकसँग सोझै सरकारको सम्बन्ध स्थापित हुनेछ । र स्थापना गर्ने काम सरकारबाट हुने छ । र पहिलो, दोस्रो, तेस्रो छनौट हुने जो कृषकहरू छन्, उसको रेकर्ड राख्ने छ, ससम्मान गर्ने छ र नाम सार्वजनिक गर्ने छ ।

निजी क्षेत्रलाई कृषिमा प्राविधिक तालिम दिई कोर्ष पूरा गराइ समितिमा नियुक्त आफ्नो पालिकामा सबै कृषि सेवामा उपलब्ध गराउने छ । र सबै वडामा प्राविधिक सेवा दिइनेछ । बाली राम्रो उत्पादनमा ..... गरी कृषि सेवा केन्द्रले स्थानीय महानुभावहरूबाटै पुरस्कार पनि दिइनेछ । कुन ठाउँमा बोरिङ्ग गर्ने, बाध बाध्ने, कुलो खन्ने, सार्वजनिक रूपमा बाली थन्क्याउने, सेट बनाउने आदि ठाउँमा पहिले नै प्राथमिकता छुट्याउन आदि काम योजना आउनुभन्दा पहिला नै कृषि सेवा समिति आफ्नो व्यवस्था मिलाउने छ । निर्धारण गर्ने मलाई र मेरो भन्ने विवाद हुने व्यवस्था मिलाउने छ । असल स्वाभिमानी र आदर्श किसान छनौट गरी देश भ्रमण गराउने, जिल्ला भ्रमण गराउने, बालीको राम्रो निरीक्षण दिने सरकारबाट पनि सम्मान पुरस्कारका लागि व्यवस्था गर्नुपर्ने छ ।

राम्रो फसल उदाहरणीय बाली भएको जिल्लामा जिल्लाका उच्च नेता, प्रशासकहरूलाई निम्तो गरी निरीक्षण गराई किसानलाई हौसला दिइनेछ । कृषि सेवा केन्द्र पालिकाबाट निरीक्षण हुने छ । कृषि आवश्यक सहयोग ठाउँ ठाउँमा पुऱ्याउने छ । कृषि सेवा केन्द्रबाट कुखुरा पालन, मत्स्य पालन, गाई भैंसी पालन, मौरी पालन, च्याउ खेती, फलफूल सजावटको लागि फूलहरू विभिन्न जातका फूलहरू समय हेरेर बजार हेरेर उत्पादन गर्न, वृक्षारोपण गर्न आदि निर्देशन दिइनेछ र सहयोग गरिनेछ । कृषि औजारको दुरूपयोग हुन दिइने छैन । ट्याक्टरलाई जोत्ने कामबाहेक अन्य माल ओसार पसार गर्ने काममा लगाइने छैन । कृषि सेवा केन्द्रको इमान्दारिता, सक्रियता र साधनहरूको सदुपयोग संरक्षण र निष्पक्ष रूपले कृषकहरूको उत्थानको सुरूवात हो । कृषिदेखि बाहिरका विषयमा छलफल, मतभेद, तेरो मेरो तथा कृषिसँग असम्बन्धित कुराहरूमा कुराकानी नगर्ने र कृषि सहयोगी आचरण मात्र हुने गरी कडाइका साथ पालना गरिनेछ र भाइचाराको निर्माण गरिनेछ । खेत खेतमा विद्युत् व्यवस्था, विद्युत् व्यवस्था-बाट सिँचाइको व्यवस्थाको लागि पम्पिङ्ग सेटबाट पानी तान्ने व्यवस्था मिलाइनेछ । बजार व्यवस्था वडा वडामा, बिक्री व्यवस्थाको व्यवस्था मिलाइनेछ । बालीको केही अंश मात्र बढी

भएमा खरिदकर्तालाई कार्यालयमै बोलाई, फिल्डमा नै बोलाई उपस्थित गराउन सकिनेछ । विवाद समाधान किसानहरूकोमा भएको विवादमा संस्थाले दिएको अन्तिम निर्णय अन्तिम हुनेछ । मौसमको पूर्वजानकारी किसानहरूलाई गराइनेछ । सदस्यहरूको सूचना दिनेछ । यस्तो अवस्थामा संस्थाको सबैलाई अनुरोध गर्ने छ । कृषि कार्यालयमा कृषि तथा उपयोगमा आएका जमिन सफा र व्यवस्थित राखिनेछ । सेवा, सहयोग रोग लागेमा बालीको रोग लागेमा थाहा पाएमा सम्बन्धित अधिकारीहरूलाई सूचना दिइ सेवा उपलब्ध गराइनेछ ।

Cold Stores, Ware House आवश्यकताहरू बनाउन सकिनेछ । बैङ्क सहयोग कृषकलाई ऋणा आवश्यक परेमा आर्थिक कारोबार गर्न संस्थालाई सम्पर्क राखी सहयोग पुर्याइनेछ । अनुसन्धान बाली केन्द्र, अनुसन्धान केन्द्र, बालीको विकास र उत्पादन बढाउनका लागि जिल्लामा एक अनुसन्धान केन्द्रको व्यवस्था गर्न सेवा सञ्चालन गर्न आवश्यक पुऱ्याइनेछ । गरेर देखाउने, फलाएर देखाउने सबै सदस्यहरूको यो नारा हुने छ । देखाउन र फलाएर देखाउने मात्र मनमा किसानहरूले राख्ने छ । दैनिक रोजगारी गरी गुजारा गर्ने १०/१५ घरसमेत स्थापित गर्नका लागि सुविधाको व्यवस्था गरी बासस्थानको समेत व्यवस्था गरिनेछ । बेमौसमको फल तयारी गरेर आज बजारमा उपलब्ध गराइनेछ । विशेषज्ञलाई यस काममा सहयोग पुर्याइनेछ ।

अब यसबाट फाइदाहरूः उत्पादन बढी हुने भएकोले कृषिमा आत्मनिर्भर देश हुने छ । क्रमशः सरकारले निकासी गर्ने पनि दिनहरू फर्केर आउने छ । विदेश जाने ग्रामीण युवाहरूलाई आफ्नै घर गाउँमा बस्ने छन् । विदेशमा भएका विशेष गरी खाडी मुलुकमा गएका मलेसिया आदिमा गएका युवाहरू फर्केर आफ्नो घरमा आउने छन् । प्रतिव्यक्ति आय आश्चर्यजनक ढङ्गले अगाडि बढ्ने छ । कृषि, पशुपालन आदिको अध्ययनको लागि स्कुल, कलेजहरू खुल्नेछन् । र हाम्रा सरकारी, निजी विद्यालयहरूमा एक Period अनिवार्य कृषिसम्बन्धी कक्षा सञ्चालन गरिनेछ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्थकता तब मात्र पूरा हुनेछ । उपयुक्त योजनामा राष्ट्रिय सभामा व्यापक छुट्टै छलफल गरी सरकारलाई यस सभा अगाडि बढाउनका लागि हार्दिक अनुरोध छ । जुन शैलीबाट ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सिंग वहादुर विश्वकर्मा । समय १० मिनेट । त्यसपछि माननीय हरि राम चौधरी ।

(१४:०७ बजे) **<u>माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज यो विनियोजन विधेयकको शीर्षकमा १४/१५ ओटा मन्त्रालयअन्तर्गत छ । सबै मन्त्रालयमा बोल्न इच्छा हुँदाहुँदै पनि समयको अभावले गर्दाखेरि मैले दुइटा मन्त्रालय मात्रै Choice गरेर बोल्ने एउटा अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, आजको यस बैठकमा विनियोजन विधेयक, २०८०/०८१ को विभिन्न शीर्षकहरूमाथि हुने छलफल कार्यक्रमअन्तर्गतको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र खानेपानी मन्त्रालयका यस आर्थिक वर्षको बजेट तथा कार्यक्रममा आधारित रहेर म आफ्नो धारण राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतका बजेट तथा कार्यक्रमहरूसँगै सम्बन्धित रहेर म आफ्नो भनाइहरू राख्न गइरहेको छु ।यस आर्थिक वर्षका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि कुल बजेट ८३ अर्ब ९९ करोडसहित सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यक्रमहरू सञ्चालन हुने गरी केही महत्त्वपूर्ण कार्यक्रमहरूको लागि बजेट विनियोजन गरिएको पाइन्छ । जस्तो स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका अन्तर्गत लैङ्गिक र जातीय विभेद, छाउपडी, कम उमेरमा विवाहसम्बन्धी कार्यक्रम, मधेस, लुम्बिनी, सुदुरपश्चिम प्रदेशमा सञ्चालन क्षयरोग विरामीको उपचार व्यवस्थापनका लागि Referral center तथा होस्टेल सञ्चालन, एडस् तथा यौन रोग नियन्त्रणअन्तर्गत HIV संक्रमित आमा र बच्चाको लागि पौष्टिक आहार खरिद, परिवार कल्याण कार्यक्रमअन्तर्गत कुपोषण व्यवस्थापनको लागि पोषण पुनर्स्थापना केन्द्र सञ्चालन, विद्यालय, स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखीकरण कार्यक्रम, आयवृद्धि, सेवा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम, स्थानीय तहमा सञ्चालन हुने मुख्य क्रियाकलापअन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण, आधारभूत अस्पताल निर्माणको लागि बजेट विनियोजन, स्थानीय तह क्षयरोगमुक्त नेपाल अभियान सञ्चालन गर्न र निःशुल्क औषधी उपलब्ध गराउन बजेट विनियोजन जस्ता महत्त्वपूर्ण कार्यक्रमहरूका लागि बजेट विनियोजन गरिएको देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू, अब म यस मन्त्रालय बजेट तथा कार्यक्रममा रहेर माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । हामीले बजेटमा सबै नागरिकलाई न्यूनतम आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य बिमालगायत सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिइएको कुरा उल्लेख गरिएता पनि बिमा कार्यक्रमको लागि अपेक्षित बजेट उल्लेख भएको पाईंदैन । निःशुल्क सेनेटरी प्याड स्वास्थ्य संस्थामा वितरण गर्ने विषय मन्त्रालयगत बजेटमा समावेश हुन सकेको छैन । स्वास्थ्य बिमा कार्यक्रमलाई पुनः

संरचना गरी दिगो बनाइने विषयमा आधारित रहेर मन्त्रालयगत बजेट अपेक्षित रूपमा नआएको जस्तो देखिन्छ । हामीले हाम्रो संविधानमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने विषय उल्लेख गरिरहँदा मन्त्रालयले यस विषयलाई पूरा गर्न आगामी योजनाहरू कसरी तय गरिरेहको छ? तिलगंगा अस्पतालमा उत्पादित आँखाको लेन्सलाई हामीले ब्रान्डिङ्ग गरी विश्व बजारमा बिक्री गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख गरे तापनि बजेटमा समावेश हुन सकेन । यी विषयमा पनि माननीयज्यू, मन्त्री माननीयज्यूसँग म जवाफ माग्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, म अब खानेपानी मन्त्रालय विनियोजन विधेयकको बजेट तथा कार्यक्रमहरूमा आधारित रहेर म आफ्नो भनाइहरू राख्न गइरहेको छु । नेपाल सरकारले यो वर्ष खानेपानी मन्त्रालयका लागि कुल बजेट २८ अर्ब १६ करोड बजेट विनियोजन गरेको छ । सोही बजेटका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने गरी केही त्यस्ता महत्त्वपूर्ण कार्यक्रमहरूसहित बजेट विनियोजन भएको छ । जस्तै पुराना र सञ्चालनमा समस्या रहेका खानेपानी आयोजना मर्मत र पुनर्स्थापना  कार्यका लागि बजेट विनियोजन, एक घर एक धाराको लक्ष्य प्राप्त गर्ने गरी खानेपानी आयोजना तथा कार्यक्रम आधारित रहेर बजेट विनियोजन भएको छ । सहरी खानीपानी तथा सरसफाइ आयोजनाअन्तर्गत निर्माणाधीन काभ्रेको पाँचखाल, भक्तपुरको दधिकोट, काठमाडौंको डाँछीलगायत केही महत्वपूर्ण र गौरवमय योजनाहरू आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू, अब म नेपाल सरकार खानेपानी मन्त्रालय मातहत बजेट मातहतका बजेट तथा कार्यक्रमहरूसँग जोडिएर केही विषयहरूमा म माननीय मन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । मेलम्ची खानेपानी आयोजनाको भौतिक संरचना र तिनको संरक्षणमा आधारित ठोस कार्यक्रमसहित मन्त्रालयगत बजेटले समेट्न सकेको छैन । योजनाको दोस्रो चरणअन्तर्गत मेलम्ची, याङ्ग्री र लार्के जोड्ने यसरी संरचना निर्माणको कार्य अघि बढाइने विषय ओझेलमा परेको छ । सम्माननीय अध्यक्षज्यू, पानीको सतह तथा भूमिगत स्रोत संरक्षण गर्दै खानेपानी आपूर्तिको व्यवस्था मिलाइने भनिएता पनि मन्त्रालयगत बजेटमा भूमिगत स्रोतको संरक्षण गर्ने विषयमा केन्द्रित रहेर तथा भूमिगत पानी के कति निकालिएको छ? यसको असर काठमाडौं उपत्यकामा जोखिम विषयमा अध्ययन, अनुगमनका लागि मन्त्रालयको बजेट केन्द्रित छैन भन्ने सरसफाइ गुरूयोजनाको विषय बजेटले अपेक्षित गरेको छ । यी विषयमा पनि माननीय मन्त्रीज्यूको जवाफ माग गर्दै प्रस्तुत मन्त्रालयगत बजेट तथा कार्यक्रमहरूको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दै सबै मन्त्रालयको यथाशीघ्र यो बजेटलाई पास होस् भन्ने शुभकामना दिँदै आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय हरि राम चौधरी । समय ११ मिनेट । त्यसपछि माननीय जितेन्द्र नारायण देव ।

(१४:१५ बजे) **माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले २०८०/०८१ को १६ ओटा मन्त्रालयको मनत्रालयगत अन्तर्गतको बजेटहरूको बिचमा जो अहिले छलफल हुन गइरहेको छ । यसमा मैले सरसर्ती केही विषय वस्तुहरू राख्न गइरहेको छु । विशेषतः यो अहिले जो १६ ओटा मन्त्रालयको सन्दर्भमा हामी छलफल गरिरहँदा, बजेटमा छलफल गरिरहँदा हामी विस्तृत व्याख्या त गर्न सक्दैनौं । तर पनि केही विषयवस्तुहरू थोरै हामी सुझाव सल्लाह दिने प्रयास गर्छौं । र अहिले विशेषतः यो बजेटलाई सरसर्ती हेर्दै गर्दाखेरि २०८०/०८१ को बजेट को समग्र यसको बजेटको बजेटलाई जाँदाखेरि स्वाभाविक रूपमा अहिलेको यो बजेट आफैंमा सानो आकारको बजेट छ । तर यसभन्दा अगाडिको बजेट र अहिलेको बजेटलाई हामीले आकलन गर्दा र अहिलेको राष्ट्रिय राजनीति र अहिलेको परिवेशलाई मध्यनजर गरेर जाँदै गर्दाखेरि अहिलेको यो बजेट पहिलो कुरा त म के भन्छु भने यो बजेट कार्यान्वयनकै चरणमा यो आफैंमा निकै चाहिँ कठिनपूर्ण बजेट छ । अहिले १६ ओटा मन्त्रालयको व्याख्या हामी गर्दैगर्दा अथवा Briefing लाई हेर्दै गर्दाखेरि मन्त्रालयगत अन्तर्गतमा जुन मोटामोटी १६ खर्ब बराबरको जो जो बजेटलाई हेर्दै जाँदाखेरि यसलाई सबैभन्दा अगाडि यी बजेटलाई मनत्रालयमै जाँदाखेरि कार्यान्वयनको निकै कठिनाइहरू देखिन्छ । त्यसकारणले गर्दाखेरि सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूहरूले यसलाई नेतृत्व प्रदान गर्दै जाँदाखेरि यसलाई कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने कुरामा नै सबभन्दा बढी यसमा जोडबल दिनुपर्ने अवस्था छ । अहिलेसम्म हामीले हेर्‍यौं बजेट, बजेट कार्यान्वयन वर्षको असाध्यै अन्तिम चरणमा असारमा चाहिँ हुने गरिरहेको छ । त्यसकारणले गर्दाखेरि अहिले आएका यी बजेट जे जति छ यसलाई हामीले कार्यान्वयन गर्न सक्यौं नि, मन्त्रालयको सफलता नै अहिलेको कार्यन्वयनमा छ जस्तो मलाई लाग्छ ।

त्यसकारणले गर्दाखेरि मैले अब यसमा सरसर्ती म स्वास्थ्य मन्त्रालयमा जान चाहन्छु । स्वास्थ्य मन्त्रालयअन्तर्गत मैले धेरै विषयवस्तुहरू राख्नुभन्दा पनि विशेषतः ग्रामीण र तल्लो समुदायसँग जोडिएको स्वास्थ्य, प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरू जो छन् देशैभरीको, यी प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूमा एकजना एमविविएस डक्टरको त्यो ठाउँमा चाहिँ उसको चाहिँ दरबन्दी रहेको हुन्छ । तर ती दरबन्दी कुनै पनि कार्यान्वयन हुँदैन । न यसलाई मन्त्रालयबाट निगरानी गरिन्छ, न विभागबाट नै निगरानी गरिन्छ । यो किन

कार्यान्वयन भएन भनेर चाहिँ स्थानीय तहलाई सोधिँदा पनि सोधिँदैन । र यसको कार्यान्वयन नहुनुको एउटै मात्र कारण के हुन्छ भने त्यहाँ जाने एमविविएस डक्टरको तलबको कमीका कारणले गर्दाखेरि त्यो ठाउँमा जान सकेन भन्ने प्रश्नहरू रहन्छन् । यही कारणले गर्दाखेरि त्यहाँ एमविविस डक्टर चाहिँ उपलब्ध हुँदैन । र कारण यति मात्रै हो । यदि उसको तलबकै कारणले गर्दाखेरि कुनै एउटा डक्टर प्राथमिक स्वास्थ्य केन्द्र अथवा सेवाभित्र जाँदैन भने मन्त्रालयले यसलाई ध्यान दिने कि नदिने? बारम्बार त्यही बजेटलाई दोहोर्याउने या यसमा चाहिँ पुनर्विचार गर्ने? मलाई लाग्छ मैले धेरै पटक हामीहरू हेर्दा जाँदा जब स्थानीय तहहरूको गठन भइसकेपछि यो प्रक्रियालाई हामीले बारम्बार स्थानीय तहमा जाँदै गर्दाखेरि हेर्दै गरेको यो विषय, तर फेरि पनि अहिले यसो बजेटलाई हेर्दै जाने हो भने परम्परागत ढङ्गले चाहिँ त्यो बजेट आएको छ । र यी कुराहरूमा चाहिँ मन्त्रालयका यस्ता कुराहरूमा ध्यान दिन जरूरी छ । जँहा चाहिँ लाखौं मान्छेहरूको ध्यानाकर्षण छ । अहिले पछिल्लो पटक विशेषतः स्वास्थ्य मन्त्रालयअन्तर्गत अहिलेको सायद राष्ट्रिय राजनीति, राष्ट्रिय परिस्थितिको कारणले गर्दाखेरि होला । मेरो विचारमा जति चाहिँ सरकारी हस्पिटलहरू छन् । सरकारी हस्पिटल र प्राइभेट हस्पिटलहरूलाई तुलना गर्ने हो भने सरकारी हस्पिटलहरूको चाप अहिले बढेर गइरहेको छ । यो राज्यको निमित्त निकै नै सकारात्मक पाटो हो । यसलाई चाहिँ थप सुधार गरेर जान सकियो भने यसले स्वभाविक रूपमा चाहिँ मान्छेको चाहिँ एउटा सोँचमा चाहिँ एउटा चाहिँ परिवर्तन ल्याउँछ । र अहिले हामीले देशैभरिको हस्पिटलमा हेर्ने हो भने प्राइभेट हस्पिटलहरू चल्न कठिनाइ अवस्थामा छन् भने सरकारी हस्पिटलमा चाहिँ हामीले सेवा चाहिँ राज्यले सेवा दिन सकिरहेको छैन । सेवा लिनको लागि चाहिँ धेरै नै लामबद्ध छ । मैले यो एउटा नमुना कतिपय जस्तै मानौं सुदुरपश्चिममा जाँदै गर्दाखेरि सुदुरपश्चिमको चाहिँ सेती अञ्चल अस्पतालले चाहिँ सेवा दिनै गाह्रो छ । त्यति धेरै मान्छेहरूको चाप हुन्छ त्यो ठाउँमा । त्यो सकारात्मक पाटो हो । त्यो सुधारको आवश्यकता छ । त्यसकारणले गर्दाखेरि राज्यले चाहिँ सरकारी हस्पिटलहरूलाई कसरी चाहिँ थप चाहिँ यसलाई सहज बनाउने भन्ने कुराहरूमा जान जरूरी छ । कुरा गर्दै जाँदाखेरि फेरि पनि दरबन्दीको समस्या हुन्छ । त्यसले गर्दाखेरि यहाँ निर पुनः फेरि दोहोर्याउनतिर जानुहुँदैन ।

त्यसै गरी जस्तै सिकलसेलएनिमिया तराईको विशेष गरी थारु समुदायहरूमा, जनजातिहरूमा देखिने यो बिरामी हो । तर अहिले मन्त्रालयमा यो बजेट हेर्दै गर्दाखेरि न कुनै हस्पिटल तोकिएको छ? न यसको स्पष्ट रूपमा बजेट तोकिएको छ? हामीले पटक पटक कुरा उठाउँछौं तर यो लापरवाही गरिन्छ । यो कुराहरूलाई चाहिँ विशेष गरेर राज्यले चाहिँ

सिकलसेलएनिमियाको बारेमा चाहिँ कुनै प्रकारको बहसै नगर्नुपर्थ्यो । त्यसका बारेमा कुनै छलफलै नगर्नुपर्थ्यो । त्यसका बारेमा Interaction नगरे पनि हुन्थ्यो । नागरिकहरूलाई चाहिँ त्यसका बारेमा कुनै सचेतना नल्याए पनि हुन्थ्यो । यदि हामीले उसलाई जानकार गर्छौं भने हामी बजेट छुट्याउन किन कन्जुस्याई गर्छौं? कयौं बजेटहरू फजुल बजेटहरू छन् । Building हरूमा अनावश्यक, Construction हरूमा आनावश्यक बजेटहरू छन् । ती ठाउँहरूमा हामीले किन केन्द्रित गर्न सक्दैनौं? मलाई लाग्छ, यहाँनिर केही राजनीतिक रूपमा आफ्नो स्वार्थपूर्ति, सम्बन्धित समुदायभन्दा बाहिरको मान्छे सम्बन्धित मन्त्रालयको कार्यकारी प्रमुख हुँदै गर्दाखेरि उसले ती कुराहरूमा उसले चाहिँ आफुलाई चाहिँ मनोगत बनाएको एउटा गलत प्रकारको सोच मात्रै हो जस्तो मलाई लाग्छ । त्यसकारणले यी कुराहरूमा ध्यान दिन जरूरी छ ।

यसै गरी सुदुरपश्चिमको चाहिँ गेटा स्वास्थ्य विश्वविद्यालय जो अहिले भर्खर मात्र घोषण भएको छ । जसमा बजेट चाहिँ प्रतिष्ठानको नामबाट गयो । त्यो कसरी चाहिँ यस्ता खालको कमजोरीहरू कसरी हुन्छन्? यसलाई ध्यान दिन जरूरी छ । देशको सम्माननीय Prime Minister ले चाहिँ त्यसलाई चाहिँ विश्वविद्यालय भनेर चाहिँ स्वास्थ्य विश्वविद्यालय भनेर घोषणा गर्ने र बजेटमा चाहिँ प्रतिष्ठान भएर जाने यस्ता खालका चाहिँ कमि कमजोरी भएका छन् । र जुन बजेट अहिले १०० शैयाको हस्पिटल रूपमा छुट्याएको छ । सुदुरपश्चिमको एउटा महत्त्वपूर्ण र देशकै एउटा चाहिँ आकर्षक, आकर्षक र एउटा छ, नयाँ सोचका साथ बनाएको त्यो विश्वविद्यालयलाई नयाँ ढङ्गले लिएर जानको लागि जुन बजेटको अपूर्णता छ, त्यो बजेटलाई केही थप चाहिँ बजेट राज्यले विशेष तरिकाले व्यवस्थापन गरेर अगाडि बढ्नुपर्छ भन्ने म सुझाव दिन चाहन्छु । यसै गरी खानेपानी, स्वास्थ्यका चाहिँ अन्य बजेटहरूलाई हेँर्दै जाँदाखेरि मलाई लाग्छ सङ्घ, प्रदेश, स्थानीय तहमा चाहिँ मिलाएर ल्याउने प्रयास गरेको छ । तर कार्यान्वयन तहमा  जोड दिनुपर्छ जस्तो मलाई लाग्छ ।

यसै गरी खानेपानी मन्त्रालय, खानेपानी मन्त्रालयको मैले दुइटा बुँदालाई हेरेको छु विशेष गरेर चाहिँ, यो जीरो बजेटमा किन राखिएको छ? यो कुरा बुझ्न सकिएन । शीर्षक राखिएको छ तर जीरो बजेट राखिएको छ । त्यसलाई कसरी व्यवस्थापन हुने हो? अहिलेसम्म मैले देखेअनुसार जीरो बजेटमा राखिएका कुनै पनि होइन तपाईंको कार्यान्वयनमा गएका छैनन् । र अर्को वर्षको चाहिँ बजेटमा त्यसलाई ल्याइँदैन । त्यो जीरो बजेटको शिर्षक नै हराइन्छ । त्यसकारणले गर्दाखेरि के गर्न खोजिएको? मैले एउटा प्रश्न मात्रै मेरो । र यो प्रश्न विशेष गरी कृषि मन्त्रालयअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिक परियोजना समग्र जीरो मात्र बजेट राखिएको छ । के भन्न खोजिएको हो? त्यो बुझ्न सकिएन । त्यसकारणले गर्दाखेरि त्यो किन राखिएको

हो? यदि जीरो बजेट नै राख्नुपर्ने छ भने शीर्षक नराखे पनि हुन्थ्यो? त्यसकारणले गर्दा यो पनि मेरो चाहिँ एउटा प्रश्न रहेको छ । र कृषि क्षेत्रकै हामी उत्पादनलाई अगाडि बढाउने अथवा देशमै चाहिँ रोजगारीको चाहिँ सृजना गर्ने भनेर चाहिँ हामीले नीति तथा कार्यक्रममा हामीले निकै नै बहस गर्‍यौं । तर मैले समस्या के देख्छु भने कृषि क्षेत्रभित्र यसो हेर्दै जाँदाखेरि हाम्रो अध्ययनको समस्या देखिन्छ । सिँचाइ कसरी लग्ने? कस्तो खालको जमिनमा कति उत्पादन हुन्छ भन्ने कुराको हाम्रो कुनै प्रकारको डिपिआर चाहिँ राज्यले दिँदैन । र त्यसको त्यो डिपिआर बेगर नै हामी बजेट पठाउँछौं । Normally कसैले भन्दिएको भरमा त्यसको चाहिँ कुनै प्राविधिक तथ्याङ्क नलिइकनै हामीले बजेट पठाइदिने गर्या हुन्छौं । त्यसैले कृषिभित्र चाहिँ अनुसन्धानको निकै नै आवश्यकता छ । त्यसको research को निकै आवश्यकता छ । नेपालको कुन चाहिँ जमिनमा उत्पादन बढी हुन्छ? त्यो ठाउँमा सिँचाइको व्यवस्था कसरी गर्ने? र यसको कमी रहेको देखिन्छ । र यसै गरी सिँचाइअन्तर्गत कै मैले केही Example हरू दिन्छु । मन्त्रीज्यूहरू आफ्नो ठाउँमा हेर्नुहोला त्यो । जुन ठाउँमा अरबौंको बजेट हुन्छ, यी ठाउँमा चाहिँ जहाँ चाहिँ ठुलठुला आयोजना हुन्छन् सिँचाइको । ती ठाउँमा चाहिँ डिप ट्यूवेल र स्यालो ट्यूवेलहरूको चाहिँ करोडौंको योजनाहरू फेरि फालिन्छन् । यो कस्तो खालको अध्ययन हो? सायद यसले चाहिँ एकातिर चाहिँ हामीले सिँचाइको पनि व्यवस्था गर्‍या छौं । र अर्कोतिर चाहिँ हामीले त्यो ठाउँमा डिप ट्यूवेल र स्यालो ट्यूवेल पनि त्यही ठाउँमा चाहिँ जमिनमुनीबाट सिँचाइ गर्ने पनि व्यवस्था हामीले त्यही ठाउँमा गर्दैछौं । सायद यो कुरामा चाहिँ कुनै न कुनै यस्ता चाहिँ Fault हरू रहेका छन् । यी कुराहरूलाई चाहिँ सच्याउन पर्छ जस्तो मलाई लाग्छ ।

र यसैअन्तर्गत विशेष गरी रानी जमरा परियोजना र सिक्टा परियोजनालाई हेर्ने हो भने सिक्टा परियोजना अहिले जीर्ण भएर गएको देखिन्छ । सञ्चालनमा नआउँदै त्यो जीर्ण भएको अवस्था छ । जहाँ राज्यको अरबौं पैसा लगानी लागेको छ । हाम्रो अरबौं लगानी लगाएर ठुलठुला आयोजनाहरू सम्पन्न गर्न तिर जान्छौं । तर सम्पन्न नहुँदै ती आयोजनाहरू चाहिँ धरासायी भएर जान्छन् । के कति कारणले हो यो? र मलाई लाग्छ यो रानी जमराको पनि त्यही हो । र सिक्टाको अवस्था पनि त्यही हो । कुनै समयमा हामी सिक्टा अनुगमन गर्दै जाँदाखेरि चाहिँ त्यो अवस्था देखिन्थ्यो । जाहाँ सिक्टा परियोजना छ । उसले सिँचाइ गर्ने उसको चाहिँ कमान्ड एरियामा चाहिँ अहिले सबभन्दा बढी Building हरू तयार भएका छन् । Construction हरू तयार भएका छन् । सायद यो तरिकाले चाहिँ देश यसले उँभो लगाउँदैन । उँधोतिर लग्छ जस्तो चाहिँ मलाई लाग्छ ।

यसै गरी चाहिँ शिक्षा क्षेत्रको कुरा गर्दै जाँदाखेरि हामी निःशुल्क शिक्षाको कुरा गर्छौं । अहिले पनि विद्यालयले चाहिँ अहिले पनि निःशुल्क शिक्षा आमनागरिकले प्राप्त नगरेको अवस्था छ । यसमा चाहिँ राज्य अहिले पनि वेखबर रहेको अवस्था छ । र दरबन्दीको आवश्यकताहरू छन् । र यी कुराहरूमा ध्यान जान जरूरी छ । दरबन्दीभन्दा बढी चाहिँ Construction हरू अथवा Building हरू बनिरहेका छन् । जहाँ विल्डिङ्गै विल्डिङ्गले भरिएका छन् । त्यहाँ विल्डिङ्गको आवश्यकता छैन । ती ठाउँमा चाहिँ भवनै भवन गएका छन् । त्यो ठाउँमा दरबन्दीको आवश्यकता छ । तर त्यो ठाउँमा विल्डिङ्ग हामी पठाउँछौं । यो कस्तो खालको चाहिँ बजेटिङ्ग भइरहेको छ? यसले आज सायद मलाई लाग्छ । Something तीन खर्बको Something तीन अर्बको हाम्रो पुँजीगत खर्च छ । त्यो पुँजीगत खर्च निकै नै कम हो हाम्रो लागि । आवश्यकताको आधारमा तर त्यसलाई पनि हामी व्यवस्थित तरिकाले कुनै अध्ययन नगरिकन, त्यस्को वास्तविक मूल्याङ्कन नगरिकन बजेट छुट्याउँदाखेरि चाहिँ यसले चाहिँ देशलाई थप चाहिँ एउटा Crisis मा लगिरहेको छ । यी कुराहरूलाई विशेष ध्यान दिएर मन्त्रालयले चाहिँ आफ्नो बजेटहरू ल्याउँदा राम्रो हुन्थ्यो । अहिलेको समग्रमा यो बजेट थोरै पुँजीगत खर्च भएको बजेट भा' कारणले गर्दाखेरि यसले समेट्ने प्रयास गरेको छ । यो राम्रो छ । ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव । समय १६ मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

**(१४:२७ बजे) <u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अहिले झन्डै ३ घन्टादेखि विषयवस्तुमा हामी छलफल गरिराखेका छौं । र वक्ता र श्रोता हामी सबै एकदम थकित मानसिकतामा छौं । कति बेला यो सक्कोस र यहाँबाट निस्किन पाउँ भन्ने मनस्थिति छ । यस्तो बेलामा अत्यन्त महत्त्वपूर्ण विषयमा केही बोल्नै पर्ने, विचार राख्नै पर्ने आवश्यकता पनि छ । त्यो दुइटै कुरालाई ध्यानमा राखेर म आफ्ना केही कुराहरू विचारहरू सम्प्रेषण गर्न चाहन्छु ।

**(१४:२८ बजे) <u>पुनः पीठासीन</u>**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>:-** पहिलो कुराः बजेट आइसकेपछि सार्वजनिक भैसकेपछि माननीय अर्थमन्त्रीजीले एउटा कार्यक्रममा अत्यन्त लाक्षणिक अत्यन्त महत्त्वपूर्ण एउटा वक्तव्य वहाँले जारी गर्नुभो' पत्रकारहरूको भेटघाटको सन्दर्भमा । मलाई लाग्छ त्यसलाई उल्लेख गर्नु सान्दर्भिक हुने छ । र त्यसले बहुत एउटा अर्थ राखेको विषय हो । त्यो के भन्दाखेरि वहाँले भन्नुभो' त्यो कार्यक्रममा कि खँड्कुलोमा देक्चीमा पाकेको भात । भातले जन्तीलाई पुगेन । अर्थात् यो यति लाग्छ । अर्थशास्त्रमा यो यति लाक्षणिक छ । कि हामीसँग साधन सीमित छ । स्रोत सीमित छ । आवश्यकताहरू अनन्त छन् । त्यसकारणले त्यो अनन्त आवश्यकताहरूको बिचमा सीमित लिमिटेड सीमित स्रोतलाई म्याक्सिमम् एड्भान्टेज फाइदा लिने गरी त्यसलाई विनियोजन कसरी गर्ने भने अर्थशास्त्रको विषय हो । वहाँ यदि देक्ची ठुलो भ'को भए, त्यो खँड्कुलो ठुलो भ'को भए । योभन्दा बढी विनियोजन म गर्दिन्थें । र त्यो नै मसँग थिएन । मन्त्रालयसँग थिएन । अर्थ मन्त्रालयसँग थिएन । सरकारसँग थिएन । त्यसकारणले जन्तीलाई अघाउने कुरा त छोड्दिदऊँ । खान पुगेन । अत्यन्त सान्दर्भिक कुरा वहाँले गर्नुभो' । स्रोत सीमित छ । त्यसकारणले यहाँ पुगेन त्यहाँ पुगेन, त्यो कोणबाट म बजेटको व्याख्या गर्न चाहन्नँ । त्यहाँ स्रोत सीमित छ । त्यसैले मलाई लाग्छ । प्रसिद्ध अर्थशास्त्री एल रोविन्स अर्थशास्त्र भनेको "science of selection" हो छनोटको विज्ञान हो । र वहाँले पनि त्यही कुरा व्याख्या गर्नुभा' छ । कि डेभलपिङ कन्ट्री, पुअर कन्ट्रीहरूसँग एलडीसीज्हरूसँग साधन सीमित हुन्छ । त्यसलाई म्याक्सिमम् benefit लिने गरी कसरी त्यसलाई विनियोजन गर्ने त्यसमा ध्यान दिनुपर्छ । अब धेरै स्रोत हुँदैन । त्यसका निम्ति यहाँ पनि त्यहाँ पनि, भनेर जान सक्ने स्थिति हुँदैन । त्यसकारणले बजेट कति विनियोजन भ'को सम्माननीय अध्यक्ष महोदय, त्यतातिर म जान चाहन्नँ । बजेट कहाँ विनियोजन भ'को छ । त्यो कोणबाट म बजेटबारे आफ्नो विचारहरू राख्न चाहन्छु । र त्यसकारणले कहाँ पर्नुपर्थ्यो । कति पर्नुपर्थ्यो भन्ने होइन । कहाँ पर्नुपर्थ्यो? जहाँ पर्नुपर्थ्यो थोरै भए पनि त्यहाँ पर्यो कि परेन? त्यो कोणबाट म आफ्ना कुराहरूलाई अगाडि बढाउन चाहन्छु । जस्तैः म सुरुमै भनिहालें बजेटको केही weak पोइन्टलाई म चाहिँ अगाडि राख्दिन चाहन्छु । मेरो विचारमा यी दुई तीनटा कुरा जे भ'को छ । जस्तैः बजेटको विनियोजन अहिले हाम्रो एचडीआईले हाम्रै डेटाले नेपालकै डाटाले के भनिरा' छ भन्दाखेरि कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेश यो एचडीआईको हिसाबले पछि परेको प्रदेश हो । त्यहाँ जे हामीले विनियोजन गरेका छौं । त्यो ठिक गरेका छौं त? सरकारको एउटा इकोनोमिक इन्क्लुसिभनेसप्रति पोभर्टी इलिमिनेसनप्रतिको दृष्टिकोण के हो सरकारको? त्यसकारण त्यो हिसाबले हेर्ने हो भने यो तीनटा प्रदेशमा जति जानु थियो ।

त्यसबाट अलिकति बढी त्यतातिर जानुपर्ने हिसाबले नेपाल सरकारले या अर्थमन्त्रालयले त्यो कुरालाई सोच्न सकेन कि भन्ने एउटा मलाई लागेको हो ।

दोस्रो कुराः म प्रष्ट छु । मन्त्रीज्यूले आफैं भन्नुभो' । माननीय अर्थमन्त्रीले एउटा कार्यक्रममा के भन्नुभो' भन्दाखेरि यो संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा जुन अहिले ८ अरब, २५ करोडको विनियोजन भ'को । त्यो पनि पुँजीगत खर्च हो । ठिक छ म पनि एउटा अर्थशास्त्रको विद्यार्थी हुँ । त्यो पुँजीगत खर्च नै हो । त्यसमा मेरो असहमति छैन । तर अनुभवले आजसम्मको अनुभवले के देखायो भने त्यो रकममा धेरै ठुलो चुहावट छ । त्यो पोलिटिसियनहरूलाई करप्ट बनाउने त्यो चाहिँ कार्यक्रम हो । सांसदहरूलाई करप्ट बनाउने सांसदको पीएलाई करप्ट बनाउने, पार्टीका कार्यकार्तालाई करप्ट बनाउने र पुँजीगत खर्चको ठुलो हिस्सा एकातिर पुँजीगत खर्च एउटा productive sector मा खर्च गर्ने नीति छ । तर यो पुँजीगत खर्चलाई अनावश्यक ढङ्गले त्यो चुहावट गराउने अनप्रोडक्टिभली करप्सनलाई बढावा दिने गरी बढावा दिने हिसाबले चाहिँ त्यो रकम ८ अरब, २५ करोड त्यो रकम छ । त्यहाँ त्यो कुरा गर्न हुन्थ्यो कि हुँदैन थियो? त्यसैले एउटा सिस्टमेटिक फल्ट म भन्छु । प्रणालीगत दोष म भन्छु । प्रधानमन्त्रीको या अर्थमन्त्रीको या भौतिक योजना मन्त्रीको कुनै मन्त्रालय या मन्त्रीको दोष म भन्दिन । यो प्रणालीगत दोष हो । कि जो प्रधानमन्त्री हुन्छ, जो पावरफुल मिनिस्टर हुन्छ, जो अर्थमन्त्री हुन्छ, आफ्नो क्षेत्रमा बढी पैसा लिएर जान्छ । बजेट लिएर जान्छ । यो सिस्टमेटिक फल्ट डेभलपिङ कन्ट्रीहरूमा देखिएको छ । केही पोलिसी सिफ्ट गर्नुपर्ने कुरा छ । त्यस्तो चिज हुन नसकोस् नहोस् । त्यो ठिक भएन । just कुरा भएन भने त्यसलाई चाहिँ अलिकति रिओरियन्ट गर्ने कुरा आफ्नो ठाउँमा छ । अब यो साइडबाट हेर्ने हो भने अलिकति क्रिटिकल्ली अहिलेको बजेटलाई हेर्न सकिन्छ ।

तर समग्रमा बजेटको विनियोजन जुन ढङ्गले आ'को छ । अहिले नेसनल इस्यू जुन छ, राष्ट्र मुद्दाहरू त्यो पोलिटिकल इस्युजहरू, इकोनोमिक इस्युजहरू, foreign policy इस्युजहरू, sociocultural इस्युजहरू, डेभलप्मेन्टका इस्युजहरू, जे हाम्रा अगाडि बर्निङ इस्युजहरू छन् । त्यतातिर बजेटले ध्यान पुऱ्याको छ कि छैन? त्यो कोणबाट हेर्ने हो भने इमानदारीसाथ एउटा अर्थशास्त्रको विद्यार्थीको हिसाबले भन्नुपर्छ । कि त्यतातिर बजेटले अत्यन्त न्याय गरेको छ । अत्यन्त संवेदनशील भएर त्यो विषयहरूलाई touch गरेको छ । त्यसमा यदि त्यसलाई पनि हामीले राम्रो भन्न सकेनौं भने हामी एक किसिमको आग्रह पलाएको आग्रहपूर्ण आग्रहजन्य अवस्थाबाट बजेटलाई हेरेको भन्ने कुरा जान्छ । म्यासेज जान्छ । त्यसकारण मलाई के लाग्छ भन्दाखेरि समग्रमा यो बजेटलाई हेर्ने हो भने, इस्युजको हिसाबले हेर्ने हो भने यो बजेट अत्यन्त

सन्तुलित छ । Despite of some weaknesses, that is natural स्वाभाविक छ । तर समग्रमा यो बजेट साँच्चिकै भन्नुहुन्छ भने पोलिसी सिफ्ट छ । पोजिटिभ्ली पोलिसी सिफ्ट छ । केही पोलिटिकल कमिट्मेन्ट छ । केही seriousness छ यो बजेटमा । केही foresightedness छ यो बजेटमा । जस्तैः कि हामीले एउटा नेपाली नागरिकको नाताले जो सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई विकास र समृद्धिलाई समाजवाद उन्मुख अर्थ व्यवस्थालाई ध्यान दिन्छौं, महत्त्व ठान्छौं, तिनीहरूको लागि यो खुसीको कुरा हुनुपर्ने हो । अब यो सन्दर्भमा अलिकति परराष्ट्रको विषय परराष्ट्र मन्त्रालयको विषय म touch गर्न चाहन्छु . पहिला सर्वप्रथम त्यो क्षेत्र मेरो पनि रुचिको क्षेत्र भएको हुनाले म केही कुरा राख्न चाहन्छु । जतिसुकै स्रोत कम भए पनि सरकारले यसपालि बजेट अलिकति परराष्ट्र मन्त्रालयलाई बढाएकै छ । लास्ट टाइममा लास्ट टाइममा ५ अर्ब, ८३ करोड थियो । त्यो टोटल बजेटको ०.३३ पर्सेन्ट थियो । अहिले त्यो ६ अरब, २ करोड अर्थात् ०.३४ पर्सेन्ट छ, केही भए पनि बढेको छ । बढाइएको छ । परराष्ट्र मन्त्रालयको म त्यतिकै पनि प्रशंसक हो । तुलनात्मक रूपमा मेरो अध्ययन के हो भने अन्य धेरै मन्त्रालयहरूभन्दा परराष्ट्र मन्त्रालयको काम बढी इफिसियन्ट छ । नन्पोलिटिकल छ । नन पार्टी एप्रोचबाट काम गरिएको छ । इफिसियन्ट काम गरिएको छ । र कन्ट्रीले नेसनले हाम्रो स्टेटले जे प्रायोरिटी निर्धारण गरेको छ । त्यो प्रायोरिटीमा अब्बल गर्ने काम बहुत टेक्निकल्ली इफिसियन्टली परराष्ट्र मन्त्रालयले गरेको छ । त्यसैले परराष्ट्र मन्त्रालयलाई अझ बलियो गर्नुपर्ने । परराष्ट्र मन्त्रालयलाई अझ साधन स्रोतबाट सपोर्ट गर्नुपर्ने । स्थिति चाहिँ छ । त्यसकारण परराष्ट्र मन्त्रालयले अझ आफ्नो कामलाई राम्रोसँग अगाडि बढाओस् । हाम्रा नेसनल प्रायोरिटी छन् । देशका सार्वभौमसत्ता, देशको भौगोलिक अखण्डतालाई बचाउने, नेसनल इन्ट्रेस्टलाई अगाडि राखेर एउटा कुनै पनि सामरिक सङ्गठनमा नजाने त्यो मानेमा असंलग्नता कुनै पनि सैनिक सङ्गठनको सदस्य नबन्ने त्यो मानेमा असंलग्नताको आजको context के हो भन्दा हिजो पनि थियो । आज बढी त्यसको महत्त्व के मानेमा छ भने मल्टी एलाइन्मेन्टको फन्ड पोलिसी हाम्रो छ । मल्टी इन्गेजमेन्टको Foreign पोलिसी छ । म बारम्बार भन्ने गर्छु । नेपालमा मैले बारम्बार यो कुरा भन्ने गरेको छु । कि आइडोलोजी बेस्ट फरेन पोलिसीको हामी चर्चा गरियो भने कहिले टिल्ट टुवार्डस नर्थ कोहिले टिल्ट  टुवार्डस साउथ हुने गरेको जुन खाले हाम्रो नेपालको फरेन पोलिसी हो । त्यसले गर्दाखेरि नेपाललाई धेरै घाटा भ'को छ । त्यसकारण नेपालको फरेन पोलिसी एक्रोस द आइडोलोजी हुनुपर्दछ भन्ने मेरो मान्यता हो । तर मलाई लाग्दछ कन्ट्रीले त्यही कुरा भनेको छ । देशले त्यही कुरा भनेको छ । हामी सैनिक सङ्गठनमा नजाने कुनै देशसँग सैनिक संलग्नतामा नजाने तर मल्टी एलाइन्मेन्ट अमेरिकासँग पनि सम्बन्ध राम्रो गर्ने चाइनासँग पनि सम्बन्ध राम्रा गर्ने । हिजो सोभियत युनियनसँग पनि सम्बन्ध

हामीले राम्रो  गर्या थियौं । भारतसँग पनि सम्बन्ध राम्रो गर्नुपरेको छ । त्यसकारणले मल्टी एलाइन्मेन्ट, मल्टी इन्गेजमेन्टको हाम्रो पोलिसी हो । असंलग्नता इन द सेन्स कि सैनिक सङ्गठनमा नजाने भन्ने सन्दर्भ हो ।

यो सन्दर्भमा अलिकति परराष्ट्र मन्त्रालयलाई दुइटा कुरा म भन्न चाहन्छु । तपाईंहरूको त्रुटि कहाँ भैराख्या छ? अहिले कन्ट्रीले के भनिरा' छ । अहिले प्रायोरिटी दिइराख्या छ । इकोनोमिक डिप्लोमेसीमा । इकोनोमिक डिप्लोमेसी जो कन्ट्रीको प्रायोरिटीको एउटा एजेन्डा हो । त्यसमा तपाईंहरूले जुन ढङ्गले जुन ग्राभिटीका साथ परराष्ट्र मन्त्रालयले काम गर्नुपर्ने हो तपाईंहरूले गर्न सकिराख्नु भा'छैन । इकोनोमिक एजेन्डालाई अझ परराष्ट्र मन्त्रालयले क्याच गर्न सक्या छैन । तपाईंका embassy हरू तपाईंका नियोगहरू जुन बाहिर छन् । चाहे पर्मानेन्ट चाहे जेनरल किसिमका रिभ्यू गर्नुस् । के इकोनोमिक डिप्लोमेसीका, आर्थिक कूटनीतिका आधारहरू, प्रोग्रामहरू, योजनाहरूलाई हामीले इफेक्टिभली अगाडि बढाउन सकिराख्या छौं? मलाई लाग्छ सकिराख्या छैनौं । त्यतातिर तपाईंको ध्यान जाओस् । मैले आलोचना गर्न खोजेको होइन । ध्यानाकर्षण गर्न खोजेको हो ।

दोस्रो कुराः आज धेरै मन्त्रीहरूको सङ्ख्या यहाँ मैले देखिरा' छु ।  खुसीको कुरा हो । म सम्माननीय अध्यक्ष महोदयमार्फत म भन्न चाहन्छु । परराष्ट्र मन्त्रालयअन्तर्गत सबभन्दा खट्केको विषय नै इन्क्लुजनको विषय हो । समावेशीताको विषय हो । जब केपी ओली प्रधानमन्त्री हुनुहुन्थ्यो, कमल थापा परराष्ट्र मन्त्री, जुन दिन ईपीजीको कम्पोजिसन डिक्लियर भयो, ईपीजी ग्रुप खडा भयो चार जना, म आएर भोलिपल्ट बालुवाटारमा गएर भनें । तपाईंले कुनै मधेसी पाउनुभएन? नेपाल भारतको सम्बन्धलाई restructure गर्ने कुरा reviewको गर्ने कुरा तपाईंले गरिराख्नुभा' छ । ईपीजीमार्फत एउटा मधेसी पाउनुभएन? एउटा तपाईं जनजाति पाउनुभएन? एउटा महिला पाउनुभएन? एउटा दलित पाउनुभएन? एउटा समुदायको मान्छे चार जना तपाईंले छान्नुभो' । नेपाल भारत सम्बन्ध Review गर्ने कुरा ल्याइराख्नुभा'छ । Was that inclusive?  देशको Country को एजेण्डा हो inclusiveness, united Nation को मात्रै एजेण्डा होइन । हाम्रो Country को संविधानले आज Inclusiveness भन्या छ । Political Leadership ले भन्या छ । Political Policies ले भन्या छ, पार्टीले भन्या छ, सरकारले भन्या छ । Was it? यो ईपीजीको कम्पोजिसन inclusive छ? त्यसकारणले आज lesson लिनुहोस् परराष्ट्र मन्त्रालयले नेपाल सरकारले, नेपालका ठुला नेताले भन्न चाहन्छु । यो मञ्चबाट म तपाईं lesson लिनुहोस् । आज जुन ईपीजीको Result, ईपीजीको प्रतिवेदन बरालिएको छ नि? .....भा'को छ नि अनाहकमा Inclusive Report नभ'को हुनाले पनि त्यो कारण हो । तपाईंहरूले अहिले

सगरमाथा संवादको कुरा गरिराख्नुभा'छ । Professor यदुनाथ खनालको प्रवचन श्रङ्खला आयोजनाको कुरा गरिरहनुभा'छ । हिजो श्रीधर खत्रीको संयोजकत्वमा Foreign Policy Restructure गर्ने, Review गर्ने, नयाँ Foreign Policy कुन Direction मा जाने कमिटि बनाउनु हो? भो' यो whole strategic issues हरूमा inclusiveness कुरालाई तपाईंले ध्यान दिनुभयो कि भएन? Ambassador हरूको नियुक्तिहरू भइरा'छ । म संसदीय सुनुवाइ समितिमा हुँदाखेरि तीन चोटि प्रधानमन्त्रीलाई चिठ्ठी लेखियो । तपाईंहरूका राजदूतको नियुक्तिहरू समावेशी भइरा'छैन । आएर जवाफ दिनुहोस् । तीन चोटी चिठ्ठी दिएर पनि प्रधानमन्त्रीज्यू आउनुभएन । एक चोटी परराष्ट्र मन्त्रीलाई पठाएर परराष्ट्र मन्त्रीज्यू आएर बोल्नुभयो । त्यसकारणले यो मेरो आक्रोश हुँदै होइन । हाम्रो Commitment, Political Commitment के हो हाम्रो? Inclusiveness त हाम्रो political Commitment हो नि? नेपाली पोलिटिक्सको फर के भन्छ त्यसलाई सिस्टममा नेपाली पोलिटिक्स सिस्टममा inclusiveness छ नि । त्यहाँतिरको हाम्रो माइन्डसेट हो किन पुरानो माइन्डसेट हो । त्यसमा परराष्ट्र मन्त्रालयको सन्दर्भमा यो विषयलाई तपाईंहरूले ध्यान दिनुहोस् भन्ने मेरो ध्यानाकर्षण ।

अब आउँछु म ऊर्जा, जलस्रोत र सिँचाइको सन्दर्भमा, अत्यन्त राम्रो अलिकति बजेट घटेको छ । यो मन्त्रालयको बजेट घट्नुहुँदैन थियो तर अब मैलेअघि नै भनिहालेँ त्यसमा मैले त्यसमा मेरो चित्त दुखाइ होइन । ऊर्जाको अगाडि धेरै ठुलो च्यालेन्जेजहरू अहिले छ । तपाईंले आगामी आर्थिक वर्षमा ३ हजार ६ सय मेगावाट विद्युत् उत्पादन गर्ने कुरा भइराखेको छ । १० हजार मेगावाट विजुली १० वर्षमा भारतले किन्ने कुरा भइरहेको छ भनेपछि आज ऊर्जा किन हाम्रो आज हाम्रो Export बढी राखेको छैन्, उत्पादन बढी राखेको छैन, अन्य क्षेत्रमा, औद्योगिक र कृषि क्षेत्रमा । त्यसकारण ऊर्जा क्षेत्रलाई एउटा ठुलो Export sector को रूपमा विकास गर्न खोजिरा'छौं । र यो सन्दर्भमा ऊर्जा मन्त्रालयको धेरै ठुलो भूमिका छ । र मलाई लाग्छ अहिले ऊर्जा मन्त्रालयलाई विशेष रूपमा ध्यानकर्षण गर्न चाहन्छु । भर्खरै पोखरामा बैठक सम्पन्न भयो । अहिले केही दिनभित्रै Export Committee को बैठक हुन गइरा'छ । पञ्चेश्वरको सन्दर्भमा डीपीआरलाई फाइनल गर्ने कुरा जुन छ । डीपीआर फाइनल गरिसकेपछाडि त्यसपछाडिको एक वर्षभित्र यो Implementation modalities को जुन छलफलको सन्दर्भ छ । यसमा पोलिटिकल लिडरसीपको ध्यान जाओस् । Totally केही कुराहरू छ, Political Level बाट समाधान गर्ने कुरा छ, Total खाली Technical Level मा मात्रै नछोड्नु, Technical level का कुराहरू Technical Export हरूले गर्छन् । केही Political Level बाट हस्तक्षेप गर्ने कुरा छ । समाधान ल्याउने कुरा छ । त्यो Prime minister लेवलबाट, ऊर्जा मन्त्रीको लेवलबाट, परराष्ट्र

मन्त्रीको लेवलबाट त्यसलाई चाहिँ डिल गर्नुपर्ने कुरा छ । त्यसकारणले त्यो विषयमा तपाईंहरूले अलिकति ध्यान दिनुहोला ।

जलस्रोतको सन्दर्भ जहाँसम्म छ । त्यही मन्त्रालय, जलस्रोत मन्त्रालय यो पानीमाथिको धेरै राजनीति गर्यौं हामीले । नेपालमा सबभन्दा लामो Political Chips को रूपमा पानीमा हामीले राजनीति गर्यौं । Political Chips को रूपमा लियौं । अरब कन्ट्रिले Petrol लाई Economic commodities रूपमा लियो । भुटानले Stone लाई ढुङ्गालाई Economic commodities रूपमा लियो । अस्ट्रेलियाले कोइलालाई Economic commodities रूपमा लियो । हामीसँग भएको जलस्रोतलाई जहिले पनि राजनीति गर्यौं । Political Chips जहिले पनि राजनीति, राष्ट्रवादसँग जहिले पनि पानीलाई जोड्यौं । त्यसकारण यो जलस्रोतलाई Strategic Economic commodities को रूपमा लिओस् सरकारले ।

र सिँचाइको सन्दर्भमा  कृषिलाई उच्च प्राथमिकतामा हामीले राखेका छौं । तर के जहाँ कृषि छ, त्यहाँ सिँचाइ छ त? त्यो डिग्रीको, त्यो स्केलको सिँचाइ छ त? जहाँ छ कृषि है जहाँ कृषि छैन कम छ त्यहाँ अहिले त्यसकारणले सिँचाइ त्यतातिर डाइभर्ट होस् । अन्तमा सम्माननीय अध्यक्ष महोदय, बोल्नुपर्ने मैले गृहको बारेमा गृहमन्त्री देखिरा'छु । मैले नोट गरेर ल्या'को थिए । गृह मन्त्रालय, प्रधानमन्त्रीको कार्यालय, समय नभा'को हुनाले म त्यतातिर धेरै जान चाहन्न । खाली म के भन्न चाहन्छु भने केही कुराहरू मैले गम्भीरता साथ मेरो एउटा ४९/५० वर्षको राजनीतिको अनुभवको आधारमा केही मैले गम्भीरताका साथ ध्यानाकर्षण गराएँ । र सम्माननीय अध्यक्ष महोदय, आज हामीलाई पाठ पढाइराखेको छ । जो सङ्घीयता विरोधी छ, जो लोकतन्त्र विरोधी छ । जो समावेशीता विरोध छ । संङ्घीय लोकतान्त्रिक विरोधी ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोमा देवी तिमल्सिना । समय १० मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

(१४:४४ बजे) **<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले आज हामी ०८०/०८१ को बजेटमा छलफल गर्ने क्रममा अब अङ्कमा मैले अरू माननीयज्यूहरूले भन्नुभ'को कुरालाई समर्थन गर्दै म केही समस्याहरू चैं यहाँ राख्ने अनुमति चाहन्छु । हामीले आज धेरैवटा विषयहरू छन् यहाँ । ती धेरैवटा विषयमा सबै नसकिएला । केही विषयहरू छुने प्रयत्न गर्छु ।

पहिलाः स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित, यो स्वास्थ्य मन्त्रालयमा पनि कस्तो स्थिति देखिन थाल्यो भने जुन स्थानीय तहमा भएका हस्पिटलहरूले रिफर गरेर काठमाडौं कुनै हस्पिटलमा पठाउन पर्यो भने त्यहाँ पनि सिन्डिकेट र'छ । अनि यसो गर्दा एउटा बिरामी त मर्न सक्छ । अस्ति भर्खरैको कुरा हो हेटौंडाको एकजना बिरामी चितवन सीएमसीमा ल्याएर भर्ना गर्‍यो । उनी अब बेहोसमा छन् । हस्पिटल हेटौंडाले नसकेसी चितवन पठायो । चितवनबाट उनीहरूले काठमाडौंमा मेडिसिटीमा ल्याउनलाई कोसिस गरे । त्यहाँ स्थानीय नै एकजना डाक्टर हुनुहुन्थ्यो, गोपाल शर्मा विडारी । उहाँ स्थानीय नै भा'को हुनाले उहाँसँग सल्लाहले त्यहाँ ल्याउने भन्दाखेरि त्यो हस्पिटलले रिफर गर्न मान्दैन । रिफर गरे पनि बी एन्ड बीमा रिफर गर्ने । अनि आफूले भनेको हस्पिटलमा लान नपाइने, बी एन्ड बीले फ्री गर्दिने त पक्कै पनि होइन । उनीहरूले हेलिकप्टर मगाए । हेलिकप्टर मगाउँदाखेरि बी एन्ड बीकै दुईजना डाक्टर गएर सोझै बी एन्ड बी लगे । अनि त्यहाँ उनका परिवारले अब जे जे हुन्छ हुन्छ, म एम्बुलेन्समा हालेर लान्छु भनेर अनि एम्बुलेन्समा हालेर त्यहाँ लगेर उपचार भयो । अहिले होसमा आ'का छन् । अब यस्तो खालको हामीले स्थिति सबै ठाउँमा होला । यो मैले नजिकबाट था' पाको कुरा, त्यो परिवारले मलाई भनेको कुराले यहाँ स्वास्थ्य मन्त्रीज्यू पनि यहीं हुनुभ'कोले, यस्तो खालको स्थिति हामी देशभरि नै होला । देशभरि नै छैन भन्ने कुरा होइन । उहाँहरूले एउटा बिरामी बचाउनको लागि हेलिकप्टर नै रिजर्भ गर्नुभो' । तर त्यो पनि वहीं लानुपर्ने, त्यो बाध्यता किन हो? यो मैले बुझ्न सक्या छैन । अब त्यहाँ लगर फ्री नै गर्दिने भ' भए त ठिकै थियो । अब यस्तो खालको स्थिति सबै ठाउँमा छ । अब मैले यो यदि जानकारी गराएर यो किन भयो? भन्ने कुरा पनि म बुझ्न चाहन्छु ।

जस्तैः यो स्वास्थ्य बिमाको कुरा छ । स्वास्थ्य बिमा देशभरि नै यो लागु गर्नुपर्छ भन्ने हिजैदेखि हाम्रो मान्यता थियो । स्वास्थ्य बिमाले धेरै कुराहरू सहज पनि बनाको छ । तर स्वास्थ्य बिमा गर्ने स्वास्थ्य कार्यकर्ता भन्छ होला त्यसलाई, के भन्छ, उहाँहरू घर घरै गएर त्यहाँ स्वास्थ्य बिमाको नवीकरण गर्ने अनि उहाँहरूलाई प्रशिक्षण त्यहीं, उहाँहरूलाई कम्तीमा पनि यो स्वास्थ्य बिमा ठिक छ । यसलाई स्वास्थ्य बिमा गर्नुहोस् भनेर भन्ने त्यो चैं पाइएन । अब त्यो राज्यबाट दिएको के हुन्छ त्यसको? त्यो अनुदान हुन्छ कि के हुन्छ? त्यो चैं खाने अनि खोजेर उहाँहरूलाई खोज्दै गयो भने हुने, नत्र चैं त्यो फेरि नवीकरण नहुने स्थिति छ । यसमा पनि मन्त्रीज्यूले ध्यान पुर्याइदिनुहुन्छ भन्ने, त्यो ध्यान पुग्यो भने साँच्चै नै सब गरिब दुःखीलाई पनि त्यसले राहत हुन्छ ।

अनि अब त्यो औषधिको कुरा । धेरै औषधिहरू त्यहाँबाट पनि भित्रभित्रै बिक्री हुन जाने अनि यहाँ छैन भन्ने, आ' छैन भन्ने, त्यो खालको अगि पनि कल्ले उठाउनुभ'को थियो । त्यो कुरा त्यो छ हामीले अनुभव गरेका छौं । त्यो नहुनको लागि हामीले देशभरि नै कसरी यो नियम बनाएर लैजाने हो? त्यो घोटाला गर्ने ठाउँलाई कसरी नियन्त्रण गर्ने हो? यो पनि मन्त्रीज्यूलाई मैले ध्यानाकर्षण गराएँ ।

यो सँगसँगै यहाँ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पनि छ । म मन्त्रीज्यू नि यहीं हुनुहुन्छ । म अध्यक्षज्यूमार्फत यहाँ मन्त्रीज्यूलाई पनि के भन्न चाहन्छु भने यो सञ्चार तथा सूचना मन्त्रालयअन्तर्गत हो कि, यो कानुनले गर्ने हो कि, कसले गर्ने हो यो? अब यो मलाई त छुटयाउन नि गाह्रो भो' । अब यो टीभीहरू, अनि मोबाइलका फेसबुकहरूमा आउने नग्न चित्रहरू, गलत किसिमका पोस्टिङ गर्नेहरू कामलाई यो कहाँबाट नियमन हुन्छ? यो पनि चाँडोभन्दा चाँडो यसलाई नियन्त्रण गर्न पर्यो । नाङ्गै नाङ्गै चित्र देखाउने, अब त्यो यति भनेसी त सबैले बुझ्नुहुन्छ । मैले अरू कुरा म भन्न पनि सक्दिनँ, त्यस्ता शब्दहरू । त्यस्तै शब्दहरूले हाम्रो समाजमा, हाम्रा छोरी चेलीहरू, हाम्रा साना नानी बाबुहरू कतातिर जान्छन्? यो कुरा चैं साँच्चै नै छिटोभन्दा छिटो ध्यान दिन पर्छ भन्ने मलाई लागेको छ ।

अब यहाँ यो सामाजिक सञ्जालमै नग्न चित्रहरूलाई छिटोभन्दा छिटो नियन्त्रण गर्ने कुराहरू मैले भनें । यो सँगसँगै कुरा के छ भने यो युट्युब अनि फेसबुक यसमा चैं आउने कुराहरू अत्यन्तै अराजनीतिक हिसाबले, अत्यन्तै छाडा हिसाबले कुनै पनि हाम्रा नेताहरू, कुनै पनि हाम्रा माननीयहरू, कुनै पनि मान्यजनहरूमाथि त्यस्ता प्रहार गरेका, त्यस्ता गलत किसिमले बोल्ने, त्यस्ता किसिमका कुराहरूलाई कसरी नियन्त्रण गर्ने? त्यो कुरा पनि छिटोभन्दा छिटो नियन्त्रण हुनुपर्छ । हो साँच्चै नै गल्ती भ'को ठाउँमा यसरी बसेर छलफल गरौं, नेताहरू उभ्याम्, जवाफ मागौं, जवाफको सवाल जवाफ गरौं अनि त्यो फेसबुकमा चाहिंदा, नचाहिंदा कुरा हालेर हाम्रा सबै नेताहरूलाई मैले यो, ऊँ भनेको होइन । सिङ्गो जसले हिजो, आज यो सम्म तानेर यो स्थितिलाई, यो राजनीतिलाई यहाँसम्म तानेर ल्याउनुभ'को छ, उहाँ नेताहरू सबैलाई त्यो गरेको हामी कसैलाई पनि सह्य हुँदैन । जो जोले गल्ती गर्नुभ'को छ, उहाँहरूसँग हामी बसेर छलफल गरौं र उहाँहरूको जवाफ मागौं । उभ्याएर हामी डिस्कस गरौं । यो कुरा पनि मलाई भन्न मन लागेको थियो । अब यहाँ सबै मन्त्रीज्यूहरू हुनुहुन्छ । त्यसैले मैले यो कुरा पनि भनें ।

अब यो खानेपानी मन्त्रालयसँग पनि केही कुराहरू छ । अब काठमाडौंमा खानेपानीको यस्तो हाहाकार छ । अनि सधैं यहाँ मेलम्चीको पानी आउँछ अनि मात्रै पानी खान पाइन्छ भनेर

मेलम्ची देखाएर यहाँका मान्छे काकाकुल बन्न हुँदैन । अब यहाँ बाहिरबाट आउने हामी धेरै माननीयहरू, धेरै कर्मचारीहरू छौं । सक्नेले त पानी किनेरै खाला, के होला । विद्यार्थीहरू, साना कर्मचारीहरू सबैलाई यसले साह्रै गाह्रो पारेको छ । र यो अस्ति हामी एउटा त्यो बालगृहमा ग'का थियौं । त्यो बालगृहमा जाँदाखेरि यस्तो अस्तव्यस्त कि त्यो आर्सेनिक भ'को पानी, त्यो बच्चाहरू खान बाध्य छन् । अनि उनीहरूले नुहाउँदाखेरि, लुगा धुदाखेरि सबै जिउभरि फोका उठेको छ । अब त्यहाँ त्यो बालगृह यस्तो अस्तव्यस्त, फोहोर छ, सबै मैलो छ, हामी त्यहाँ किचनमा जान सकेनौं । सबै गनाको छ । हामी यो प्रत्यायोजित समितिको तर्फबाट गएका थियौं । अब त्यस्तोलाई हाम्रो निकायले, हाम्रो सरकारी निकायले कसरी ध्यान पुर्याउने हो? ध्यान पुगेको छैन भन्ने लाग्छ । यस्ता कुराहरूलाई नि हामी त्यही आँखाअगाडि ध्यान पुग्दैन भने साँच्चै नै हामी अब कर्णाली र महाकालीको कुरा, मेची र महाकाली जोडेर हामी कुरा गर्न सक्ने अवस्था छैनौं । त्यसो भ'को हुनाले त्यहाँ ती बच्चाहरूलाई कसरी त्योबाट मुक्त गर्ने, त्यो फोहोरबाट मुक्त गर्ने, खानेपानी स्वच्छ दिने, त्यो कुरामा साँच्चै नै राज्यले सोच्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

अब यहाँ श्रम रोजगारको कुरा छ । श्रम रोजगार कसरी हुन्छ? रोजगार पाएसी श्रमिक बन्ने भयो । अनि त्यो कारखाना नि छैन, केही पनि छैन, त्यो श्रम रोजगार कसरी बन्छ? यसको बारेमा अलि गहिरेर, (अनि मैले यहाँ बत्ती बल्यो) । अस्ति एकजना महिला कुटिइन्, कर्मचारी महिला, अदालतमा । अनि एकजना न्यायको लागि बोल्ने कानुन पढेका, एउटा कानुन विदुतले कुटेर, हातपात गरेर सबै लुगा च्यातिएको छ । अनि भनिन्छ उसले घुस मागिन् रे । तीन महिना भ'को उनी आ'को अनि कसरी घुस माग्न सक्छिन्? घुस मागे उनलाई कानुनी कारबाही गर्न पर्थ्यो, उनलाई कुटपिट गर्न हुँदैनथ्यो । आज आएर यहाँ यत्रा महिला सांसदहरू हुनुहुन्छ । कसैले एक शब्द उठाउनुभएन । अगि माननीय जयन्तीले मात्र उठाउनुभो' । ती कस्की मान्छे हुन्? र किन कुरा उठेन? ती कर्मचारी कुन पार्टीको हुन्? हामीलाई था' छैन । मैले चिन्दिनँ । तर जुनसुकै पार्टीको भए पनि न्यायको पक्षमा बोल्ने कि नबोल्ने हामीले? मैले अस्ति यही कुरा उठाउँदाखेरि छोटो छोटो लुगा लाएर अनि नातिनीहरूको बारेमा हामी बसरी कुरा उठाउने भन्दा सबैजनाले बोल्नुभो' । लुगासँगको सरोकार छैन । कसले कस्तो लुगा लायो भन्ने कुरा होइन भन्ने आज चैं त्यो महिला कुटिँदा ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विना पोखरेल । समय ११ मिनेट । त्यसपछि माननीय मदन कुमारी शाह ।

(१४:५५ बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, साल बसाली बजेट आउँछ । बजेटमाथि छलफल हुन्छ । र जस्तो आयो, त्यस्तै पास पनि हुन्छ । बजेटको सोच लक्ष्य, उद्देश्यसहित बजेटले बोकेर आएका योजना तथा कार्यक्रमहरू पनि केही नयाँ र धेरै निरन्तरतामा साल बसाली दोहोरिरहन्छ । कतिपय योजना र कार्यक्रमहरू माननीय अर्थमन्त्रीज्यूको तजबिजमा पनि भर पर्दछन् । र नकाटिए हुन्थ्यो भन्ने लाग्दा लाग्दै काटिन्छन् पनि । संसदमा ल्यायो, छलफल चलायो, पास गऱ्यो अनि वर्षभरि काम चलायो । बजेट यही परम्पराको वरिपरि घुम्दो रहेछ । हाम्रो नियम, कानुन र प्रक्रियाले यसो गर्नु नै पर्ने हुन्छ र हामी त्यही गर्दै छौं । तर यसो गरिरहँदा अड्को पड्को तेलको धुप गर्ने कुरा भने हाम्रो आशा र अपेक्षा होइन । अहिले देशको अर्थतन्त्रको अवस्था बजेटको आकार, मन्त्रालय मन्त्रालयमा विनियोजित रकम र बनेका योजनाहरू हेर्दा हामीले हाम्रो समस्यालाई ठिक ढङ्गले पहिचान गर्ने र ठिक दिशामा पकड्दै अगाडि बढ्ने कुरामा हामीलाई कतै हाम्रो सोच, चिन्तन, दृष्टिकोण र परम्पराले रोकिरहेको त छैन? भनेजस्तो पनि मलाई यदा कदा लाग्ने गर्दछ ।

अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूले १५ गते दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को बजेटको मन्त्रालयको छलफलमा हामी सहभागी भइरहेका छौं । हामीले छलफलको निमित्तको प्राप्त गरेको समयलाई ख्याल गर्दै म यहाँ केवल एउटा मन्त्रालयमा मात्र केन्द्रित हुन चाहन्छु । र म कृषि मन्त्रालयसँग सम्बन्धित रहेर केही धारणा राख्न गइरहेको छु । आर्थिक वर्ष २०८०/०८१ बजेटको सिद्धान्त र प्राथमिकता नीति तथा कार्यक्रम बजेट वक्तव्य आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने निरन्तरताका तथा नयाँ योजनाहरूमा विनियोजित रकम सरसर्ती हेर्दा हामी सधैं गर्न सक्ने, हामीले धेरै गर्न सक्ने अवस्थामा छैनौं भन्ने कुरा स्पष्ट हुन्छ । सरकारले विगतदेखि नै उत्पादन र उत्पादकत्व बढाउने कुरा गऱ्यो । आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्ने कुरा गऱ्यो । कृषि क्षेत्रलाई नै जोड दिएर आत्मनिर्भर गर्ने कुरा गऱ्यो तर त्यसको ठिक विपरीत प्रतिफल निस्किरह्यो । खाद्यान्न, दलहन फलफूल, तरकारी, माछा, मासु केहीमा पनि मुलुक आत्मनिर्भर हुन सकेन । यस्तो किन भयो? सरकारले कृषि क्षेत्रको समस्या नै यो हो भनेर पहिचान गर्न सकेन कि? उचित समाधान दिन सकेन? र हस्पिटल लगेर अप्रेसनै गराउनुपर्ने बिरामीलाई हामी धामी, झाक्रीकहाँ लगेर अक्षता मन्साउन त लगाइरहेका छैनौं? र न रोगको ठिक ढङ्गले पहिचान, न उपचारको विधि नै ठिक ।

अध्यक्ष महोदय, बजेट वक्तव्यमा कृषिको रूपान्तरण भन्ने शीर्षकअन्तर्गत २६ बुँदामा आएका छन् । केही बुँदाबाहेक प्राय सबैले बुँदाले धेरै रूपान्तरणको कुरा गर्दैनन् । त्यसैले मलाई लाग्छ कृषि हाम्रो अर्थतन्त्रको साँच्चै मूल खम्बा भनेर मानिनुपर्दछ । र रेमिटयान्सबाट मुलुक धान्ने चिन्तनबाट हामी माथि उठ्न सक्नुपर्दछ । जब कृषि क्षेत्र हाम्रो अर्थतन्त्रको मूल खम्बा बन्छ, भूउपयोगको नीति सही तर्जुमा हुन्छ, कृषिलाई सम्मानित पेसा र व्यवसायिक रूपमा स्थापित गरिन्छ, ठुलो श्रम शक्ति कृषि श्रममा लगाइन्छ, अनि त्यसपछि मात्र कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण योजनाहरू सफल हुन्छन् । युवा श्रम शक्ति विदेश पठाऊ, अर्थतन्त्र रेमिटयान्सको भरमा चालउ, खेतीयोग्य जमिन टुक्रा टुक्रा बनाएर घडेरीमा परिणत गर र गिटी बालुवा छरेर राख । किसानहरूलाई कृषि पेसामा आकर्षित गर्दै त्यही भविष्य खोज्ने बनाउनुको सट्टा विकर्षित गर्ने र पाए अन्त नपाए लखन थापाको जन्त भन्ने वातावरणबाट कसरी कृषि क्षेत्रको रूपान्तरण होला? र हाम्रो अर्थतन्त्र नि आत्मनिर्भर बन्ला? त्यसैले नीति र वक्तव्यमा मात्र होइन योजना निर्माण र कार्यान्वयनमै विशेष जोड कृषि क्षेत्रमा दिनुपर्दछ । कृषि उत्पादन वस्तुबाटै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्ने, व्यापार सन्तुलन कायम गर्ने कुरातर्फ सोचिनुपर्दछ ।

अध्यक्ष महोदय, ५८ अर्ब ९८ करोडको अङ्कभार बोकेर कृषि मन्त्रालयको बजेट आएको छ । कृषि ऐनको तर्जुमा गर्ने महत्त्वपूर्ण कुरा पनि बजेट वक्तव्यमार्फत माननीय अर्थमन्त्रीज्यूले गर्नुभएको छ । युवा स्टार्ट अप अनुदान, रैथाने बाली उत्पादन र ब्रान्डिङ्ग, राष्ट्रिय उत्पादन र रोजगार प्रवर्धन, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि बिमाजस्ता केही नयाँ र केही निरन्तरताका कार्यक्रमहरू आएका छन् । रासायनिक मलको अनुदान थप १०० प्रतिशतले वृद्धि गरिएको छ । मल कारखाना, प्रविधि, प्राविधिक, माटो परीक्षण, अनुदान, सुपरजोन, जोन, ब्लक, पकेट क्षेत्र पनि निरन्तरताकै कार्याक्रममा छन् भने सिक्दै सिकाउँदैको नयाँ कार्यक्रम पनि आएको छ । कृषिको रूपान्तरण शीर्षकअन्तर्गत आएका सबै कार्यक्रमहरू कार्यान्वयन हुन् । म यो आशा व्यक्त गर्न चाहन्छु । तर जमिनलाई चक्लाबन्दी गर्ने ठोस योजनाको अभावमा कृषिको आधुनिकीकरण र यान्त्रिकीकरण सम्भव छैन । साथै कृषि पेसा मर्यादित र सम्मानित पेसा हो भन्ने चेतनाको विकास गर्ने वातावरण नभइकन कृषि क्षेत्रमा आकर्षण र भरपुर श्रम शक्तिको प्रयोग पनि सम्भव छैन । त्यसैले कृषि क्षेत्रका योजना र कार्यक्रमहरूको कार्यन्वयन गर्दा सरकारले यी विषयमा विशेष ध्यान दिने छ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु । यसको लागि सरकारले केही नमुनायोग्य काम गरोस् । किसानलाई पेन्सन दिने व्यवस्था

गरोस् । जसको कारण किसानहरू उत्साहित हुन सक्छन् । सरकारले पेन्सनको व्यवस्था गरेपछि किसान आफू पनि मर्यादित भएको अनुभूति गर्न सक्छन् ।

अर्को महत्त्वपूर्ण कुरा सरकारले सके जिल्ला जिल्लामा र जिल्ला जिल्लामा सम्भव नभए प्रदेश प्रदेशमा कृषि मन्त्रालय मातहत रहेका जग्गा, नेपाल ट्रष्ट मातहत रहेका जग्गा, गुठीमा रहेका जग्गा, मठ मन्दिर मातहत रहेका जग्गा, कम्पनीहरू मातहत रहेका जग्गा, यहाँ जग्गा धनी किसान स्वयम्लाई नै सेयरमा राखेर आधुनिक उपकरण, उन्नत बिउ बिजन र प्रविधि मल, खाद्य विषादीसहित आधुनिक ढङ्गले नमुना खेती गरोस् । सरकारले नै नियमित सेवा सुविधा दिने हिसाबले तालिम प्राप्त कृषि सेना वा कृषि मजदुर बनाएर उक्त खेतीमा प्रयोग गरोस् । र यसरी गरिने खेतीबाट आउने उत्पादनलाई हेरोस् । यसो गर्दा पक्कै पनि उत्पादन बढाउन सकिन्छ भन्ने मलाई लाग्दछ । विदेशबाट आयात हुने तरकारी र माछा मासुमा प्रतिबन्ध पनि लगाओस् । तरकारीको लागि व्यापक मात्रामा कौसी खेती गर्ने वातावरण पनि बनाओस् । र पक्की घरका सबै छतहरू तरकारी खेतीमा प्रयोग गरियुन् । र अन्यथा कुरैकुरामा समय कटाउने वा योजना नै योजनाको चाङ लगाएर युग बिताउनेभन्दा अरू केही हुन सक्दैन, यसो गरिएन र अहिलेकै निरन्तरतामा गर्यौं भने केही वर्षपछि कृषिप्रधान भनेर भनिँदै आएको हाम्रो देश अनिकालको चपेटामा नपर्ला भन्न सकिँदैन ।

अध्यक्ष महोदय, बजेट वक्तव्यमा औषधिजन्य प्रयोजनको लागि गाँजा खेतीको सम्भावनाको अध्ययन गर्ने भनिएको छ । यसको अध्ययनले कति महिना वा वर्ष लिने हो? कानुन र कानुनका कुरा पनि होलान् । जसको लागि लागु औषध नियन्त्रण ऐन, २०३३ संशोधन गर्नु जरुरी छ । हाम्रो देशले हस्ताक्षर गरिसकेको सन् १९६१ को नार्कोटिक महासन्धि पनि वाधक होला । जे भए पनि विश्वमा ग्रिन गोल्ड र हरियो सुन भनेर चिनिने गाँजाको खेती गरी देशभित्रै औषधि बनाउने काममा प्रयोग र विदेशतर्फ पनि वैधानिक हिसाबले निर्यात गर्ने वातावरण बनाउन सके राष्ट्रले राम्रै आम्दानी लिन सक्ने सम्भावना छ । त्यसैले सरकारले कुरा उठाइहाल्यो, छलफल चलाइहाल्यो । अब अगाडि बढ्न जटिलता छन् भनेर यतिकै थाती नराखोस् । ठोस ढङ्गले पहल गरोस् भनेर पनि म आग्रह गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मदन कुमारी साह (गरिमा) । समय १० मिनेट । त्यसपछि माननीय नर बहादुर विष्ट ।

(१५:०६ बजे) **<u>माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी विनियोजन विधेयक, २०८०/०८१ माथि अन्तिम दिनको छलफलमा छौं । यो विनियोजन विधेयकमाथि आफ्ना केही विचारहरू राखिरहँदा मलाई के लाग्छ भने अहिलेसम्म नेपाल सरकारले ल्याउने विनियोजन विधेयक जसअन्तर्गत त्योभन्दा पहिलाका जुन स्टेपहरू छन् सिद्धान्त र प्राथमीकरण, नीति तथा कार्यक्रम असाध्यै राम्रा हुने गर्छन् । यो पालीको सिद्धान्त र प्राथमीकरण, नीति तथा कार्यक्रम असाध्यै राम्रो छ । त्यसमा खोट निकाल्ने कुनै ठाउँ छैन जस्तो मलाई लाग्छ । तर परम्पराको रूपमा रहेको सिद्धान्त र प्राथमिकताका आधारमा रहेको नीति तथा कार्यक्रममा आधारित रहेर बजेट विनियोजन हुन्छ कि हुँदैन भन्दा अहिलेसम्मको इतिहासलाई हामीले, ४/५ वर्षको यो बजेटलाई हामीले हेर्ने हो भने त्यस्तो हामी भेटाउँदैनौं । हो सबैभन्दा ठुलो समस्या यहाँनिर छ जस्तो चाहिँ मलाई लाग्छ । हामी सपना देख्ने कुरामा पनि पछाडि छैनौं । ती सपनाहरूलाई पूरा गर्नको लागि चाहिने योजना बनाउनको लागि पनि हामी पछाडि छैनौं । तर ती योजनाहरूलाई कार्यान्यवन गर्ने कुरामा चाहिँ हामी धेरै पछाडि छौं । जसका कारणले गर्दा हामी अहिले पनि आर्थिक रूपले माथि उठ्न सकेका छैनौं । हाम्रा आवश्यकता, हाम्रा चाहना, इच्छाहरू पूरा हुन सकेका छैन । अहिले पनि हामी एउटा गरिब देशका नागरिक हौं भनेर रोदन गरिरहन्छौं । र अरूसँग मागेर आफ्नो गर्जो टारिरहन्छौं । प्रश्न उठ्छ यो कहिलेसम्म? यसरी हामी कसरी मतलव नेपालको राष्ट्रियतालाई जोगाउन सक्छौं? त्यसको प्रवर्द्धन गर्न सक्छौं? कसरी हामी नेपाली जनतालाई सुखी बनाउन सक्छौं? समृद्ध बनाउन सक्छौं? यी हाम्राअगाडि चुनौती छन् भन्ने मलाई लाग्छ ।

यो वर्षको नीति तथा कार्यक्रममा भनिएको छ कि विकासमा पछाडि परेका प्रदेशहरूलाई विशेष ग्राह्यता दिइनेछ । त्यसमा सुदूरपश्चिम, कर्णाली, मधेस प्रदेश तर बजेट विनियोजन हेर्दै जाँदा के वास्तवमा हामीले त्यो त्यहाँ देख्न पाउँछौं त? त्यो अनुहार कहीं झल्केको छ? त्यो प्रतिवद्धतालाई पूरा गर्ने खालको बजेट विनियोजन भएको छ? दुःखका साथ भन्नुपर्छ । त्यो भएको छैन । त्यसकारणले गर्दा त्यो श्रृङ्खला जुन छ त्यो श्रृङ्खलालै मिलेको छैन । नीति तथा कार्यक्रमलाई पूरा गर्ने गरी बजेट विनियोजन हुनु पर्छ कि पर्दैन? हुनुपर्ने हो । तर भएको छैन । यदि भएको छैन भने सच्याउन किन मिल्दैन? परम्परा छ भनेर गलत परम्परालाई पनि हामीले धानिरहने हो? हामी असल परम्पराको पनि सुरुवात पनि त गर्न सक्छौं । हामी मान्छे हौं । कार्य सम्पादन गर्न जान्ने, हामी मान्छे हौं । हामीबाट कमी कमजोरी रहन सक्छन् । त्यो बजेट निर्माण प्रक्रियामा धेरै मान्छेहरूको चाहिँ क्रियाशीलता रहन्छ । योगदान रहन्छ । कुनै न कुनै ठाउँबाट कुनै कमी रहन सक्छ । यदि छ भन्ने कुरा चाहिँ हामीले पत्ता लगायौं भने

त्यसलाई हामीले किन नसच्याउने? किन परिमार्जन नगर्ने? त्यसो भएको कारणले गर्दा नीति तथा कार्यक्रममा जसरी भनियो, विकासको सूचाकाङ्कमा पछाडि पारिएको क्षेत्रहरूलाई प्राथमिकतामा राखिने छ भनेर जसरी भनियो त्यो नराखेकोमा, बजेट विनियोजन त्यसरी नभएकोमा म घोर आपत्ति प्रकट गर्न चाहन्छु ।

बजेट विनियोजनको सन्दर्भमा हामी सबैलाई थाहा छ, नेपाल कृषिप्रधान देश हो । जबसम्म कृषिमा हामी आत्मनिर्भर बन्न सक्दैनौं तबसम्म हामी आयातलाई प्रतिस्थापन पनि गर्न सक्दैनौं । जबसम्म आयातलाई हामी न्यून गर्न सक्दैनौं तबसम्म हामीले हाम्रो देशको अर्थतन्त्रलाई विकास गर्न सक्दैनौं । र हामी आत्मनिर्भर पनि बन्न सक्दैनौं । यो हामी सबैलाई थाहा भएको कुरा हो । त मेरो मनमा प्रश्न उठिरहन्छ । म कैलालीको मान्छे, हामीहरू बहस र छलफल गर्छौं । यदि व्यवस्थित ढङ्गले हामीले कृषि क्षेत्रमा लगानी लगायौं, तत्अनुसार हामीले काम गर्यौं भने तराईका २२ जिल्लाले नेपाललाई पाल्न सक्छ । आत्मनिर्भर बनाउन सक्छ । तर हामीसँग यी योजनाहरू छन् कि छैनन्? हामीले भूमिलाई खण्डीकरण हुन रोक्न सकेका छौं कि छैनौं? त्यस्तो खण्डीकरणलाई रोक्ने हामीसँग योजना छ कि छैन? भन्न हामी छाड्दैनौं । तर हामीले कहिले त्यतातिर काम गरेका छौं जस्तो मलाई लागिरहेको छैन । यदि यही अवस्थाबाट यो भूमिको खण्डीकरण भइरहने हो, खेतीयोग्य जमिनको खण्डीकरण भइरहने हो भने, समयमा यसलाई रोक्न सकेनौं भने, यसको चक्लाबन्दी गर्न सकेनौं भने नेपालमा भोकमरी नहोला भनेर भन्न सकिंदैन । त्यसो भएको कारणले गर्दाखेरि यो भूमिको खण्डीकरणलाई रोक्ने कुरा सिद्धान्त त हामी भन्छौं । त्यसमा हामी सहमत छौं तर काम गर्ने कुरामा कृषि मन्त्रालयको यसतिर ध्यान जाओस् भन्ने कुरा म अनुरोध गर्न चाहन्छु ।

मैलेअघि पनि भने असाध्यै अन्नको उत्पादन हुने जिल्लाको मान्छे, त्यहाँ हामीहरूले पटक पटक भनिरहेका छौं । र त्यहाँका जनताले माग गरिरहेका छन् कि शक्तिमा एउटा क्वारेन्टाइनको स्थापना होस् भनेर । तर दुःखका साथ भन्नुपर्छ त्यो प्रक्रियामा अगाडि बढ्न सकेको छैन । यतातिर पनि मन्त्रालय, माननीय मन्त्रीज्यूको ध्यानाकर्षण सम्माननीयज्यूमार्फत गराउन चाहन्छु । त्यसै गरी हामी कृषिप्रधान देश हाम्रो । तर हाम्रो माटोमा कैलालीमा के फल्छ? कञ्चनपुरमा के फल्छ? महोत्तरीमा के फल्छ? इलाम र झापामा के फल्छ? भनेर हामीले ..... गरेर अध्ययन गरेका छौं कि छैनौं? त्यो अध्ययन गर्ने संयन्त्रहरू, संस्थानहरू हामीसँग छन् कि छैनन्? यदि छन् भने तिनले प्रभावकारी ढङ्गले काम गरेका छन् कि छैनन्? यदि छैनन् भने हामीले त्यसको स्थापना गर्ने तिर हाम्रो ध्यान पुगेको छ कि छैन? भन्दा भएको संस्थानहरूले पनि प्रभावकारी ढङ्गले काम नगरिरहेको र आवश्यक भएको ठाउँमा चाहिँ स्थापना

नभएको अवस्था छ । त्यसो भएको कारणले यतातिर पनि ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

र यसै सन्दर्भमा कृषि अनुसन्धान केन्द्रको बहुबाली, बहुकृषि, बहुपशुमा अध्ययन गर्ने गरी सुदुरपश्चिममा एउटा कृषि अनुसन्धान केन्द्रको स्थापना होस् भन्ने कुरा म राख्न चाहन्छु । अहिले हामीले पढ्यौं, तथ्याङ्कमा हामीले हेरिरहेका छौं । हाम्रो चाहिँ यो केन्द्रीय बैङ्कले भनेको छ कि ६७ दशमलव ७ प्रतिशत, ६७ दशमलव ७ अर्ब नेपाली रुपैयाँ मात्रै गत आर्थिक वर्षमा चाहिँ विदेश पलायन भएको छ, त्यो पूँजी । अहिले यो आर्थिक वर्षको दश महिनामा ७५ दशमलव १४ अर्ब नेपाली रुपैयाँ चाहिँ विदेश गइसकेको छ । मैले यो किन यो कुरा चाहिँ डाटा यहाँहरूको माझमा राख्न खोजें भन्दाखेरि शिक्षाको क्षेत्रमा यति धेरै पैसा बाहिर गइरहेको छ । शिक्षाका साथ साथमा हाम्रो युवा पुँजी पनि बाहिर, विदेश गइरहेको छ । युवा पुँजीलाई हामीले नेपालमै रोक्ने हामीसँग योजना बनेको छ जस्तो मलाई लाग्दैन ।

सामाजिक सञ्जालहरूलाई नियमन गर्ने कानुन अति आवश्यक छ भन्ने कुरा राख्न चाहन्छु । म बुँदामा मात्रै राख्नुपर्ने अवस्था आयो मेरो । सीमा सुरक्षाको सन्दर्भमा महाकाली करिडोरअन्तर्गत दार्चुला तिंकर सडक, जसलाई नेपाली सेनाले बनाइरहेको छ । यसलाई विशेष ध्यान दिन जरूरी छ, किन भने भारतले त्यहाँ डबल लेनको सडक बनाइसकेको छ । हामी अहिलेसम्म हामीले चाहिँ २ किलोमिटर, हामी चाहिँ त्यसको मात्रै यो ट्र्याक खोल्ने कामहरू मात्रै हामीले गरिरहेका छौं । राम्रोसँग काम हुन सकिरहेको छैन । यतातिर हामीले ध्यान दिन आवश्यक छ भन्ने कुरा म राख्न चाहन्छु । तस्करी नियन्त्रण र दुर्व्यसन नियन्त्रणमा पनि ध्यान जान जरूरी छ । प्रहरी संगठनलाई सङ्घीयतामा लैजानको लागि तत्काल ऐनको आवश्यकता छ । नेपाली सेना, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाल प्रहरीको सेवा सुविधामा जुन एकरूपता छैन, त्यसमा एकरूपता ल्याउन आवश्यक छ । र सङ्घीयताको कार्यान्वयनको लागि संविधान प्रदत्त अधिकारहरूको उपभोगहरूको लागि बनाउनुपर्ने ऐन यथाशीघ्र बनाउनतिर हामीले ध्यान दिन जरूरी छ । त्यसै गरी, धन्यवाद । ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय नर बहादुर विष्ट । समय १० मिनेट । त्यसपछि माननीय रमेशजंग रायमाझी ।

**(१५:१७ बजे) <u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, आज हामी अन्तिम दिन आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेटमाथिको छलफल हामी गरिराखेका छौं । हामीले विनियोजित, विनियोजनका प्राथमिकता र सिद्धान्तमा पनि हामीले छलफल गर्यौं । नीति तथा कार्यक्रममा पनि हामीले छलफल गर्यौं । आज हामी विनियोजित बजेटमाथिको छलफल हामी गर्दैछौं । अन्तिम दिन होला जस्तो लाग्छ । ०८०/०८१ को विनियोजित बजेटमाथि छलफल गर्दैछौं । हामीले हाम्रो निर्वाचन क्षेत्रमा बजेट परेन भनेर पनि हामी कराई रहेका छौं । यो गरिमामय राष्ट्रिय सभाको संसदमा मैले बोल्दै गर्दाखेरि हामी २०१३ सालको विकास बजेटमाथिको जुन ऐन थियो । त्यही ऐन अहिले चाहिँ नौं पटक संशोधन गरेर । गणतन्त्र आइसक्यो । २०७२ को संविधान आइसक्यो । तर ऐन विकासको ऐन कहाँ छ त भन्दाखेरि २०१३ सालमै छौं । अनि हामी कुरा गर्छौं कि हाम्रो समानान्तर तरिकाले विकास भएन । त्यसैले स्वचालित विकास भएन । परिचालित विकास भयो । परिचालित भनेको मन्त्रीले चाहनाको आधारमा आफ्नो निर्वाचन क्षेत्रमा हाल्ने बजेट हो । यो सुधारिएको संसदीय व्यवस्था हामीले भन्यौं । व्यवस्था त सुधारियो, संसदीय व्यवस्था सुधारियो, हाम्रो मन्त्री र कर्मचारीका मानसिकता सुधारिएन । त्यसैले यो के छ त जुन खालको संरचना छ, त्यो संरचनामा आएको बजेट मलाई ठिकै लागेको छ । किन भने पहिलो कुरा हामी कानुन बनाउँ । अहिलेको २१ औं शताब्दीमा प्रविधिको युग छ । विज्ञान र प्रविधिको युगमा हामी कानुन बनाउने पञ्चायतकालीन कानुन कार्यान्वयन गर्ने अनि कुरा हामीले सबैभन्दा ठुला यहीं गर्ने? त्यसैले विकास भनेको नीतिमा हुने हो । हामी नीति निर्माणको थलोमा उभिएका माननीयहरू छौं यहाँ । हामी नीति, कानुन बनाउने हो । हामीले कुनै फाइल बोकेर खरदार, सुब्बाका हजुरमा मेरो सिँचाइ हाल्दिनुहोस् भनेर भन्न पनि हामी जाने अनि एक लाख रुपैयाँ पऱ्यो भनेर गाली पनि हामीले गर्ने यो त मिलेन त ।

प्रतिनिधि सभाको रङ्गमञ्चमा हेर्दा पनि त्यस्तै देखिन्छ । चाहे ती युटुबर माननीय हुन्, चाहे त्यो दश / बिस वर्ष जितेर आएका माननीय हुन्, कुरै एक लाखको हुन्छ । किन भने केन्द्रीकृत मानसिकता अहिले पनि छ यहाँ । मन्त्रीहरूको जतिसुकै यहाँ तपाईंको म मन्त्री नभएको बेलामा म यहाँ विकेन्द्रीकरणको सिद्धान्तको कुरा गर्छु, सङ्घीयताको कुरा गर्छु । तर म जब मन्त्री भएँ नि, तब म के हुन्छ त केन्द्रीकृत मानसिकता त्यहाँ हुन्छ । यसैको उपज के हो त भन्दा बजेट विनियोजन, विनियोजित गरेको बजेटको परिणाम हो । त्यसैले हामीले नीतिगत ढङ्गले सुधारौं । स्वचालित बजेट आउने बनाउँ । हामी नभए पनि हामीभन्दा पछाडि आउने ०८४ मा, ०८५ मा, ०९० मा आउने माननीयले पनि त्यो नीतिको आधारमा देशको विकास

समानान्तर विकास होस् । त्यसैले अल्पविकसित देशको, अल्पविकसित देशको मानसिकता पनि अल्पविकसितै हुन्छ । त्यसैले यसको समग्रता देशको विकास २१ औं शताब्दीमा नेपालको विकास कसरी गर्ने भन्ने कुराहरू हामीले ठुला ठुला परियोजना घोषणा गरेका छौं । राष्ट्रिय गौरवका आयोजना भन्छौं । कति वर्ष भो' हामीले गन्ती गरेका छौं? सिक्टा सिँचाइ आयोजना एक सय वर्ष भएछ । गौरवको योजना भनेको मापदण्ड हुन्छ नि त्यसको त, दश वर्षभित्र सम्पन्न गर्ने, बाह्र वर्षभित्र गर्ने तर त्यो मापदण्डै छैन । चाहे त्यो रानी जमरा होस्, चाहे सिक्टा होस्, चाहे मेलम्ची होस् । ०४८ सालमा प्रधानमन्त्री, तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद सापकोटाले क्यारे कृष्णप्रसाद भट्टराईले काठमाडौंमा म पानी मेलम्चीको पानी ल्याएर धोइदिन्छु भनेर त्यो आयोजना अहिलेसम्म पूरा गर्दैछौं हामी । हामीले के नीति बनायौं? विकासको मोडेल कस्तो बनायौं? त्यसको आधारमा विकास हुने हो । तर राज्यले पैसा थपेको छ । कर्मचारीतन्त्र मोटाएको छ । सीमित मन्त्री पनि मोटाएकै छन् जस्तो लाग्छ मलाई । यसो हेर्दाखेरि उनको रहन, सहन, बसाइ उठाइ हेर्दाखेरिको त्यसैले म के भन्छु भन्दाखेरि यो ०८०/०८१ को बजेट माअघि मैले भने प्राथमिकता, सिद्धान्त राम्रो छ । नीति पनि राम्रो छ । तर कार्यान्वयन गर्ने पक्ष आज भोलि चाहिँ तपाईंको अस्ति साइबर ह्याक भयो भन्ने खबर आयो । देशभरीमा २४ गते राती महालेखापरीक्षकले साइबर ह्याक गरेर बन्द गऱ्यो । अर्बौं रुपैयाँ चाहिँ उपभोक्ता र ठेकेदारले पैसा पाएन भनेर कराइरहेका छन् मान्छे ।

बजेट हामीले १५ गते ल्याउने जेठको, कार्यान्वयन चाहिँ असार २५ गते गर्ने, यो संविधानअनुसार मिलेन त यो । तर अहिले यो सरकारले विनियोजित बजेट, नीति र कार्यक्रममा के भन्या छ भन्दाखेरि कात्तिकभित्र चाहिँ ठेक्का गरिसक्ने, अब आउने बजेटमाथि छलफल गर्दाखेरि फागुनको महिनाबाट नीति कार्यक्रममाथि छलफल गर्ने र लागु गर्ने भन्ने छ । यो कत्तिको लागु गर्छ? किन भने हामी करायो करायो दक्षिणा हरायो । यो चैतको महिना गएपछि यत्रो सार्वभौम संसद, संसद भनेको त व्यवस्थापिका संसद सर्वोच्च हो कि कार्यपालिका सर्वोच्च हो? सर्वोच्च त व्यवस्थापिका संसद हो नि? यहाँ नियम बनाउने हो नि? कानुन बनाउने हो नि? तर किन उदासी हुन्छौं हामी? किन उदास हुन्छौं हामी? कानुन बनाएर दिऊँ । तर एक जना मन्त्रीले एक जना सचिव मिलेर यो जम्मै विनियोजित बजेट संशोधन गर्छ र तपाईंको रकमान्तर गर्छ चैतको महिना । अनि अहिले हामी कराई, कराइरहेको के अर्थ रहन्छ यसको? यो जस्ताको त्यस्तै केही गर्न पाइँदैन भने, त्यसैले मेरो आग्रह के हो भनेपछि यो नीति तथा कार्यक्रमलाई विनियोजित बजेट पनि माननीयहरूले गरेका सल्लाह, सुझावलाई समेट्ने हो भनेदेखि छलफल गरेको औचित्य हुन्छ, नत्र त्यही हो भने जस्तै हो भने त के अर्थ रहन्छ र?

त्यसैले छातीमाथि ढुङ्गा राखि, छातीमाथि के राखी रुनुपर्या छ भन्ने छ नि । त्यसैले हामीले छातीमाथि ढुङ्गा राखेर नरोऔं, किन भने यो परम्परा हो ।

प्रतिपक्षका माननीय साथीहरूले पनि राख्नुभो' कुरा यो परम्परा हो । ०७४ देखि ०७७, ०७८ सम्म के परम्परा तोड्नुभो' तपाईंहरूले? के नयाँ ल्याउनुभा'थ्यो र? यी परम्परा भो' त? त्यसैले यो पनि परम्परा त्यही निरन्तरता छ । त्यसैले हामी कोही दुःखी र सुखी हुनुपर्ने आवश्यकता मैले देख्दिन यहाँ । प्रतिपक्षले प्रतिपक्षको धर्मै हो नि त यो विरोध गर्ने त । 100 Percent समर्थन गर्‍यो भने त किन चाहिया थियो यहाँ? होइन किन भने उसको धर्म हो विरोध गर्ने । गरौं कि गरौं । जे जे भन्या छ त्यही गर्ने न हो? हामीलाई सर्मथन गर भन्या छ, हामी समर्थन गर्या छौं नि । हैन सरकारले समर्थन गर्ने राम्रो भए पनि नराम्रो भए पनि राम्रै छ । नीति पनि राम्रो छ । सिद्धान्त पनि राम्रो छ । प्राथमिकता पनि राम्रो छ । तर मात्रै के हो त भन्दा यो सबै ठिक छ । विनियोजित आउँदाखेरि प्राथमिकतामा परेन त्यही त हो समस्या त । बजेट विनियोजित गर्दाखेरि बजेट प्राथमिकतामा परेन । प्राथमिकता मन्त्री कहाँ पर्‍यो । यही संसदीय व्यवस्था हो । होइन? गणतान्त्रिक व्यवस्था भने पनि व्यवस्था त संसदीय नै हो । परिमार्जित हामीले भन्यौं । मैलेअघि भने परिमार्जित संसदीय व्यवस्था भयो । तर परिमार्जित के भएन त भन्दाखेरि विनियोजित बजेट भएन । कुन मन्त्रीले बजेट सबैभन्दा बढी हाल्यो? Regular कसले जित्या छ नेपालमा? साँच्चै भन्ने हो भने काठमाडौंमा माओवादी पार्टीको सरकार हुँदाखेरि प्रचण्ड प्रधानमन्त्री हुँदाखेरि विद्युत् १८ घण्टा लोडसेडिङ्गमुक्त, यो सबै चौडा गरेको सडकले गर्ने हो भनेदेखि त माओवादी सधैंभरी काठमाडौंमा जित्नुपर्ने? किन जित्दैन त? एउटा मन्त्रीले दुई वर्षको लागि मन्त्री हुँदाखेरि सबैभन्दा बढी बजेट हालेर जित्ने भएको भए यहाँ भन्दा पहिला किन जितेन त? विकास भनेको चाहिँ तपाईंको एउटा मन्त्रीले सबैभन्दा बढी बजेट हालेर हुँदैन । विकास भनेको चाहिँ समग्र ६५ ओटै निवार्चन क्षेत्रमा समानान्तरको आधारमा विकास हुन्छ । सबैको उन्नति प्रगति हुन्छ । कोही मन्त्रीले बढी ..... कोही माननीय सानो र ठुलो हुन्छ? माननीय प्रत्यक्ष जितेको चाहिँ ५ करोड रुपैयाँ पाउनुपर्ने, हामीले चाहिँ यहाँ कागज बोकेर हिँडनुपर्ने? त्यो पनि नीति हुन्छ? अनि त्यो ५ करोड प्रत्यक्ष जित्नेले, प्रत्यक्ष जित्नेले ५ करोड खर्च गर्नका लागि उठाएर उसैले वकालत गरिराख्या छ । आज रास्वपाको पार्टीले किन विरोध गर्दैन? किन भने उसले सबैभन्दा आलोचक कुरा उसले गर्छ । नीति, नियमको कुरा उसैले गर्छ । तर विरोध उसले किन गर्दैन त भन्दाखेरि ५ करोड खर्च गरेर आ'छ । असुल्नु छ त्यहाँ । अनि भन्छ त्यहाँ भ्रष्टाचार गर्‍यो भनेर हामी आफैं नीतिगत ढङ्गले भ्रष्टाचार गर्न स्वीकृत हामीले दिने सदनबाट अनि भ्रष्टाचार गर्‍यो भनेर कराएर के अर्थ रहन्छ र? त्यसैले सर्वप्रथम के

भन्न चाहन्छु त भन्दाखेरि यो नीति, कार्यक्रम, बजेट, विनियोजन बजेटमाथिको सकारात्मक पक्षमा म समर्थन गर्दछु । तर हामीले क्रम भङ्ग गरौं । यो बजेटलाई संशोधन गर्न सकिने र यो सार्वभौम चाहिँ संसदमा माननीयले उठाएका कुराहरूलाई कानुनसम्मत् चाहिँ पालना गरौं र नीति र निर्माणमा पहिलो प्राथमिकता दिऊँ । अनि मात्रै हामीले हामी कहाँ कति हाल्ने भन्ने कुराहरू पछि गरौं । त्यसैले म यो पहिलो कुरा हामी नीतिमा प्रष्ट हौं । कानुन बनाऊँ । कानुनबाट अगाडि बढौं । सबै समान, देशको समान विकासको लागि एउटा मोडेल गरौं । यसको डिपिआर गरौं । अनि मात्रै ..... समानको समानताको आधारमा हामीले यहाँ दलितले दलितको मात्रै बोल्नुपर्ने? मगरले, धन्यवाद । (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेशजंग रायमाझी । समय १८ मिनेट । त्यसपछि माननीय देवेन्द्र दाहाल ।

(१५:२८ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज सरकारले ल्याएको बजेटको विषयमा छलफलको लागि यो राष्ट्रिय सभामा हामीहरू उपस्थित भएका छौं । वास्तवमा यो छलफलको आवश्यकता छैन भन्ने धेरै माननीयले बोलेपछि मलाई पनि महसुस भइराखेको छ । किनभने हामीले छलफल पाँच दिनलाई राख्या थियौं । तर आज एकै दिनमा सकिराख्या छ । किन यो हामीले पाँच दिन राख्यौं त? सकिँदो र'छ नि त एकै दिनमा गर्दाखेरि । प्रतिनिधि सभामा महिनौं राख्नुपर्ने भयो, छलफल गर्नको लागि । छलफल गरेर छलफलको लागि मात्रै, छलफल हुने परिणाम यसको सकारात्मक परिणाम नआउने हो भने, समर्थनको लागि मात्रै गर्नुपर्ने हो भने किन छलफलको लागि माननीयहरूलाई engage गर्ने? मन्त्रीहरूलाई फेरि माननीयहरूले बोल्दाखेरि टाउको दुख्ने अवस्था किन बनाउनुपर्ने? यो त हाम्रो परम्परा रैछ यो सब । माननीयहरूले बोल्यो भने त मन्त्रीहरूको टाउको दुख्छ । किनभने बजेट बनाउने सिलसिलामा मन्त्रीहरूलाई भेट्न जाँदाखेरि मन्त्रीहरू व्यस्ततामा हुनुहुन्थ्यो । माननीयहरूको सुझाव लिन चाहनुभएन । अब अहिले पास गर्ने बेलामा माननीयहरू चाहियो । अहिले त टाउको दुख्दैन फेरि, किनभने मन्त्रीहरूलाई । यो हाम्रो एकदमै परम्परा भइसकेको छ ।

त्यसकारण मैले अस्ति नै पनि बोल्दा भनेको थिएँ, सबै माननीय हुन्जेल हाम्रा मित्रहरू, हामीसँग गफ गर्न भ्याउने, हामीसँग सरसल्लाह गर्न भ्याउने, छलफल गर्न भ्याउने तर मन्त्री भएपछि व्यस्तता हुने, गफ गर्नै नहुने । त्यसकारण हाम्रो साथीहरू, माननीय महोदयहरूको

मन्त्री नै नहुने हो कि राष्ट्रिय सभाबाट भन्ने पनि भयो । किनभने यो खालको परिस्थिति विभेदकारी छ । राष्ट्रिय सभा र प्रतिनिधि सभा दुइटा सदन संघीय संसद भनिन्छ बाहिर । त्यहाँभित्र छिर्दाखेरि पनि देख्छु मैले संघीय संसद भनेर लेखेको देख्छु तर विभेद छ । पूरै विभेद छ । यहाँको माननीयहरू कसैका आशीर्वादले मात्रै आएका हुन् । यहाँ आएका माननीयहरूको कुनै लगानी छैन भन्ने खालको अवस्था सिर्जना गरिएको छ । त्यसकारण यो बजेटमा गएर यो मन्त्रालयपिच्छे नै म छलफल गर्न पक्षमा छुइनँ । किनभने यो हामीले पहिले पाँच दिन तोकेको थियौं । त्यहीअनुसार छलफल हुन्छ, मन्त्रीहरूको सहभागिता हुन्छ, केही कुराहरू आउला, मन्त्रीहरूले पनि जवाफ देला भन्ने थियो । तर यो बजेट आज एकै दिनमा पास गर्नुपर्ने स्थिति भयो । के कारणले? भन्दाखेरि प्रकृतिको उपहार । प्रकृतिले उपहार दियो, बाटो बन्द, पहिरो जाने । एमालेले उपहार दियो संसद बन्द गर्ने । प्रतिपक्षले उपहार देको संसद बन्द गर्ने । त्यसकारण हामी आज एकै दिनमा पर्यौं ...... ।

माननीयहरू हामीले कतिपल्ट भन्या छौं राष्ट्रिय सभामा, हामी पनि प्रतिपक्षको माननीय भएर बस्यौं र हामीले भन्दाखेरि उहाँहरू सत्तामा हुँदाखेरि राष्ट्रिय सभाको गरिमा अर्कै छ । यो बौद्धिक वर्गको सभा पनि भनियो । तर आफू प्रतिपक्षमा गएपछि नेताको निर्देशन जे हुन्छ, त्यहाँभन्दा अन्त गइएनँ, चट्पटाइएन । कतै चट्पटाउने कुरो पनि भएन । कि त माननीयज्यूहरू संसद चलाउँदाखेरि उताको नेता चल्यो भने यताको नेता चल्छ भन्ने स्वभाव आयो । त्यसकारण यो खालको यो संसद के हो त? यो बौद्धिक वर्गको सभा हो कि होइन? यहाँ पार्टीगत कुराहरू हुन्छ कि हुँदैन, पक्ष विपक्ष हुँदै जाँदाखेरि? त्यो पनि सत्तामा पुग्दाखेरि एउटा भाषा, प्रतिपक्षमा हुँदाखेरि अर्को भाषा बोल्दाखेरि यो बोलेको कुराहरू हाम्रो बिचमा मात्रै रहँदैन, संसारभरि पुग्छ अहिलेको अहिले । त्यसकारण हामीले विगतमा के बोल्यौं? अहिले के बोल्दै छौं? भन्ने कुरो पनि हेक्का राखेर माननीयहरूले बोल्नुपर्छ जस्तो लाग्छ मलाई । किनभने हामीलाई बाहिर अहिले सडकमा धेरै सुरक्षित मानिने छ जस्तो लाग्दैन मलाई । लोगो लगाएर सार्वजनिक बसमा चढ्नुस् अहिले, हाम्रोप्रति, हामीप्रतिको दृष्टिकोण के छ? त्यो दृष्टिकोण जनताले बनाएको होइन । हामीले बनाको हो त्यो दृष्टिकोण । हामीले बनाएका, नेताहरूले बनाएको दृष्टिकोण हो । हामीले बनाएका, मन्त्रीहरूले बनाएको दृष्टिकोण हो त्यो आज, जनता ।

बजेट बनाउँदाखेरि कहिले युवालाई सम्झेनौं हामीले । विदेश गइरा' छन् । यहाँ सडकमा जुलुस निकाल्नेको, सरकारको विरोध गर्नेको सङ्ख्या कम हुँदै छ भन्ने हामी सोचिरा' छौं र अनि तिनले रेमिट्यान्स बढाइरा' छन् । त्यो रेमिट्यान्सले हामी बाँचिरहेका छौं । अनि जान्छन् जाउँन्, जाउँन्, दिनको दिन जाउँन् । वर्षमा सात लाख मान्छे पुगिसके । युवाजति

सबैलाई विदेश पठाइदिने अनि यहाँ शासन गर्ने । हामी जुन पद्धतिमा छौं, यो पद्धतिले कसैको कारणले जाँदैन यो व्यवस्था । कसैको कारणले हामी अपमानित हुँदैनौं, हाम्रै कारणले हुन्छ । पटक पटक मन्त्री हुने, पटक पटक जिम्मेवारी लिने तर जिम्मेवारीलाई कुशलतापूर्वक सम्पन्न नगर्ने । आफ्नो परिवारको लागि, आफ्नो व्यक्तिगत स्वार्थको लागि, आफ्ना नजिकका मान्छेका लागि मात्र प्रयोग गरेको कारणले आज यो स्थिति पैदा भएको हो ।

आज मान्छेहरू सरकार कसको भन्दै छ? एउटा मेयरको चर्चा हुन्छ काठमाडौंमा । धरानमा देशभरि, संसारभरि चर्चा हुन थालिसक्यो । तर हाम्रा सरकारमा मन्त्री को छ? भनेर सोध्यो भने, था' छैन भन्छौं । एउटा मेयरको चर्चा हुन्छ तर मन्त्रीको चर्चा हुँदैन, किन? प्रश्न आफैंलाई सोध्नुस्, बेलुका गएर घरमा मन्त्रीहरूले । के कारणले हुँदै छ यो स्थिति? भन्दा बजेट बनाइएको छ आज, साढे १७ खरबको बजेट बनेको छ । र मन्त्रीलाई भेट्न जाँदाखेरि बजेट सानो बन्छ भन्नुभो' । तर बनाउने बेलामा उही बनाइयो । उही डाटाको बजेट बनाइयो । कुनै फरक छैन । केही फरक छैन । आफू अनुकूल बनाउने, आफू केन्द्रविन्दु बनाउने, यसरी चल्छ जस्तो मलाई लाग्दैन । अब मेरो बाध्यता पनि होला । सत्तापक्षको माननीय बजेटको समर्थन गर्दिनुपर्ने, बजेट राम्रो छ भन्दिनुपर्ने, बुट्टा भर्दिनुपर्ने, असल बजेट ल्याएछ यसले जनताले सुख पाउँछन् भन्नुपर्ने होला । तर हामी सुध्रिने कि नसुध्रिने? मेरो प्रश्न यही छ । हामी सुध्रिने गतिमा मैले गएको देखिरा' छुइनँ । अहिले पनि विशेष मान्छेहरू चाहिएको छ मान्छेलाई । काहीं नियुक्ति गर्नुपर्यो विशेष चाहियो, काहीं केही गर्नुपर्यो चाहियो । माननीयहरूसँग सल्लाह गर्नुपर्दैन । माननीयहरूको आवश्यकता छैन । कुन शक्ति केन्द्रले भन्छ, त्यही काम गर्ने हो । त्योभन्दा अरू यता उता गर्नेवाला छैन । किनभने हामीले देखिरा' छौं, हामीले भोगिराखेको छौं । हामी जुन स्थितिमा गुज्रिरहेका छौं, यो बजेट आज साढे १७ खरबको बजेट, आज शीर्षक हेर्दै जानुहोला मन्त्रीज्यूहरू । तपाईंहरू धेरै दङ्ग पर्नुभा' होला नेताहरू, यो पर्सीसम्ममा बजेट अन्तसम्म कार्यान्वयन हुने बेलामा यो बजेट १५ खरबको मात्रै हुन्छ । जहाँ जहाँबाट ऋण र अनुदानको पैसा माग्या छौं, त्यसले नदिएपछि मैले मेरो साहुले पैसा दिन्छ भनेर आशा राखेको तर साहुले पैसा नदिएपछि मेरो घरमा छोरालाई मोटरसाइकल किन्दिन्छु भनेर भनेको थिएँ, मेरो बजेट छोराको मोटरसाइकल होइन, साइकल नआउने स्थिति हुन्छ, मेरो साहुले नदिएपछि । त्यही भएर आज बजेटमा जसरी पैसा छुटाइएको छ, मन्त्रीज्यूहरूलाई लागेको होला हाम्रो जिल्लामा र क्षेत्रमा यति परेछ भनेर, गएर बेलुका शीर्षक हेर्नुस् । कुन देशले र कुन ठाउँबाट अनुदान र ऋण आउँछ, त्यो हेर्दाखेरि तपाईंहरूलाई त्यतिखेर पैसा आएन भने तपाईंको बजेट काटिन्छ । अनि त्यतिखेर बजेटको तपाईंहरूलाई

साँच्चै हिजो संसदलाई गरेको, संसदप्रति त्यो हेरेको, राखेको दृष्टिकोण त्यतिखेर तपाईंहरूलाई महसुस हुन्छ । जबसम्म तपाईंको पैसा कार्टिंदैन, तपाईंको क्षेत्रको पैसा खोसिंदैन तबसम्म सांसदको तपाईंहरूलाई केही महत्त्व हुँदैन ।

तपाईंहरू पनि सांसदमा रहँदाखेरि देख्या छु हामीले, अर्थमन्त्रालयको टेबुल ठोकाएको । पैसा नपर्दाखेरि टेबुल ठोकेको देख्या छौं नि हामीले पनि । अनि आज मन्त्री भइसकेपछि अरूको कुरा सुन्नै नपर्ने? अरूको भावनासँग खेल्नुपर्ने? त्यो दिन सम्झिनुस् एकपटक तपाईंहरूले । त्यसकारण यहाँ भएका माननीयहरू पनि मन्त्री हुन सक्छन् । एक/दुईजना मन्त्री नै छन् अहिले पनि । त्यसकारण भोलि पनि तपाईंहरूले तिनै माननीयको मा पैसा माग्न जानुपर्ला, टेबुल ठटयाउन जानुपर्ला । त्यसकारण यो आजको बजेट जसरी बजेट आएको छ, अब अघि नै माननीयज्यूहरूको कुरा आइसक्यो । भाँडो जत्रो त्यहीअनुसार दिनुपर्ने । गच्छेअनुसार दान गर्नुपर्ने भन्ने जुन हुन्छ नि, त्यस्तै अवस्थाले यो बजेट आएको छ ।

अब यो बजेटले अब हामीले चलायौं महिनौंदेखि छलफल । त्यहाँ महिनौंदेखि छलफल त सांसदको भत्ता होला, सुविधा होला । त्यो पैसा त बच्थ्यो होला नि । त्यो कुनै एउटा पवित्र काममा लाउनलाई एकै दिनमा पास गर्या भए भइहाल्थ्यो नि बजेट । त्यो एउटा पवित्र काममा लाएको भए हुन्थ्यो । स्वास्थ्य मन्त्रालयको पवित्र काममा लाएको भए हुनुहुन्थ्यो, कृषि मन्त्रालयको पवित्र काममा लाएको भए हुनुहुन्थ्यो, श्रम मन्त्रालय र पवित्र काममा लाएको भए हुनुहुन्थ्यो । किनभने विदेशमा मान्छेहरू मरेको हुन्छ । यहाँ परिवार रोएर बस्छ । महिनौं दिनसम्म लास आउँदैन । एउटा आफ्नो परिवारको लास लिनलाई पनि राज्यसँग गुहार गर्दा पनि राज्यले त्यो लास उपलब्ध गराइदिंदैन । अनि जनताहरूले कस्तो बजेटको आशा राख्छ? जनताले त आफ्नो परिवार हेर्न चाहन्छ नि । परिवारको लासै भए पनि हेर्न चाहन्छ नि । हामी अहँ, मन्त्रालय फेरि फेरि मन्त्री हुन्छौं । कोही ५ पल्ट, कोही १० पल्ट, कोही १२ पल्ट, १५ पल्ट तर के भयो? भन्दाखेरि केही छैन । उपलब्धि जीरो । हात लाग्यो जीरो, राज्यलाई ।

त्यसकारण अहिले ...... प्रतिपक्षले पनि के कुरा राख्नुस् भने अगाडि साढे ३ वर्ष राज्य चलाउँदाखेरि तपाईंहरूले ल्याएको बजेट पनि कस्तो छ एकपल्ट पढनुस् । अहिलेको सरकारले ल्याएको बजेट त राम्रो छैन भन्नुभो' । मैले पनि त्यसमा अलि अलि थपें तपाईंहरूसँगसँगै । तर विगतमा साढे ३ वर्ष तपाईंहरूले गर्दा साथ शासन चलाउँदाखेरिको बजेट पनि हामीले हेरेकै हो । हामीले यो रोस्ट्रमबाट बोलेको खर्च कटौतीको निर्णय हाल्यौं, तपाईंहरूले सुन्नुभो'

त्यतिखेर? त्यतिखेर सुनेको भा' आज पनि सुनवाइ हुन्थ्यो होला नि त । किन सुनिएन त्यतिखेर? त्यही परम्परामा जानुभो' । अहिलेका मन्त्रीले पनि त्यही सिकेका छन् । नयाँ कुरो सिक्ने कुरा छैन यहाँ । नयाँ जान्न कसलाई जाँगर छ? जान्यो भनेदेखि अप्ठ्यारो हुन्छ । घटाउनुपर्छ बजेट अनि आफ्नो क्षेत्र घट्छ । आफ्ना मान्छे नेताहरूको घट्छ । त्यसकारण घटाउँदैनन् । यो क्लियर छौं । सबै क्लियर छौं, माननीयहरू । तर के भने बाध्यता छ, प्रतिपक्ष माननीयहरूको नराख्यो भने केमा बोल्ने त? अगि भनिसक्नुभो' । केमा बोल्ने त? खर्च शीर्षक काटेन भने केमा बोल्ने? भन्दाखेरि एउटा बाहाना चाहिएको हामीलाई, सबैलाई ।

त्यसकारण मेरो सबैसँग आग्रह के हो भने अब बजेट त पास भइहाल्छ । तर बजेट पास भएपछि बजेटको कार्यान्वयन पक्ष सबैभन्दा महत्त्वपूर्ण कुरा हो । कार्यान्वयन पक्षलाई हामीले कति ध्यान दिन्छौं, दिँदैनौं । रसियामा अस्ति जाँदाखेरि हेरेको Embassy मा एउटा गाडी बिग्रेर बसेको छ । वर्षौंदेखि भएछ, त्यो गाडीलाई फ्याँक्नेसम्म पैसा छैन रे । कति पैसा लाग्छ फ्याँक्नलाई भनेको ५ लाख जति लाग्छ रे । फ्याँक्नलाई नै ५ लाख लाग्दछ गाडी । लगेर डम्पिङ साइटमा राख्नलाई, लानलाई, व्यवस्थित गर्नलाई ५ लाख लाग्छ रे । त्यो चिज मैले आएर परराष्ट्र मन्त्रीजीलाई सुनाइदिएँ, सुन्नु मात्रै भयो उहाँले । के छ त्यसको स्थिति? त्यो Embassy को एरियामा सानो एरिया छ । त्यहाँ त्यसले ठाउँ अकुपाइ गरेको छ । त्यसलाई व्यवस्थित गरिदिऊँ भनेर सोचिएन । सोचिँदै सोचिँदैन यहाँ । माननीयले भनेको कसले सुन्छ भनेको? जसले मन्त्री बनायो उसैको त सुन्ने हो । अर्को कुरो माननीयले के बनाउँछ र? त्यही ...... गर्ने हो । उसैको मात्र सुन्ने चलन छ यहाँ । त्यसकारण पनि अब मैले अगि नै भनिसकें मेरो त बाध्यता छ । सत्तापक्षको सांसद, सत्तापक्षको एउटा दलको नेता ।

अनि यो त्यसकारण हामीले हामीलाई हिजो पञ्चायत जाँदै गर्दा पनि पञ्चलाई थाहा थिएन । पञ्चायत सकिँदै छ, पञ्चायत जाँदै छ भन्दाखेरि पञ्चलाई थाहा थिएन । उनीहरूलाई जाँदै छ भन्ने थाहा पाएको भा' रोक्नपट्टि लाग्थे । तर यो गणतन्त्र पनि जादै छ भन्ने स्थिति आयो भने गणतन्त्रमा जसले काम गरेको, गणतन्त्र ल्याउन जसको लगानी रहेको, तिनी मान्छे चैं भोलि सडकमा अनि गणतन्त्र जसलाई थाहा थिएन, गणतन्त्र आउँदा जो जन्मेको थिएन, त्यसमा चैं अर्कै मान्छेले शासन चलाउन अगि मैले भनें जसरी मेयरहरूको नाम आइरहेछ, त्यो सत्ता फुटेको दिन मात्र थाहा होला । सत्ता समाप्त भएको दिन मात्र थाहा होला । त्यसकारण मैले सरकारमा रहँदाखेरि अहङ्कार मन्त्रीहरूबाट हटोस् । सधैंभरिलाई होइन यो लालमोहरिया । लालमोहरिया पण्डित भन्ने चलन छ हाम्रो तराईतिर । ऊ एकपल्ट लालमोहरियालाई पण्डित

भनेपछि ऊ सधैँभरिलाई लालमोहरिया हुन्छ । त्यस्तै लालमोहरिया तपाईंहरू होइन, तपाईंहरूमा यो अहङ्कार नरहोस् भनेर आग्रह गर्न चाहन्छु ।

अब पासपोर्टको कुराः जम्मा हामीसँग अहिले साढे ४ लाख, ५ लाख पासपोर्ट बाँकी छ रे । हरेक दिन पासपोर्टको भिड छ । यो पासपोर्ट समयमा छापिँदैन । फ्रान्सदेखि अन्त विदेशमा छाप्नुपर्छ । अहिले यी हाम्रो मुद्रणमा छाप्ने भनेर भने तर छापिएन । अब यो पासपोर्ट नछापिदाखेरि त्यही पासपोर्ट लिन आउने मान्छेले सत्ता उल्टाइदेलान् । सत्तामा बस्ने मान्छेले सम्झिराखुस् । पासपोर्ट लिन आउने मान्छेले पासपोर्ट नपाएर, काठमाडौंमा पासपोर्टको कारणले सत्ता गयो भन्ने दिन पनि आउन सक्छ । त्यसो स्थिति छ तपाईंहरूले । अहिले भनेको छ नि ६२ पेजको पासपोर्ट दिइराख्या छौं हामी यतिमा भनेर, त्यो होइन । अस्ति म छोरीको पासपोर्ट बनाउन गा' थिएँ । अर्को पासपोर्ट नै रहेनछ । सानो पासपोर्ट लिन खोजेको अर्को पासपोर्ट नै रहेनछ । त्यही धमाधाम दिइरा' छ । त्यसकारण यो कुरा एउटा मिडियामा ल्याउने र अर्को कुरा गर्ने खालको जुन व्यवहार छ ।

(१५:४४ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

डाक्टरको दरबन्दी अगि माननीयज्यूले उठाउनुभो' । सबैको दरबन्दी थपिनुपर्ने । माननीयको दरबन्दी थपिनुपर्ने, डाक्टरको दरबन्दी थपिनुनपर्ने । डाक्टरको दरबन्दी आजसम्म थपिएको छैन भन्ने सुन्छौं हामीले । यत्रो रोगहरू आइरा' छन् । यत्रो रोगको उहरू भा' छ । यत्रो कोरोनाको उ भयो, सारा चिज भयो । अहिले पनि हामीहरू डाक्टरको दरबन्दी थप्न तयार छैनौं ।

अनि सेनामा गरिबका छोरा छोरी छन् । अहिले पनि बङ्करमा बस्नुपर्ने गरिबका छोरा छोरीहरू । ब्यारेक नपाउने अहिले पनि । अनि केको लागि हामी बजेट बनाउँदै छौं? केको लागि हामी गरिरहेका छौं? गरिबको गरिबका छोरा छोरीहरूले ब्यारेक देख्न नपाउने? बङ्करमै जिन्दगी बिताउनुपर्ने? यो स्थिति छ नेपालको अहिले पनि । अनि विभेद हुन्छ । मान्छेले हिजो माओवादीले किन हतियार उठायो? यही विभेदको कारणले माओवादीले हतियार उठाको । हिजो याक चुरोटको खोलमा लेखेर इन्स्पेक्टर र असई बनाइन्थ्यो । जाँच दिनुपर्दैं थियो । बहुदल आएपछि पनि । त्यसको परिणाम माओवादीले हतियार उठाउँदाखेरि माओवादीको पक्षलाई युवाहरू हतियार बोकेर हिडे । जनमत तयार गरेर हिड्यो । त्यसकारण आज पनि त्यो गरिबको

छोरा छोरी अहिले पनि बङ्करमै बस्नुपर्ने भयो र ४० वर्षको उमेरमा उँ रिटायर भएर घर जान्छ । उसको बाँकी जीवन के गर्ने? त्यत्रो experienced मान्छेलाई उसलाई कहाँ, के रोजगारी दिने भन्ने कुरो राज्यले कल्पना गरेको छ अहिलेसम्म? केही गर्दैन । पेन्सन दिने भन्यो, सिद्धियो । त्यो शक्तिको प्रयोग कहाँ गर्ने? भनेर हामीले कहिले पनि सोचेनौं । त्यो अनुभवमा हामीले कहिले ..... तर बजेट परम्परा बाटो बनाएर मात्र विकास हुँदैन । बाटो बनाएर मात्र विकास हुँदैन।

म अन्तिममा यो मुलुक बनाउनको लागि मेरो एउटा सुझाव छ । संसारमा १ अर्बभन्दा बढी हिन्दुहरू छन्, संसारमा १ अर्बभन्दा buddhist हरू छन् । र यो कृषिमा अनुदान दिएर केही मान्छेले अनुदान नपाएर नेताका नजिकका मान्छेहरूले अनुदान पाएर कृषिमा पनि उन्नति र प्रगति भ'को देखिरा' छैनौं हामीले । म्यानपावर छैन, काम गर्न कोही तयार छैनन् । गाउँमै बस्छु म । गाउँमै छ मेरो घर । तर हिन्दु र हामीले गौतम बुद्ध छन् हामीसँग । हामीसँग पाथीभरा छन् । हामीसँग मुस्ताङ र उहरू छन् । हामीसँग हेलेसी छन् । यस्ता यस्ता चिजहरूलाई हामीले टुरिजम भनेको अर्काको कपी हुँदैन । टुरिजम भनेको आफ्नै चिज हुन्छ, आफ्नै मौलिकता हुन्छ । त्यसलाई प्राथमिकता दिएर अगाडि बढ्यौं भने यो मुलुक बन्छ, नत्र बन्दैन ।

र अन्त्यमा यो बजेटको समर्थन गर्दै अगि भन्याजस्तै यहाँबाट बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल । समय १७ मिनेट । यसपछि माननीय राधे श्याम पासवान ।

**(१५:४७ बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी चार दिनको लगातार अवरोध र एक दिन त हामी आफैंले सम्माननीय अध्यक्षज्यूले एक दिन पछाडि सार्नुभयो पाँच दिन पछाडि फेरि हामी यो संसद सुचारू गर्न लागिरा'छौं । र आज विनियोजन विधेयकका बाँकी रहेका (**<u>सम्माननीय अध्यक्ष</u>**:- त्यो पनि अवरोधकै विषय हो मेरो होइन है माननीयज्यूहरू ।) .... चार दिन त हामीले नै अवरोध गर्यौं सम्माननीय अध्यक्ष महोदय, त्यसपछाडि अध्यक्ष महोदयले, सल्लाहले नै हो त्यो ठिकै छ ।

मैले यस सन्दर्भमा अलिकति छोटो कुरा गर्न मन लाग्यो । माननीयज्यूहरूले आफ्नो विचार राख्नुभ'को छ । र एक जना माननीयज्यूले यहाँ अलि त्यस विषयमा नेगेटिभ ढङ्गले कुरा गर्नुभा'छ । त्यसले गर्दा मैले एक मिनेट त्यस बारेमा खर्चिनै पर्छ भन्ने लाग्यो । प्रधानमन्त्रीज्यूको जवाफ हामीले यो सदनमा पनि सुन्ने कि भनेर छलफल भा'को थियो र म प्रतिपक्षको हैसियतले प्रमुख प्रतिपक्षलाई के गर्ने भनेर सोध्नु पनि भा'थ्यो । र यसमा हामीले सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिनिधि सभामा नै आत्मालोचनासहितको मन्तव्य यो नेपाली काँग्रेसको साथीले कहिले काहीं भन्नुहुन्छ, कि कम्युनिष्टहरू चाहिँ एउटा शब्द आत्मआलोचना भन्छन्, मिलिहाल्छन् भन्नुहुन्छ, नेपाली काँग्रेसका साथीहरूले प्राय भनेको । तर त्यस्तो मात्र होइन ।

र यसले दुइटा कुराहरू, एउटा राष्ट्रियताप्रति, देशको सार्वभौम सत्ताप्रति, नेकपा एमालेले, प्रमुख प्रतिपक्षले र अरू प्रतिपक्षहरूले जनतालाई सजग गराएका छन् । एउटा विषय यो छ । दोस्रो विषय के छ भने, जनतालाई पनि यो कुराहरू चाहिँ अवगत भएको छ । र अर्को विषय के छ भने प्रधानमन्त्री वा जिम्मेवारीमा बसेका, उच्च ओहदामा बसेका व्यक्तिले सत्य कुरा पनि फुत्त बाहिर चाहिँ निकाल्न हुन्न रहेछ भन्ने कुरा चाहिँ अवगत भ'को छ । किन भने त्यो त प्रष्ट भयो । वाक्याशबाट पनि प्रष्ट भयो । कुरा त सत्य रहेछ । त्यही विषय पनि बाहिर निकाल्न हुने रहेनछ भन्ने कुराको महसुस भएको छ । त्यसकारण चार दिनको अवरोधले यी कुराहरूलाई चाहिँ स्थापित गरेको छ भन्ने मलाई लाग्छ । त्यसैले हामीले समानननीय प्रधानमन्त्रीज्यूले दिनुभएको प्रतिनिधि सभाको आलोचनात्मक मन्तव्यलाई नै बाट नै चित्त बुझाएका छौं । र अनि हामी अब हाम्रो काममा लागौं भनेर आजदेखि हामी छलफलमा लागेका छौं ।

सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम भर्खरै करिब दुई घण्टाअघि लुक्लाबाट काठमाडौं आउँदै गरेको एउटा हेलिकप्टर सोलुखुम्बुको लिखुपिके गाउँपालिकामा दुर्घटनाग्रस्त भएको हामीले सञ्चार माध्यमहरूबाट थाहा पाएका छौं । यो मनाङ एयरको हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा ६ जना यात्रु बोकेको हेलिकप्टर दुर्घटनाग्रस्त हुँदा ५ जनाको लास भेटिएको र ५ जनाको मृत अवस्थामा भेटिएको र एकजना अझै खोजीको क्रममा रहेको, ६ जना यात्रुहरू चाहिँ हताहत भएको हामीले समाचार सुनेका छौं । र यसमा म मेरोतर्फबाट, हाम्रो दलको तर्फबाट मृतकहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । र अविलम्ब यो हेलिकप्टर दुर्घटनाको के कारणले भयो? त्यस बारेमा पत्ता लगाओस् यो सरकारले । र मृतकको परिवारलाई केही राहत क्षतिपूर्ति उपलब्ध गराओस् भनेर माग गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो संसदमा छलफल भयो, धेरै विषयमा छलफल भयो माननीयज्यूहरूले विचार राख्नुभएको छ । तर एउटा विषयमा म अलिकति यसलाई नेगेटिभ ढङ्गले लिन्न, म यसलाई पोजेटिभ ढङ्गले छलफलअगाडि बढाउनुपर्छ भन्ने ठान्छु । र माननीयहरूले यो बजेट आउँछ, परम्परागत ढङ्गले आउँछ, पहिले जे थियो त्यही आउँछ, कमा, फुलिष्टप पनि परिवर्तन हुँदैन, त्यसले गर्दाखेरि छलफल, छलफलको केही औचित्य छैन भनेर धेरै माननीयज्यूहरूले राख्नुभ'को छ । त्यसमा चाहिँ मेरो फरक दृष्टिकोण रहेको छ । र त्यसो भन्दैमा हामीले छलफलै नगर्ने त? भन्दा छलफल गर्ने र यो छलफलले तीनटा कुराहरूलाई चाहिँ स्थापित गर्छ भन्ने लाग्छ मलाई ।

एउटा स्थापित भन्नाले तीनटा कुरालाई त्यसले  देखाउँछ । त्यसलाई स्थापित नभनुँ त्यसले तीनटा कुरा देखाउँछ भन्ने भन्छु म । यो विनियोजनलाई हेर्दाखेरि विनियोजनसम्म आइपुग्दा नीति, कार्यक्रम, प्राथमिकतालगायतका कुराहरू सबै विनियोजनसम्म आइपुग्दाखेरि चाहिँ हाम्रा देशमा मन्त्रीहरूको समग्र देश होइन क्षेत्र, गुट, पार्टीमा सीमित कसरी हुन्छ भन्ने कुरा चाहिँ प्रतिविम्बित गर्छ । यसको यसले प्रतिविम्बित गर्छ यो हामीलाई अध्ययन गर्ने यसले मौका दिन्छ । दोस्रो, माननीयहरू आफैँमा अध्ययन गर्न बाध्य हुनुहुन्छ । माननीयहरूले केही कुरा त राख्नुपर्‍यो । राख्नका लागि अध्ययन गर्नुपर्‍यो । पढ्नुपर्‍यो । त्यसो हुँदाखेरि त्यो पनि एउटा फाइदाकै विषय हो । तेस्रो माननीयहरूको राम्रा विचार भोलिका लागि पनि कसैले Research oriented अध्ययन गर्न चाह्यो भने अध्ययन गर्न सक्छन् । र भोलिका लागि विज्ञहरू र अध्येताहरूले राष्ट्र निर्माणको लागि मार्गनिर्देश गर्ने स्रोत दिन सक्छ । त्यसकारण यो छलफल अपरिहार्य छ । ठिक छ, यो कमा पनि परिवर्तन हुँदैन, फुलिष्टप पनि परिवर्तन हुँदैन । हामी सबैलाई थाहा छ ।

र म यहाँ माननीयज्यूहरूलाई मैले जवाफ दिने कुनै मेरो कुनै मनसाय होइन तर नेकपा एमालेतिर यदि इङ्गित गर्नुभ'को हो भने २०५१ सालदेखि हेर्नुहोस् । ०७४ सालदेखि हेर्नुहोस् । ०७२ सालपछाडिको भूकम्पपछाडिलाई हेर्नुहोस् । त्यसले गरेका कामहरूलाई हेर्नुहोस् । ती छर्लङ्ग छन्, देखिन्छ, मसँग त्यो समय छैन । मैले त्यो भन्न पनि खोजेको होइन । र कोभिड जस्तो घातक रोग देशमा आउँदाखेरि पनि त्यसलाई छिचोलेर कसरी ६ प्रतिशतभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्न सकेको थियो । र कसरी विकास निर्माणका कामहरू, ठुलठुला विकास निर्माणका कामहरू अहिले जुन अहिले सम्पन्न भइसकेका छन् । कयौं राष्ट्रिय गौरवका आयोजनाहरू, तिनिहरूलाई तीव्रता दिएको थियो । कसरी हुलाकी राजमार्गलाई नेपालले आफुले जिम्मा लिएर त्यो काम सम्पन्न गर्न लागेको अवस्था छ । कसरी मदन भण्डारी मार्ग तपाईं सर्र

हिंडिराख्नुभ'को छ । कसरी यो पूर्वपश्चिम लोकमार्ग चार लेनदेखि ६ लेनसम्म विस्तार गर्ने कामको तीव्र ढङ्गले सुरुवात गरेको थियो । कसरी यो मध्य पहाडी लोकमार्ग अहिले हेर्नुहोस्, कति फराकिलो बाटो कसरी तीव्र ढङ्गले अगाडि बढ्या थ्यो । उत्तर दक्षिणका बाटाहरूलगायतका कुराहरू देशले कसरी विकासको फड्को मारिरहेको थियो । होला, आलोचना गर्नुपर्ने विषय होला तर त्यसलाई अध्ययन गर्नुभयो भने तपाईं आफैं थाहा पाउनुहुनेछ कि नेकपा एमालेले सञ्चालन गरेको सरकार र तपाईंहरूले सञ्चालन गरेको सरकारमा कति फरक छ भनेर देख्नुहुनेछ । आज मलाई खुसी लागेको छ । धेरै माननीयहरूले यो जुन बजेटको जुन Trend हो, बजेट विनियोजनको Trend हो, यसको बारेमा विरोध गर्नुभा' छ। सत्तापक्षका माननीयजीहरूले पनि आलोचना गर्नुभा'छ । कयौं माननीयज्यूहरूले त भर्त्सना पनि गर्नुभा'छ । यो Trend लाई विस्तारै, विस्तारै हामी पनि विकसित गर्दै लैजाऊँ, ठिक छ । यसमा म सम्मान गर्न चाहन्छु । माननीयज्युहरू, तर त्यही हो परम्परा छ । अब हामीले यसलाई समर्थन गर्नुपर्छ भनेर लाचारी व्यक्त गर्दै अगाडि नबढौं ।

र हामीले पनि यसको लागि अनौपचारिक छलफल, चर्चा चलाउन सुरू गर्न जरूरी छ । माननीयहरूको खासगरी भन्ने हो भने कानुन निर्माण नै हो । मुख्य काम कानुन निर्माण नै हो । तर विभिन्न क्षेत्रबाट निर्वाचित भएर आउनुभा'को माननीयहरू, हामी पनि फेरि कहीं न कहीं त उत्तरदायी छौं । हामी पनि प्रदेशबाट निर्वाचित भएर आएका हौं । तर पनि राष्ट्रिय सभा भनेको अलि प्रभुत्वहरूको सभा, बौद्धिकहरूको सभा । यो सभाले अलि बढी कानुन निर्माणमा, नीति, निर्माणमा महत्त्व दिए हुन्थ्यो भन्ने आमजनताहरूको माग र'को छ । तर प्रतिनिधि सभामा जो प्रत्यक्ष निर्वाचित भएर आउनुहुन्छ । उहाँहरूको तल क्षेत्रप्रति पनि केही विकासका कामहरूमा उत्तरदायी हुन्छ । किन भने हाम्रो देश भनेको एकदमै पछाडि परेको देश छ । एक पटक एक जना हाम्रो माननीय अर्थमन्त्रीज्यूसँग बजेट माग्न जाँदाखेरि यो फलानो बाटोमा बजेट दिनुपऱ्यो भन्दाखेरि ए देवेन्द्रजी तपाईंले कर्णाली हेर्नुभा'छ? भनेर मलाई भन्नुभो' । कर्णाली पनि हेर्नुहोस् न, तपाईं त एउटा सहज जिल्लाको मान्छे, त्यसो भन्दा मैले के भनेको थिए भने ठिक छ, तपाईंको कुरो ठिक छ । तपाईं जिल्लाको अर्थमन्त्री, जिल्लाको प्रधानमन्त्री पनि हुनुहुन्छ । र त्यस्तो बेलामा केही आशा, अपेक्षा त जनताले गर्छन् नि । तपाईं अमेरिकाको चाहिँ अब ट्रम्प थिए त्यति बेला । ट्रम्पले न्यूयोर्कबाट निर्वाचित भएर आ'का अथवा न्युयोर्कका बासिन्दा, उनले न्युयोर्कमा कुनै बाटो बनाउनुपर्ने, पुल बनाउनुपर्ने हुन्छ र? विकासशील देशहरू विकासको धेरैमाथि चढिसकेका देशहरूलाई त्यो समस्या हुँदैन । र केही न केही चाहिँ मान्छेले आशा, अपेक्षा चाहिँ गर्छन् । तर त्यसलाई सन्तुलित ढङ्गले लान सकेको छ कि छैन भन्ने सन्दर्भमा यहाँ

माननीयजीहरूले कुरा गर्दाखेरि अलि बढी चाहिँ यस पटक प्रश्न उठेको छ । केही न केही हुन्छ । त्यो हाम्रो जस्तो देशमा केही न केही हुन्छ । केही न केही सम्बन्धित जिम्मेवार प्रधानमन्त्री, अर्थमन्त्री भएका ठाउँहरूमा होला । तर त्यो अलि बढी भयो भनेर प्रश्न आएको छ । त्यो अति भयो, बढी मात्रै होइन अति भयो भनेर आ'कले छ । किन भने ५ अर्ब पैसा बढ्दाखेरि चाहिँ आदि चाहिँ तीन जना सम्माननीय, माननीयज्यूहरूकोमा जाने अनि आधि चाहिँ ७४ जिल्लामा जाने यो कुरा उठिसकेको छ । त्यसकारण विकासको मोडेलको बारेमा विकास निर्माणलाई अगाडि बढाउने सन्दर्भमा हामीहरूले यसरी सोंच्दा राम्रो होला भन्ने मलाई लाग्छ ।

अब छोटोमा यो राजस्व बाँडफाँड अथवा यो विनियोजनको बारेमा कुरा गर्दाखेरि मलाई के लाग्यो भने गत वर्ष अथवा यो चालु वर्षको १४ खर्बबाट १२ खर्ब यो विनियोजनलाई चाहिँ संशोधन गरिएछ, संशोधित अनुमान गरिएछ । त्यसमा हिजोसम्मको राजस्वको राजस्व कति उठेछ त भन्दाखेरि ९ खर्ब १ अर्ब भनेको ९ खर्ब मात्रै उठेछ । भनेपछि अब ३ खर्ब राजस्व नउठ्ने कुरा निश्चित भयो । त्यो निश्चित हुँदाखेरि देशमा त्यसलाई के असर पर्छ त? के असर पर्ला त? भन्दाखेरि चालु वा साधारण खर्च, सामाजिक सुरक्षा भत्ता, विभिन्न क्षेत्रमा दिइँदै आएको सुविधा घटाउने कुरा आएन । विभिन्न क्षेत्रमा दिइँदै आएको सुविधा भनेको विद्यार्थीलाई दिइने खाजा खर्चलगायतका विषयहरू छन् । भनेपछि यो त जुन विकास निर्माणका कामहरू भइरहेका छन् । त्यो दायित्व थपिने भो' । पुँजीगत खर्च, विकास निर्माणका, किसानलाई दिइँदै आएको सहुलियत, गरिबलाई दिइँदै आएको बिमालगायतका सुविधा यी कुराहरूमा चाहिँ कटौती कसरी हुने भयो भने बिमाको पैसा त दिन बाँकी नै छ । अर्को वर्षको बजेटले यो त दिनुपर्ला । भनेपछि यसले देशलाई चाहिँ भार थप्दै थप्दै लाने स्थिति भयो ।

र यो बजेट विनियोजनको सम्म आइपुग्दाखेरि, यो Trend लाई हेर्दाखेरि, देशलाई धराशायी बनाउने अवस्था देखा परेको छ । माननीयजीहरूले भने जस्तो यसको सिद्धान्त एकातिर छ, बजेट विनियोजन अर्कातिर छ । पुराना आयोजनामा खर्बौं रकम खर्च भइसकेको छ । तिनीहरूलाई पूरा गरेर मात्र नयाँ आयोजनामा रकम विनियोजन गर्ने भनेकोमा मन्त्रालयगत बजेट विनियोजनसम्म आइपुग्दा वास्तविक रूपमा कनिका छरे जस्तो देखियो । यो सरकारको वास्तविक अनुहार यसबाट देखिन्छ । सबै पुराना र ठुला आयोजनाहरू कुनै पनि पूरा हुन सक्ने अवस्था छैन । र राष्ट्रिय गौरवका आयोजनाहरू त कुनै एउटा पूरा गरेर देखाउनुभयो भने म यहाँहरूप्रति नतमस्तक हुने छु । किन भने यो बजेटको Trend नै त्यस्तो आ'को छ ।

र एउटा, एउटा विषय म यहाँ भन्न चाहन्छु । योअघि पनि प्रश्न उठ्या छ । त्यसको बारेमा भन्दाखेरि चाहिँ यो ७६ अर्ब ७९ करोड ८१ लाख बजेट विविधमा राखिएको भनेर अघि

प्रश्न आइसकेको छ । र यसमा ठुलो प्रश्न छ । यो भनेपछि यो त १ खर्ब नै बराबर भएन र? १ खर्ब बराबर रकम चाहिँ विविधमा अर्थ मन्त्रालयले राख्या छ । यो के को लागि? र प्रतिपक्षलाई यहाँहरूले दोष लगाउनुहुन्छ कहिले कहीं, यस्तो विषयमा यो सदन अवरूद्ध गर्नुपर्ने हुन सक्छ । किन भन्दाखेरि जम्मा ७ प्रतिशत रकम चाहिँ विविधमा राख्ने । सम्पूर्ण बजेटको ७ प्रतिशत रकम विविधमा राख्ने । र यसले वर्षको अन्त्यमा सेटिङ्गमा कमिसनको लागि वितरण गर्ने हो कि? अर्थमन्त्रीको तजविजमा यसलाई के गर्ने, गठबन्धनका नेताहरूलाई मेनेज गर्नलाई हो कि? के को लागि हो? यो बजेटबाट पछि घोटाला गर्ने, यसलाई आफ्नो तजविजमा खर्च गर्ने, यस खालको कुरा भएको हुँदाखेरि सम्माननीय अध्यक्ष महोदय, अन्तिममा म भन्न चाहन्छु । त्यसैले यो गठबन्धन भनेकै बाँडीचुँडी खानको लागि हो भन्ने कुरा यसले पुष्टि गरेको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राधे श्याम पासवान । समय १३ मिनेट ।

(१६:०४ बजे) **<u>माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी बजेट विनियोजनमाथि छलफल गरिरहेका छौँ । आज पहिलादेखि नै हामी बजेट सिद्धान्त र प्राथमिकता, बजेट वक्तव्य, नीति, कार्यक्रम र अहिलेसम्म आउँदा हामी विनियोजनमा छौँ । यो बजेटमा प्रवेश गर्नुभन्दा पहिला अलिकति म थोरै अर्कै विषयमा जान चाहन्छु । किन कि कहिले काहीँ बोल्दा बोल्दै सही कुरा आउँदो रहेछ । अनि हाम्रो देवेन्द्र माननीयज्यू एकदम दलका नेता पनि उहाँ इमान्दार नेता पनि हुनुहुन्छ । त्यसकारण सही निर्णय राखिदनुभयो आज हाउसमा । कि चार दिनसम्म हाउस अवरोध गरेँ, अवरोध गर्दा एक दिन त अध्यक्षज्यूको पनि सहयोग थियो भनेर भन्नुभयो । यो सही पनि हो । र अवरोध किन भो' भने अलिकति मात्रै समय लिन चाहन्छु, जोड्न चाहन्छु । अवरोध किन भयो भने हाम्रो प्रधानमन्त्रीज्यू एउटा पुस्तक विमोचन कार्यक्रममा बोल्दा बोल्दै मलाई सहयोग गर्‍यो भनेर जोड्नुभो' कि एक जना हाम्रा मित्र हुनुहुन्थ्यो जो पुरानो मित्र उहाँले सहयोग गर्नुभो' किन कि उहाँको Relation व्यक्तिगत, पारिवारिक Relation थियो । त्यसकारणले बोल्नुभो' यही विषयमा प्रतिनिधि सभामा पनि अवरोध भयो र हाम्रो राष्ट्रिय सभा त अलि बौद्धिक सभा हो । बौद्धिक वर्गको सभा हो । यसमा यति हङ्गामा त हुन नहुने थियो । तर यहाँ पनि हङ्गामा भयो । तर हुँदा हुँदा यहाँसम्म कुरा आयो कि प्रधानमन्त्रीज्यूलाई त प्रश्न कस्तो खडा भो' भने दुर्लभ प्रधानमन्त्री पो हुँदो रहेछन् । यस्तोसम्म कि संविधान च्यातुभो', प्रश्न हैं । भारत

जाँदा राष्ट्रघाती सम्झौताहरू गर्नुभो', स्वाधीनताको विरूद्धमा, स्वाभिमानको विरूद्धमा, राष्ट्रियताको विरूद्धमा उहाँ धावा बोल्नुभएको छ । यस्ता यस्ता प्रश्नहरू पनि आ'को थियो राष्ट्रिय सभा । त्यसकारणले म सदनमा के भन्न चाहन्छु भने हाम्रो देश युक्रेन युद्ध र रसियाको युद्धबाट ग्रसित भएको थियो, विश्व आक्रान्त भएको थियो । र हाम्रो देश पनि योबाट अछुतो थिएन । अर्थतन्त्र धराशायी अवस्थामा थियो । तर पनि अहिले अर्थतन्त्र सुधार भइरहेको छ । र यही सरकार हो । यही प्रधानमन्त्री हो कि यसलाई सुधारको उन्मुखमा अगाडि बढेको छ । त्यसलाई हामीले के बिर्सिने हो? या यो सरकार धन्यवादको पात्र हो कि होइन?

त्यसकारणले म अर्को कुरा के भन्न चाहन्छु भने संविधानको विषय पनि ल्याउनुभो' । संविधान च्यात्नुभो। ' अध्यक्ष महोदय, हामी सबै जना यो गरिमामय सदनमा हामीलाई पहिलाको कुराहरू पनि याद छँदैछ, ताजा नै छ । दुई/दुई चोटी संविधान, संविधान विघटन भयो । संसद विघटन भयो । संविधानलाई हत्या भयो । तर दुई/दुई चोटी संविधान जुन विषय थिएन त्यहाँ उल्लेखित गरेको, त्यो विषयलाई लिएर संसद विघटन गरियो । यो के हो? संविधान च्यातेको हो कि हैन? यो कसले च्यात्यो त? सम्माननीय पुष्पकमल दाहालले च्यात्यो संविधान? कि अरू प्रधानमन्त्रीले च्यात्नुभो' संसद विघटन गरेर? यो विषयमा पनि हामी गम्भीरताका साथ ध्यान दिनुपर्ने विषय त हो ।

र अर्को कुरा भारत गएपछि, के भारतमा के गलत सम्झौताहरू गऱ्यो त? भारतमा तपाईंको ऊर्जाको क्षेत्रमा, सिँचाइको क्षेत्रमा, हवाइको क्षेत्रमा, कृषिको क्षेत्रमा, व्यापारको क्षेत्रमा र राजनीतिक एउटा सुमधुर जुन बिग्रेको थियो, त्यो एउटा समझदारी बन्यो । त्यो के प्रधानमन्त्रीले गलत गर्नुभो'? गएर । कि हाम्रो देशको लागि त समझदारी दुई देशको मित्रता र अर्को देशसाग पनि मित्रता भन्ने एउटा भावनाको साथमा उहाँहरूले सम्झौता जुन गर्नुभो' । जुन अहिले हाम्रो ऊर्जा मन्त्री त अहिले जानुभो' सायद ऊर्जामा भनेका छन् कि १० हजार मेगावाट हामी भारतलाई बेच्ने र बङ्गलादेशका भारत हुँदै बङ्गलादेश हामी विद्युत् खपत गर्ने भनेर जुन एउटा प्रतिबद्धता वा दुई प्रधानमन्त्रीको बिचमा भयो । एउटा समझदारी भयो । त्यो के हाम्रो देशलाई अर्थतन्त्रलाई सुधारमुखी लाने हैन त? त्यसकारणले अध्यक्ष महोदय, म आग्रह गर्न चाहन्छु । कि सहीमा, सही कुरामा हामी सत्तापक्षका माननीयहरू पनि तपाईंको साथमा छु । विपक्षी माननीयज्यूहरूको साथमा छु । र हामीले धेरे माननीयज्यूहरूले भन्नुभो' र बोल्नु पनि भयो । कि मन्त्रीहरूले जुन क्रियाकलाप छन् । जुन तपाईंको आफ्नो मन्त्रालयको विषय वस्तुहरूमा यहाँ कुराहरू राख्नुभो' नि । त्यो तपाईंहरूभन्दा सत्तापक्षका माननीयज्युहरूले राख्नुभो' तर जुन विषय बोल्न नहुने विषयहरू तपाईंहरूले राख्नुहुन्छ, कतै न कतै हामीलाई पनि चित्त

दुखेको हुन्छ । त्यसकारणले आगामी दिनमा यस्ता विषयहरू नदोहोरियोस् भनेर म विपक्षी माननीयज्यूहरूसँग आग्रह पनि गर्न चाहन्छु ।

अध्यक्ष महोदय, बजेटको विषयमा सर्वप्रथम बजेट त १९३३ मा बेलायतबाट नै सुरूवात भएको हो । र बेलायतबाट यो सुरूवात हुँदाखेरि बेलायतका अर्थमन्त्री रोबर्ट वालपोलले संसदमा प्रस्तुत गर्नुभा'को थियो । र त्यहीबाट अर्थको सुरूवात भा'को हो मलाई जहाँसम्म लाग्छ । र अर्थको शब्द तपाईंको हाम्रो बजेटको शब्द ल्याटिन भाषामा बेग र फ्रेन्च भाषामा बगेट शब्दबाट आएको हो । र यो दुवै शब्द मिलाएर झोलाको सानो एउटा थैलीलाई बुझिन्छ । जसलाई कि बजेट भन्छन् । र बजेट आमजनताको चाहना र सरकारको नीति संयोजन गर्न एउटा बजेटको विषय हो । र नेपाली समाजमा, हाम्रो समाजमा बजेट भन्दाखेरि जनताको करबाट र जनताको रगत र खुन, पसीनाबाट आएको, उसबाट हामी जनता बजेट बनाउने र अरू नपुग रकमहरू अनुदानबाट र हामी आन्तरिक ऋणबाट पनि बजेट बनाउँछौं ।

अध्यक्ष महोदय, हामीले, हाम्रो भौगोलिक रूपमा, भौगोलिक अवस्थामा हामी आर्थिक रूपमा, सामाजिक रूपमा, सांस्कृतिक रूपमा र शैक्षिक रूपमा पछि परेका र पछि पारिएका समुदायलाई हामी कसरी अगाडी बढाउने हो त? यो विषयमा ध्यान दिनुपर्छ । र यसको लागि बजेट बनाउन आवश्यक छन् । तर कहिले काहीं हामी बजेट बनाउँदाखेरि हामी धनीको लागि मात्रै बजेट आवश्यकताअनुसार बनाउँछौं । गरिबको लागि होइन । आवश्यकता कहाँ छ । हामीले संविधानमा समाजवादको विश्लेषण गर्छौं । समतामुलक समाज निर्माणको विश्लेषण गर्छौं । तर यो कसरी हुने हो त, अध्यक्ष महोदय? समाजवाद उन्मुख कसरी हुने हो त? हामीले सामाजिक समानता, आर्थिक समानता, शिक्षित समानता, धार्मिक समानता जबसम्म हामी बजेटहरू विनियोजन गर्दैनौं । जबसम्म पछि परेका समुदायहरूलाई अगाडि ल्याउनको लागि बजेट दिँदैनौं । तबसम्म हाम्रो देश समतामुलक समाज ..... अगाडि जान सक्दैन र समाजवादको जुन लक्ष्य राखेका छौं, त्यसमा जानै सक्दैनौं । किन कि हाम्रो धरातल यस्ता छन् । कि ठुलो खाडल छन् । एउटा समाज उच, नीचको पनि बना'को छ । अहिले, हामी अहिलेको अवस्था हेर्यौं भने विभिन्न ठाउँहरूमा जुन माननीयज्यूहरू बोल्नुभो' विभिन्न ठाउँहरूको घटनाहरू घट्यो । यो किन घटनाहरू घटिरहेका छन्? सबभन्दा बढी त घटनाहरू दलितहरूमाथि नै घटिरहेका छन् । जुन जुम्लाका घटना हामीले, जुम्लाको घटना हामीले अस्ति पत्रपत्रिकामा आयो । अन्तरजातीय विवाह गर्दाखेरि त्यहाँ घरैमाथि आगजनी गर्‍यो । संजोगवश अध्यक्ष महोदय, गृह मन्त्रीज्यू पनि यही हुनुहुन्छ, म गृह मन्त्रीज्यूलाई आग्रह पनि गर्दछु । कि हामीले उहाँलाई आगजनी भएकालाई हामी बजेट दिने कि नदिने? सुविधा उहाँलाई प्रदान गर्ने

कि नगर्ने? त्यो घरको व्यवस्थापन गर्ने कि नगर्ने? कि दलितलाई हामी घरबास उठाउने हो? यही व्यवस्था, हामी यही व्यवस्थाको लागि, हामी लोकतन्त्र, गणतान्त्रिक व्यवस्थाको स्थापना गरेका छौं? र अर्को तपाईंको न्यायलयले पनि हामीसँग, न्यायलयले पनि हामीलाई न्याय दिन सकेन । एउटा अन्तरजातीय विवाहमा तपाईंको विवाह भ'को भनेर प्रमाणपत्र दिन्छ । र अर्को न्यायलयले उहाँलाई जेल हाल्दिन्छ । यो कसरी हो त? यो कुन व्यवस्था हामीले अपनाएका छौं? त्यसकारणले यो विषयमाहरूमा पनि सरकार, राष्ट्र प्रमुख र मन्त्रीज्यूहरू गम्भीरताका साथ ध्यान दिनुपर्ने कुराहरू हुन्छन् ।

अब म अलिकति शिक्षातर्फ गए अध्यक्ष महोदय, शिक्षामा हामी मौलिक हकमा निःशुल्क व्यवस्था गरेका छौं । कि सबैलाई हामी निःशुल्क शिक्षा आर्जन गर्ने हो । तर के शिक्षा हामी निःशुल्क गरिरहेका छौं त? शिक्षामा हामी दोहोरो प्रणाली अवलम्बन गरेका छौं । एउटा हामी सार्वजनिक शिक्षाको अवलम्बन गरेका छौं व्यवस्था । अर्को हामी निजी शिक्षा अवलम्बन गरेका छौं । अनि हामीले कसरी शिक्षा निःशुल्क गर्ने त अध्यक्ष महोदय? म आफुमा घटेको घटना भन्न चाहन्छु, अरूको होइन यहाँ धेरै माननीयज्यूहरूले भन्नुहुन्छ कि विदेश विद्यार्थीहरू विदेश गयो, विद्यार्थीहरू विदेश गयो, युवाहरू विदेश गयो । यो अनुसन्धानबाट बोल्नुहुन्छ कि अध्ययन गरेर बोल्नुहुन्छ? कसरी बोल्नुहुन्छ? मलाई नै अचम्म लागेको छ यो विषयहरूमा । हामीले NOC को लेटर दिँदाखेरि एकदम सुलभमा दिनुपर्छ, अध्यक्ष महोदय । शिक्षा मन्त्रीज्यू हुनुहुन्न । म भन्छु, श्रम मन्त्री हुनुहुन्छ । श्रम मन्त्रालयबाट युवाहरू कसरी तालिम प्राप्त गर्ने हो? यो तपाईंको दायित्व हो । त्यसमा बजेट दिनुहोस् । र यो युवाहरूलाई विदेश पठाउन, कमाउनको लागि, राम्रो कामको लागि तपाईंले तालिम दिनुहोस्, गाउँपालिकाहरूमा, स्थानीय तहरूमा । तालिमसहित दिएर विदेश पठाउनु त्यसले, आज देश धाएको छ । हुन त हामी यहाँ ठुलो ठुलो कुरा गर्छौं । यो ठुलो ठुलो कुरा गर्न सक्दैन । र हाम्रो पैसा पनि पुग्दैन । त्यसकारणले हामीले भन्यौ कि शिक्षामा पैसा बाहिर ग'को छ । हो बाहिर ग'को छ । म आफ्नो छोरीलाई डक्टर पढाउनको लागि, यहाँ तपाईंको आइएसी पास गऱ्यो । तपाईंको डाक्टरीमा नाम लेखाउनको लागि ६ महिना यहाँ कोर्ष तयार गऱ्यो । तर तपाईंको कोर्ष तयार गरेपछि डक्टरीमा लाइसेन्सको लागि पास भो' पढ्नको लागि, तर निकाल्यो कति? हाम्रो शिक्षा आयोगले १० हजार । १० हजारमा लियो कति? ४८ सय Vacancy लियो त्यसमा पढ्नको लागि अरू विद्यार्थी के गर्ने? कहाँ जाने हो त? यसको लागि हामी सोंच्ने कि नसोंच्ने? त्यो विद्यार्थी विदेश नगइकन हाम्रो देशमा पढ्छ त? हामीले मलाई पनि लागेको थियो कि पहिला पहिला कि हाम्रो गोविन्द के.सी.जी राम्रो काम गर्नुभएछ आन्दोलन गरेर । तर अब लाग्छ मलाई फिल

भइरा'छ । उहाँले गरेको काम सन्तुष्टजनक मलाई लागेन । किन भने सरकारी अस्पतालमा यदि हामीले पढाउन चाहन्छौं भने सातै प्रदेशमा, सातै प्रदेशमा डक्टरी पढ्नको लागि क्याम्पस हुनुपर्छ सरकारी अस्पतालमा तर प्राइभेटमा जहाँ चाहन्छ त्यहाँ हामीले दिनुपर्छ स्वीकृति र विदेशबाट पनि हामीले आउने व्यवस्था गर्नुपर्छ । हाम्रा विधायन समितिका माननीयज्यूहरू हामी एउटा अनुगमनमा गए, कानुन अनुगमनमा भक्तपुर गए । भक्तपुर जाँदाखेरि त्यहाँ हामीले सबै systematic ढङ्गले उहाँको भौतिक संरचनाहरू छ । तर तपाईंको डाक्टर पढ्नको लागि त्यहाँ लाइसेन्स दिएको छैन । खोपा विश्वविद्यालय उहाँले स्थापना गर्नुभा'को छ । र उहाँले एउटा के प्रतिबद्धता गर्नुभो' भने हामीलाई लाइसेन्स दियो भने हामी १५ लाखमा पढाउँछौं । यदि १५ लाखमा पढायो भने के हामीले लाइसेन्स दिने कि नदिने? हामीले, सरकारले एउटा criteria बनाउने हो । ..... पहिला अनुमानित पैसा ५० लाख/६० लाख उठाउथ्यो । तर सरकारले एउटा नीति बनायो ४२ लाख लिनको लागि तर हामीले सिट कम गर्दा थियो । सिटमा बढी दिनुपर्थ्यो नि हामीले स्वीकृति अनि न विद्यार्थीहरू पढ्छ । र आफ्नै देशमा हामीले कति विद्यार्थी हाम्रो क्षमता छ पढ्न? त्यसका लागि त हामीले पढ्ने व्यवस्था बनाउनुपर्‍यो नि? यदि पढ्ने व्यवस्था छैन भने उहाँहरू विदेश जाने अनि त्यसको लागि अनि NOC ले लेटर नदियोस् । यो पनि तरिका हो हाम्रो जस्तो मान्छेले यसरी बोल्न सुहाउँछ यो विषयमा? कि छिटो, छरितो, टाइमअनुसार र छिटो उहाँले त्यो आधार दिएर विदेश पढ्न जाओस् भनेर हामीले व्यवस्था मिलाउने हो । (अध्यक्षज्यूको बत्ती बलिसक्यो ।) र यति भन्दै अब बजेटमा धेरै कुराहरू उठेको प्रश्नहरू किन कि हामीहरू पनि माननीयज्यूहरू, मन्त्रीज्यूहरू यहीँ हुनुहुन्छ । धेरै धायो म पहिला पनि ..... (समय सकिएको) ।

(१६:१७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको आगामी बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ सम्बन्धित माननीय मन्त्रीहरूले दिनुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका पूर्वसदस्य लालकाजी गुरुङको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्दछुः-

राष्ट्रिय सभाका पूर्वसदस्य लालकाजी गुरुङको मिति २०८० साल असार २३ गते शनिवार ८३ वर्षको उमेरमा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्वर्गीय गुरूङ विक्रम सम्वत् २०४८ सालमा नेपाली काँग्रेसबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय लालकाजी गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको) ।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाका पूर्वसदस्य लालकाजी गुरुङको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २७ गते बुधवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार २७ गते बुधवार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:२१ बजे ।**